
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौ १२ गते बुधबार ❑ 28 Aug 2024 ❑ पृष्ठ ४ + ६ ❑ मूल्य रू. ५।-


## संसद्देखि सडकसम्मबाट खबरदारी गर्छौं: अध्यक्ष प्रचण्ड

**रासस**
काठमाडौं, ११ भदौं

प्रतिनिधिसभाको मंगलबारको बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारको गठन प्रक्रिया र कामकारबाहीप्रति विरोध जनाउनुभएको छ।

वर्तमान सरकार राजनीतिक बलमिच्याइबाट बनेको आरोप लगाउँदै उहाँले यसअघि विभिन्न आपराधिक काण्डमा मुछिएकालाई जोगाउन र गल्ती कमजोरीलाई ढाकछोप गर्न लागिपरेको भनी सरकारप्रति आक्रोश व्यक्त गर्नुभयो।

आफू कसैलाई नैतिकता सम्झाउने पक्षमा नरहेको भन्दै प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेता दाहालले भ्रष्ट, बिचौलिया र माफियाको पक्षपोषणमा उद्यत भइरहे सरकारको प्रतिष्ठा आफैँ समाप्त हुने धारणा व्यक्त गर्नुभयो। उहाँले सरकार सुशासनसँग तर्सिएर, सुशासनको



बेगलाई रोक्न तथा आफू र आफ्नालाई जोगाउन बनेको भनी आरोप लगाउनुभयो। "आफ्नो नेतृत्वको यसअघिको सरकारले भुटानी शरणार्थी, बाँसबारी र बालमन्दिर जग्गा प्रकरणलगायत थुप्रै काण्डको सफल छानबिन गरिरहेको अवस्थामा अकस्मात नयाँ सरकार गठन भएको प्रसङ्ग उल्लेख गर्दै पूर्वप्रधानमन्त्री दाहालले विभिन्न अनियमित घटनाक्रमसहित भ्रष्टाचार काण्डको छानबिन गरिरहेका प्रहरी अधिकृतमाथि नै छानबिन सुरु गरी सुशासनको रटान लगाउनु हाँस्यास्पद हुने धारणा व्यक्त गर्नुभयो। अध्यक्ष दाहालले सरकारसँग इमान नभएको आरोप लगाउँदै भन्नुभयो, "यो किन र कसरी बनेको कसको सरकार हो भन्ने कुरा छर्लङ्ग हुँदैछ, जनता र प्रतिपक्षको सामना गर्न इमान चाहिन्छ, यो सरकारसँग त्यो इमान र नैतिक धरातल छैन।"

उहाँले वर्तमान सरकारको नियत र गन्तव्यको सुक्ष्म अवलोकनपछि आफू यस किसिमको निष्कर्षमा पुगेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यो सरकार सङ्ख्याको उन्माद र शक्तिको दुरुपयोगतिर अग्रसर छ, प्रमुख प्रतिपक्षी दलका नेताका हैसियतले रचनात्मक खबरदारी नगरे धेरै क्षति हुने देखिएकाले मुलुक र जनताका पक्षमा यसरी बोल्न बाध्य भएको छु।"

"अहिले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का साथीहरू आफूमात्र मिल्नुभएको छैन, आफैँले सिध्याउने भनेका जातीय-क्षेत्रीय प्रकृतिका साना दललाई पनि कतै फकाएर, कतै तर्साएर सत्तापक्षको कित्तामा उभ्याउनुभएको छ", अध्यक्ष दाहालले भन्नुभयो, "सङ्ख्यात्मक रूपमा प्रतिपक्षीय बेञ्च सानो भएको बेला सङ्ख्याको बलमा सरकारले जे गरे पनि हुन्छ र गर्न सक्छ भन्ने सत्तापक्षका साथीहरूलाई लागेको हामीले देख्यौँ।" प्रमुख प्रतिपक्ष दलका हैसियतले जनतालाई साथमा लिएर अब संसद्देखि सडकसम्मको मोर्चा प्रयोग गरी सत्तापक्षलाई खबरदारी र नियन्त्रण गर्न आफ्नो दल सक्रिय रहने उहाँले स्पष्ट गर्नुभयो।

## व्यावसायिक जीवन रक्षा कर्जामा गण्डकी प्रदेशको ३२ करोड सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

व्यावसायिक जीवन रक्षा कर्जामा गण्डकी प्रदेश सरकारले ३२ करोड ४१ लाख ५४ हजार ४ सय ५१ रुपैया व्याज सोधभर्ना गरेको छ।

गण्डकी प्रदेश सरकारले कोरोनाबाट प्रभावित भएका उद्योगी व्यवसायीहरुको उत्थानको लागि ल्याएको व्यवसायिक जीवन रक्षा कोष (निर्ब्याजी कर्जा प्रवाह) कार्यक्रम २०७७/०७८ बाट गत चैत मसान्तरसम्ममा व्याज शोभभर्ना उक्त रकम भुक्तानी गरेको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले जनाएको छ।

गण्डकी प्रदेशमा संचालन भएको व्यावसायिक जीवन रक्षा कर्जामा १ अर्ब ८१ करोड ३० लाख कर्जा प्रवाह भएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक विना ढकाल पौडेलले बताउनुभयो। २०७७/०७८ मा १४ लाख ६१ हजार १ सय ३३ रुपैया व्याज शोधभर्ना रकम भुक्तानी भएको थियो। त्यसै गरी २०७८/०७९ मा सबैभन्दा बढी व्याज शोधभर्ना रकम भुक्तानी भएको थियो। २०७८/०७९ मा १३ करोड ८० लाख ८७ हजार ५ सय २८ रुपैया सोधभर्ना प्रदेश सरकारबाट भुक्तानी भएको थियो। त्यस्तै २०७९/८० मा १३ करोड ६८ लाख ६१ हजार ३ सय ९१ रुपैया, २०८०/८१ को पहिलो त्रैमासिकमा २ करोड ८ लाख ३०९ हजार १ सय २३, दोश्रो त्रैमासिकमा १ करोड ५८ लाख ८१ हजार ८ सय ५०, तेस्रो त्रमासिकमा १ करोड १ लाख ३२ हजार ४ सय २३ रुपैया प्रदेश सरकारले सोधभर्ना दिएको छ। प्रदेशका १ हजार ६ सय ३८ वटा व्यवसायी (ऋणी) मध्य हालसम्म २ सय ५१ वटा व्यवसायीहरुले कर्जा चुक्ता गरेकाप्रदेशका १ हजार ३ सय ८६ व्यवसायीबाट ३१ करोड ८८ लाख बक्यौता रकम उठ्न बाँकी रहेको निर्देशक पौडेलले जनाउनु भयो। ४ बर्गमा वितरण गरिएको उक्त कर्जा मध्य सबैभन्दा बढी अंश (४४.०३ प्रतिशत) साना पर्यटन व्यवसाय र सबै भन्दा कम कर्जा (५.१५ प्रतिशत) साना यातायात व्यवसाय क्षेत्र तर्फ रहेको थियो। गत चैत्र मसान्तरसम्म १ अर्व ४९ करोड बराबरको साँवा रकम चुक्ता भएको कार्यालयले जनाएको छ। प्रवाह भएको कुल कर्जा लगानी रकमका आधारमा कास्की जिल्लामा सबैभन्दा बढी अर्थात ४४.५० प्रतिशत र तनहुँ जिल्लामा १०.७० प्रतिशत लगानी रहेको छ भने अन्य जिल्लाहरुमा १० प्रतिशत भन्दा कम लगानी रहेको राष्ट्र बैंकले जनाएको छ।

कर्जा योजना शुरु भएदेखि आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिकसम्ममा बैंक तथा वित्तीय संस्थाहरुलाई ३२ करोड ४१ लाख ५४ हजार ४ सय ५१ रुपैया व्याज सोधभर्ना प्रदान गरिएको निर्देशक पौडेलले उल्लेख गर्नु भयो। उक्त कोषबाट ३ देखि ५ बर्षको लागि ५० हजारदेखि १५ लाखसम्म निर्ब्याजी कर्जा प्रवाह भएको थियो। उक्त परियोजना १५ वटा बाणिज्य बैंक तथा ४ वटा बिकास बैंकले कार्यान्यन गरेका हुन्। उक्त परियोजना अर्न्तगत कर्जा भुक्तानीको अन्तिम मिति भने चालु आर्थिक बर्षको मंसिरसम्म रहेको राष्ट्र बैंकका ध्रुव पोखरेलले जनाउनुभयो।

## विदेशी पर्यटक मृत भेटिए

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

कास्कीको अन्नपूर्ण गाउँपालिका-९ तिखेढुङ्गाबाट आइतबार हराएका दुई स्पेनिस नागरिकमध्ये मंगलबार एकजनाको शव फेलापरेको छ।

अन्नपूर्णको उल्लेरी हुँदै घोरेपानी जाने क्रममा पर्यटकद्वय ३७ वर्षीय इरिक कासानोभास र ३२ वर्षीया मोलास जुन्का मेसी बेपत्ता भएका थिए।

खोजीका क्रममा इरिकको शव उनीहरूको झोला भेटिएको स्थान मौजाखोलाभन्दा अन्दाजी एक किमी तल भुरुङ्दी खोलाको बीचमा ढुङ्गामा अड्किएको अवस्थामा फेलापरेको अन्नपूर्ण गाउँपालिकाका प्रवक्ता भरतमान गुरुङले जानकारी दिनुभयो। महिलाको अवस्था भने झै पत्ता लाग्न नसकेको उहाँले बताउनुभयो। सशस्त्र प्रहरीको खोताखोरसहितको टोली, नेपाल प्रहरी, जनप्रतिनिधि, पर्यटन व्यवसायी तथा स्थानीयवासीले विहानदेखि नै खोजी गरेका थिए। गत भदौ ९ गते बिहान अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को बिरेठाँटी चेकपोष्टमा घोरेपानी जाने भनेर पर्यटकले विवरण दर्ता गरेका थिए। सोही दिन साँझ बाटोमा दुईवटा झोला बेवारिस अवस्थामा भेटिएपछि पर्यटक हराएको आशङ्कामा खोजी सुरु गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। प्रहरीका अनुसार फेलापरेका झोला बिरेठाँटी प्रहरी चौकीमा ल्याएर खोलेर हेर्दा पर्यटकको भएको पुष्टि भएको थियो। पदयात्रामार्गमा पर्ने भुरुङ्दी खोला नजिकको झरनामा तस्बिर लिने क्रममा पर्यटक खोलामा खसेको अनुमानका आधारमा सोमबार झरनाको आसपास र नदी किनारमा खोजी गरे पनि फेला पर्न सकेको थिएन। खोजीका क्रममा झरना नजिक आल्मुनियमका दुईवटा स्टिक (लौरी) भेटिएको थियो।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना विरेठाँटी चेकपोष्टका इन्चार्ज यामबहादुर गुरुङले बेपत्ता महिला खोजीलाई बुधबार पनि निरन्तरता दिइने बताउनुभयो। पर्यटकको हराएको सूचना सम्बन्धित देशको राजदूतावासमा जानकारी गराइएको उहाँले बताउनुभयो।

## बामपंथी नेता टेकनाथको आज स्मृति सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

बामपंथी नेता टेकनाथ बरालको प्रथम स्मृति आज मनाइदै छ।

पोखरा -७ नुवारथोक स्थित पोखरा इभेन्ट सेन्टरमा दिउँसो १२ बजे स्मृति समारोह आयोजना गरिएको छ। स्मृति सभामा बामपंथी नेता टेकनाथका कार्य र कृतिका सम्बन्धमा अध्ययन गर्न "टेकनाथ स्मृति अध्ययन केन्द्र र टेकनाथ स्मृति सम्मानबारे घोषणा गरिने भएको छ। यसका लागि परिवारजनले अक्षय कोष स्थापना गर्ने छोरा विद्या विमल बरालले जानकारी दिए।

टेकनाथका विभिन्न क्षेत्रमा खेलेको भुमिका र अनुभूतिबारे पोखरापत्रले स्मृति बिशेषांक प्रकाशन गरेको छ।

## विश्व शान्तिको कामनासहित महाआरती

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

पोखरा महानगरपालिका-३२ लामेआहालस्थित राधाकृष्ण मन्दिर शान्ति आश्रममा विश्वशान्तिको कामनासहित गर्दै भदौ १३ गतेदेखि महाआरती गरिने भएको छ।

राधाकृष्ण मन्दिर शान्ति आश्रम, राधाकृष्ण गुरुकुल संस्कृत विद्यालय, राधाकृष्ण वृद्धाश्रम तथा राधाकृष्ण सांस्कृतिक समूहको तत्वाबधानमा महाआरती सञ्चालन गर्न लागिएको महाआरतीका संयोजक प्रकाश उपाध्याय रेग्मीले जानकारी दिनुभयो। "महाआरतीका माध्यमबाट विश्वशान्तिको कामनासहित हाम्रा प्राचीन संस्कार र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यसमेत राखिएको छ", उहाँले भन्नुभयो, "यस महाआरतीको शुभारम्भसँगै यसपछि प्रत्येक एकादशीमा



यसलाई निरन्तरता दिइने योजना छ।" उहाँका अनुसार महाआरतीअन्तर्गत तीन आरती गरिने छन्। यहाँ गरिने महाआरतीको सम्पूर्ण व्यवस्थापन जिम्मा लिन चाहनेले रु १२ हजार सहयोग रकम बुझाएर कर्ता बन्नसक्ने उहाँले बताउनुभयो। महाआरती प्रत्येक एकादशीका दिन अपराह्न ५:३० बजे हुने जनाइएको छ। आध्यात्मिक जागरणसहित निम्बार्क सम्प्रदायको विस्तार गर्ने लक्ष्यका साथ २०२२ सालमा स्थापना भएको यहाँको राधाकृष्ण मन्दिर शान्ति आश्रम धार्मिक रूपमा मात्र नभइ सामाजिक रूपमा पनि उत्तिकै क्रयाशील रहेको मन्दिर व्यवस्थापन समितिका सचिव घनश्याम खनालले जानकारी दिनुभयो। मन्दिर स्थापना भएपछि यही परिसरमा २०६९ मा राधाकृष्ण वृद्धाश्रम स्थापना भएको थियो। वृद्धाश्रममा हाल विभिन्न जिल्लाका ४५ ज्येष्ठ नागरिक बस्दै आउनुभएको छ।

मन्दिरकै सक्रियतामा राधाकृष्ण गुरुकुल संस्कृत विद्यालय २०७० सालमा स्वीकृति प्राप्त गरी २०७१ सालबाट सञ्चालनमा आएको छ। विद्यालयमा हाल कक्षा ६ देखि १० सम्म २८ जना विद्यार्थी आवासीय रूपमा अध्ययन गरिरहेका छन्। मन्दिरलाई आध्यात्मिक जागरणको केन्द्रसँगै धार्मिक पर्यटनको पनि महत्वपूर्ण गन्तव्य बनाउने सोच राखिएको उल्लेख गर्दै खनालले महाआरतीले यहाँको प्रवर्द्धन र विकासमा पनि महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको बताउनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको समीक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ कास्कीको नीतिहरू र कार्यक्रमहरूको कार्यान्वयनका लागि समन्वय बैठक र समीक्षा बैठक मंगलबार सम्पन्न भएको छ।



बैठकले चालू आर्थिक वर्ष २०८१-८२ को वार्षिक स्वीकृत कार्यक्रम सार्वजनिक गरेको छ। कार्यक्रम कार्यान्वयन एकाइ कास्की जिल्ला अध्यक्ष तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले परियोजनाका स्वीकृत कार्यक्रमहरू उत्पादनमुखी परिणाम निकाल्ने तवरबाट प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गर्नुभयो। पौडेलले परम्परागत तरिकाबाट भन्दा प्रभावकारी कार्यान्वयनका लागि नयाँ र वैज्ञानिक शैली अपनाउनु पर्ने भन्दै परियोजनाको मर्म अनुसार थप व्यावसायिकरण प्रबर्द्धन र आत्मनिर्भर कृषिको सबलीकरणमा जोड दिन आग्रह गर्नुभयो। पौडेलले कार्यक्रमलाई वास्तविक श्रमजिवी कृषकको पहुँचमा पुग्ने गरी निर्धारण गर्न पनि आग्रह गर्नुभयो। समृद्धिको मुख्य आधार रूपान्तरित र परिष्कृत कृषि सम्बद्ध परियोजना र कार्यक्रम भएकाले त्यसलाई उच्च प्राथमिकतामा राख्नुको विकल्प नभएको पौडेलको भनाइ थियो। श्रम र पसिना देशमै लगानी गर्ने वातावरणका लागि हरेक पालिका र सरोकारवाला निकायले व्यावसायिक कृषिमा जोड दिन आग्रह गर्नुभयो। बिषादीको प्रयोगका कारण किसानहरू रोगहरूबाट ग्रसित हुनुपरेको तथ्याङ्क आइरहेको सन्दर्भमा बिषादीविहीन प्राङ्गारिक कृषि प्रविधिमा जोड दिनुपर्ने पौडेलले उल्लेख गर्नुभयो।

रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले नवप्रवर्तनकारी असल अभ्यासका कार्यक्रमहरूमा जोड दिन आग्रह गर्दै उत्पादनसँगै बजारीकरणका कार्यक्रमलाई पनि केन्द्रित गरेर व्यवस्थित बनाउन आग्रह गर्नुभयो। कार्यक्रममा मादी गाउँपालिकाका प्रवक्ता भोज बहादुर गुरुङ, कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल, डिभिजन बन कार्यालयका प्रमुख कोमलनाथ काफ्ले, पोखरा महानगरपालिका आर्थिक महाशाखा प्रमुख मनहर कडरिया, पोखरा उद्योग वाणिज्य संघका सदस्य लिलाधर चापाइ, पर्यटन तथा उद्योग कार्यालयका महराज ढकाल, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञान केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डे, कृषि ज्ञान केन्द्र कास्कीका बागवानी विकास अधिकृत मन्जु अधिकारी, अलैंची जोन संचालन समन्वय समिति कास्कीका संयोजक इन्द्र बहादुर गौचन, तरकारी सुपर जोन संचालन समन्वय समिति कास्कीका संयोजक कृष्ण प्रसाद तिवारी, परियोजनाका निमित्त कार्यालय प्रमुख कृषि विकास अधिकृत निशा कडेल, परियोजनाका सामाजिक विकास विज्ञ गोविन्द श्रेष्ठले गत आर्थिक वर्षको कार्यक्रमको समिक्षा र चालू वर्षको कार्यक्रम सम्बन्धमा आफ्ना धारणा राख्नुभएको थियो। कार्यक्रम कार्यान्वयन एकाइ कास्की जिल्ला अध्यक्ष तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो।

# कास्कीकोटमा दहीको होली

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं



श्रीकृष्ण जन्माअष्ठमीको अवसरमा मंगलबार पोखरा २४ कास्कीकोटमा दहीको होली खेलिएको छ।

भगवान श्रीकृष्णको जन्म भएको भोलिपल्ट परापूर्वकाल देखि कास्कीकोटमा दहि जात्रा हुँदै आएको छ। गुप्तकाली काश्यप धार्मीक क्षेत्रविकास समितीको आयोजनामा दहिको होलीमा हजारौं मानिसहरुको सहभागिता रहेको थियो। सांस्कृत रुपमा मनाउदै आएको यो जात्रा संरक्षणमा स्थानीयले विशेष चासो देखाएका छन्। दहिको होली खेल्ने परम्परा अन्य स्थानमा नरहेको भन्दै यो दहिको होली कास्कीकोटमा मात्र रहेको धार्मीक क्षेत्रविकास समितीका सचिव तथा कार्यक्रम संयोजक ठाकुर प्रसाद त्रिपाठीले दावी गरे। यस पटक विभिन्न सांस्कृतिक झाँकी बाजा गाजा सहित जात्रा निकालिएको थियो। अन्य ठाउँमा श्रीकृष्णको जन्म हुनु भन्दा पहिलेदनै नाचगान तथा जात्राहरु निकाल्ने गरिन्छ तर, कास्कीकोटमा मात्र श्रीकृष्ण जन्मे पछि मात्र भोलि पल्ट दहिको होली खेलेर पर्व मानाउने गरिएको त्रिपाठीले बताए। विगत १२ वर्ष देखि दहि जात्रालाई स्थानीहरुले दहिको होली एक आपसमा छेपेर मनाउने गरेका छन्। मन्दीरका व्यवस्थापक अमाली खिम बहादुर कार्कीका अनुसार जात्रामा अन्य साँस्कृतिक कार्यक्रमहरु समेत प्रस्तुत गरिएको थियो।

दहिजात्रा विगत देखि सम्पदा संरक्षण मञ्च कास्कीकोट ,नेपाल वृन्दावनधाम र स्थानीयले संचालन गर्दै आएका छन्। आगामी वर्षहरुमा कास्कीकाटको उच्च भागमा रहेको औलधाममा गएर जात्रा समापन हुने भएको नेपाल वृन्दावन धाम कास्कीका अध्क्षय ओम प्रसाद सुवेदीले जानकारी दिए। दहि जात्रामा भजन चुट्का तथा विभिन्न झाँकी बाजागाजा सहित जात्रा गरिएको थियो।

# लामाचौरमा राष्ट्रिय पुरुष तथा महिला भलिबलको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

हरितालिका तीजका अवसरमा पोखराको लामाचौरमा तीज महोत्सव तथा राष्ट्रिय पुरुष तथा महिला भलिबल प्रतियोगिता हुने भएको छ।




नवआदर्श सामुदायिक विकास समाज (नाकोड्स) को आयोजनामा हुने कार्यक्रम २६औं संस्करणको हो। 'लामाचौर तीज महोत्सव-२०८१' को प्रमुख आकर्षणका रूपमा लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगिता गरिने भएको छ। सो संस्थाको २८ औं वार्षिक समारोह एवं तीज महोत्सव यही भदौ १९ देखि २१ गतेसम्म लामाचौरको इन्द्रराज्यलक्ष्मी माविको प्राङ्गणमा हुने मंगलबार आयोजित पत्रकार सम्मेलनमा संस्थाका अध्यक्ष स्वागतसिंह भण्डारीले जानकारी दिनुभयो।

संस्कृतिको जगेर्ना एवं खेलकुदको विकास गर्ने उद्देश्यले महोत्सवलाई निरन्तरता दिइएको उहाँले बताउनुभयो। राष्ट्रिय पुरुष तथा महिला भलिबलमा दुवैतर्फ नेपालका तीन विभागीय टोलीसहित पाँच/पाँच टोलीले प्रतिस्पर्धा गर्नेछन्। महिला राष्ट्रिय भलिबलतर्फ विभागीय सशस्त्र प्रहरी बलको एपिएफ क्लब, नेपाल पुलिस क्लब, नेपाल आर्मी क्लब, न्यू डायमण्ड युथ स्पोर्टस् क्लब र न्यू एभरेष्ट भलिबल क्लब बुटवलले भाग लिने छन्। यसैगरी पुरुषतर्फ विभागीय सशस्त्र प्रहरीको एफिएफ क्लब, नेपाल पुलिस क्लब, नेपाल आर्मी क्लब, गण्डकी प्रदेश भलिबल टिम र मणिमुकुन्द भलिबल क्लब बुटवलबीच प्रतिस्पर्धा हुने अध्यक्ष भण्डारीले बताउनुभयो। प्रतियोगिताको महिला तथा पुरुष दुवैतर्फ विजेताले समान रु एक लाख ५० हजार एक सय ११, उपविजेतालाई रु एक लाख एक सय ११, तेस्रोलाई रु ५० हजार एक सय ११ नगद पुरस्कार साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने संस्थाका प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजक दिनेश भण्डारीले जानकारी दिनुभयो।

सर्वोत्कृष्ट खेलाडी एवं विधागत पुरस्कारको व्यवस्था गरिएको बताइन्छ। भलिबल भदौ १८गतदेखिनैसञ्चालनहुनेसंयोजक भण्डारीले बताउनुभयो। यसैगरी अन्तरविद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, अन्तरमहिला समूहगत खुला तीज गीत प्रतियोगिता पनि महोत्सवको अर्का आकर्षण रहेको छ।

तीज गीतमा प्रथमलाई रु ५० हजार एक सय ११, द्धितीयलाई रु ३० हजार एक सय ११, तृतीयलाई रु २० हजार एक सय ११ र सान्त्वना रु १० हजार एक सय ११ साथै सहभागी टोलीलाई प्रोत्साहनवापत रु दुई हजार प्रदान गरिने आयोजक नवआदर्श सामूदायिक विकास समाजले जनाएको छ।

यसैगरीअन्तरविद्यालयस्तरीय लोकनृत्यमाप्रथम, द्धितीय, तृतीय र सान्त्वनालाई क्रमशः रु ४०, रु २५, रु १५ र रु पाँच हजार तथा उत्कृष्ट वेषभूषालाई रु पाँच हजार पुरस्कार प्रदान गरिने बताइएको छ। महोत्सव सम्पन्न गर्न रु ५४ लाख ८८ हजार खर्च लाग्ने अनुमान आयोजकको छ।

महोत्सवबाट बचत रकम आकस्मिक सेवा तथा तीज महोत्सव सञ्चालन कोष वृद्धिका लागि थप गरिने अर्थ सङ्कलन उपसमिति संयोजक बुद्धिबहादुर खत्री क्षत्रीले बताउनुभयो। संस्थाले सर्वसाधारणको सेवामा लामो समयदेखि एम्बुलेन्स तथा शवबाहन सञ्चालन गर्दै आएको छ।

कार्यक्रममा पोखरा- १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना र वडा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले लामाचौर महोत्सवकै कारण यस क्षेत्रको चिनारी अन्तर ाष्ट्रियस्तरमा पुगेको भन्दै वडाले पनि अपनत्व लिएको बताउनुभयो।

# लागु औषध दुर्व्यसन नियन्त्रण सम्बन्धी प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

सामुदायिक सेवा केन्द्र, सामुदायिक प्रहरी सेवा माटेपानी -१२ पोखराको आयोजना लागु औषध दुर्व्यसन नियन्त्रण सम्बन्धी प्रशिक्षण भएको छ।

सेवा केन्द्रका अध्यक्ष धर्मराज आचार्यको अध्यक्षता भएको कार्यक्रममा पुष्पसदन एकेडेमी सञ्चालक समितिका अध्यक्ष अजय थापाको प्रमुख आतिथ्यतामा भएको थियो। पुष्पसदन एकेडेमीका कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई लागुऔषध दुर्व्यसन सम्बन्धी प्रशिक्षण दिइएको थियो। कार्यक्रममा वडा प्रहरी कार्यालय रामबजार कास्कीका कार्यालय प्रमुख प्रहरी निरीक्षक विरेन्द्र घिमिरेले प्रमुख प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो। कार्यक्रम संचालन संस्थाका सचिव बाबुराम सापकोटाले गर्नुभएको थियो। संस्थाका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु पनि उपस्थिति रहेको थियो।

# पोखराका २२३ वटा स्कुल बसमा जाँच, १७ वटा कारबाहीमा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

जिल्ला प्रहरी कार्यालय कास्की र जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीबाट खटिएको संयुक्त प्रहरी टोलीले मंगलबार पोखराका विभिन्न क्षेत्रमा चल्ने दुई सय २३ वटा स्कुल बसमा जाँच गरेको छ।

जाँचका क्रममा सिट क्षमताभन्दा बढी विद्यार्थी बोकेका १७ वटा बसलाई ट्राफिक नियमअनुसार कारबाही गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वसन्तकुमार शर्माले जानकारी दिनुभयो। जाँचका क्रममा सम्पूर्ण चालकलाई ट्राफिक नियम उल्लङ्घनगरी सवारी नचलाउन सम्झाइबुझाइ गरिएको उहाँले बताउनुभयो।

# बाढीपहिरोमा मृत्यु हुने २०८ जना, ५३ जना बेपत्ता

**रासस**
काठमाडौं, ११ भदौं

मनसुनी वर्षाका कारण गएको जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्पूरी मंगलबार दिउँसोसम्म दुई सय आठजनाको मृत्यु भएको छ।

बाढी, पहिरोलगायत विपद्पूरी काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २९, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ४५, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३७, कर्णाली प्रदेशमा १४ र सुदूरपश्चिम प्रदेशमा १६ जना गरी जम्मा दुई सय आठजनाको मृत्यु भएको हो। साथै काठमाडौँ उपत्यकामा ११, कोशी प्रदेशमा ४२, मधेस १२, बागमतीमा ३१, गण्डकीमा ४७, लुम्बिनीमा २५, कर्णालीमा ६७ र सुदूरपश्प्रदेशमा ३६ जना गरी जम्मा दुई सय ७१ जना घाइते भएका प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो।


काठमाडौं उपत्यकामा ३३ जना, कोशी प्रदेशमा ४९, बागमतीमा १२, गण्डकीमा १४, लुम्बिनीमा चार, कर्णालीमा दुई र सुदूरपशिचिम प्रदेशमा एक सय एकजना गरी जम्मा दुई सय १५ जनाको उद्धार गरिएको छ।

**साइबर सुरक्षाबारे सचेत रहौं**

◆अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
◆संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौ,
◆ अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
◆फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
◆सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
◆ आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
◆वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# अविश्राम योद्धाप्रति श्रद्धा सुमन !

मानवअधिकार तथा सामाजिक न्याय र समाज रुपान्तरणका लागि विगत पाँच दशकदेखि क्रियाशील बामपंथी नेता टेकनाथ बरालको निधन भएको एक वर्ष भएको छ। पोखरामा रहेर गण्डकी प्रदेशको अगुवा अधिकारवादी नेता बरालको गत वर्ष भदौ १२ गते ८५ वर्षको उमेरमा निधन भएको थियो। कम्युनिस्ट पार्टी एकतावद्ध बनाउन प्रयत्नशील बराल सशस्त्र द्वन्द्वको समयमा पोखरामा स्थापना भएको शान्तिका लागि नागरिक समाजको सञ्जालका संस्थापक थिए। महिलाविरुद्धको हिंसा, दाइजो विरोधी अभियान, असमानता तथा कुरीतिविरुद्धका अभियानमा सरिक भइरहे। छुवाछूत, अमानवीय व्यवहार हटाउन सामाजिक पहलका साथै विभिन्न किसिमका विभेदविरुद्ध क्रियाशील रहने थोरै मध्ये बराल एक थिए।

सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार तथा मानवीय कानुनको उल्लङ्घनका घटनाको अनुगमन, लोकतन्त्रको स्थापनाका लागि भएको आन्दोलन, द्वन्द्वपीडितका अधिकारका सवालमा बरालले अगुवाको भूमिका खेले। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का संस्थापक महासचिव प्रकाश काफ्लेको स्मृतिमा स्थापना गरिएको प्रकाश मानव अधिकार पुरस्कारबाट २०६२ सालमा इन्सेकले सम्मानित गरेको थियो। मानवअधिकार र नागरिक समाजलाई क्रियाशील बनाएका कारण सबैका बा बने। विभिन्न समूहमा विभाजित कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताका लागि दाजु थिए। धनी किसान परिवारमा जन्मेका टेकनाथले श्रमजीवी जनताको अधिकार र समानताको लागि कम्युनिस्ट पार्टीमा लागे। वैदामा विद्यालय स्थापना गरेर शिक्षक बन्नेदेखि कम्युनिस्ट पार्टीको संगठक बने। कम्युनिस्ट पार्टीको संगठक बनेका कारण पंचायती शासकको निशानामा परे। जेल नेल र चर्को दमन व्होर्नुपरेको थियो। त्यसको मार परिवारले पनि खेप्नुपरेको थियो।

तत्कालीन शासकको दमनका कारण भारतमा पुगे। बनारसमा कम्युनिस्ट र कांग्रेस नेताको अखडा थियो। टेकनाथ पुष्पलालको सम्पर्कमा पुगे। बनारसमा अध्ययन गर्ने र संगठनको काम गरे। केही वर्षपछि नेपाल फर्केर पार्टीको कामलाई तिव्रता दिए। नेपालका कम्युनिस्ट पार्टी एकतावद्ध बनेर नेतृत्वदायी भूमिका खेलुन भन्ने टेकनाथको सदिच्छा पूरा हुन सकेन। उनको प्रयत्नले सार्थक रुप लिन नसकेपनि सबैको सेल्टर उनको घर बन्न पुग्यो। निरंकुश पंचायत विरुद्धको आन्दोलनमा टेकनाथ सबै बामपंथी पार्टीले मान्ने नेता हुन सके। बाममोर्चा गण्डकीको संयोजक बनेपछि कांग्रेसले पनि भरपर्ने नेता बन्न पुगे। कांग्रेस र कम्युनिस्ट मिलेर मात्र नेपालमा प्रजातन्त्र बहाली गर्न सकिन्छ भन्ने पुष्पलालको विचारबाट प्रभावित टेकनाथ २०४६ को जनआन्दोलनमा गण्डकीमा कम्युनिस्ट र कांग्रेसलाई मिलाएर आन्दोलनमा लान सकेका हुन।

प्रजातन्त्र पुनर्स्थापनापछि पनि सबै बामपंथी र प्रजातन्त्रबादीले विश्वास गर्ने नेता बने। द्वन्द्वकालमा विद्रोही र सत्तासीनसँग कुरा गर्न सक्ने र दुवैले विश्वास गर्न सक्ने टेकनाथ थिए। राजाको निरंकुशताविरुद्ध आन्दोलनमा लडिरहे। नेपालमा लोकतन्त्र स्थापना गर्न, गणतन्त्र घोषणा, संविधानसभा निर्वाचनका लागि नागरिकको तर्फबाट अनवरत लागे। सादगी जीवनशैली अपनाउने र निरंकुशताविरुद्ध संभौताहिन आन्दोलन गर्ने टेकनाथले सम्फनु नेपालको गणतन्त्रलाई बलियो बनाउन जनताका अधिकारका लागि सधैँभरि खबरदारी गर्नु हो। टेकनाथले गणतन्त्र, लोकतन्त्र, मानवअधिकार, समानता, सामाजिक न्यायका लागि पुऱ्याउँदै आएका अधुरा कामलाई पूरा गर्न सबैले आआफ्नो ठाउँबाट सहयोग पुऱ्याउन सके सच्चा श्रद्धाञ्जली हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाव | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस्।


# 'जननी तीज संवादः उद्यमीका आवाज' कार्यक्रम गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौ

रेडियो जननी ९०.६ ले 'जननी तीज संवादः उद्यमीका आवाज' नामक एक विशेष सांस्कृतिक कार्यक्रमको आयोजना गर्न लागेको छ।

तीजलाई आर्थिक ससक्तिकरणसंग जोडदै उद्यमशिल समाज बनाउने उद्देश्य सहित महिला उद्यमीहरूको सफलताको कथा, उनीहरूले सामना गरेका चुनौतीहरू, र अवसरहरूबारे अन्तरसंवाद कार्यक्रम गर्न लागेको अध्यक्ष हीरा भट्टराईले जानकारी दिनुभयो। भट्टराईका अनुसार पोखराको होटल पौवामा भदौ १५ गते हुने कार्यक्रमले महिला उद्यमशीलता, स्वतन्त्रता, र समानताको महत्वलाई उजागर गर्दै, तीज पर्वलाई सांस्कृतिक महत्वका साथै आर्थिक सशक्तिकरणको रूपमा प्रस्तुत गर्ने प्रयास गर्ने छ। रेडियो जननी ९०.६ का प्रस्तोता एवम् कार्यक्रम संयोजक जमुना वर्षा शर्माले नवआगन्तुक महिला उद्यमीहरूलाई प्रोत्साहन गर्दै उनीहरुका प्रेरणादायी यात्रालाई प्रकाश पार्ने र समाजमा उनीहरूको योगदानलाई उजागर गर्ने लक्ष्य राखेको बताउनुभयो। कार्यक्रममा विभिन्न महिला उद्यमीहरूका अनुभव र विचार प्रस्तुत गरिनेछन्, जसले उनीहरूका सफलताका र सामना गरेका चुनौतीहरूबारे जानकारी दिनका साथै नयाँ उद्यमशीलताका अवसरहरूबारे खुला छलफल हुने उहाँको भनाइ छ।

यस कार्यक्रममा सहभागी हुनका लागि महिला उद्यमीहरू, सामाजिक अभियन्ताहरू र इच्छुक सबैलाई हार्दिक निमन्त्रणा गरिएको छ रेडियो जननीको यो प्रयासले महिला उद्यमशीलताको प्रवर्द्धनमा महत्वपूर्ण योगदान दिने अपेक्षा राखिएको रेडियोका समाचार प्रमुख उमा आलेले बताउनुभयो। महिला उद्यमीद्वारा संचालित रेडियो जननीले महिला उद्यमशिलता आजको आवश्यकता भने नारालाई जोड दिदै हरेक वर्ष विशेष कार्यक्रम गर्दै आइरहेको छ।

# तीज विशेष कार्यक्रममा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौ

गण्डकी प्रदेशको वैदेशिक रोजगार शाखा संरक्षण संघले पोखरामा आयोजित तीज विशेष कार्यक्रममा राष्ट्रिय महिला भलिबलकी कप्तान अरुणा शाही र नेपाल पत्रकार महासंघ कास्कीकी उपाध्यक्ष जमुना वर्षा शर्मालाई सम्मान गरेको छ।

कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य सरस्वती अर्याल तिवारीले शाही र शर्मालाई प्रशंसा पत्र र नगदसहित सम्मान गरेका थिए। कप्तान शाहीलाई ५० हजार र पत्रकार शर्मालाई १० हजार नगदले सम्मान गरिएको हो।

अरुणा शाहीलाई उनको कप्तानीमा विदेशमा उत्कृष्ट भलिबल खेल प्रदर्शन गरेको भन्दै सम्मान गरिएको थियो भने जमुना वर्षा शर्मालाई पत्रकारिताको माध्यमबाट महिला सशक्तिकरणमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो। सम्मान कार्यक्रममा प्रमुख अतिथि तिवारीले कडा परिश्रम र मिहिनेतको परिणामस्वरूप समाजमा सफलता प्राप्त गरेका महिलाहरुलाई सम्मान गर्ने यो कार्यक्रम प्रसंशनीय रूपमा स्थापित गरेको बताइन्। साथै, उनले महिलाहरु अघि बढ्नका लागि अफै धेरै चुनौतीहरू रहेको उल्लेख गर्दै, यी चुनौतीहरूको सामना गरेर मात्रै सफलता प्राप्त गर्न सकिनेमा जोड दिइन्। उनले वैदेशिक रोजगारलाई व्यवस्थित बनाउनु पर्ने, गैह्रकानुनी र सीप बिना विदेश जाने कुरालाई निरुत्साहित गर्दै विदेश भन्दा स्वदेशमै स्वरोजगार बन्न प्रेरित गर्नु पर्नेमा जोड दिइन। सम्मानित पत्रकार जमुना वर्षा शर्माले सम्मानले पत्रकारीता क्षेत्रमा अफ जिम्मेवार भएर काम गर्न प्रेरित गरेको बताइन। सम्मानित कप्तान अरुणा शाही सम्मानले आफुलाई थप हौसला र उर्जा मिलेको धारणा राख्दै देशको नाम राख्न आफुले निरन्तर मिहिनेत गर्ने बताइन।

संघका अध्यक्ष सुजन श्रेष्ठले हरितालिका तिज पर्व को महत्व र महिमा विशेष रहेको जनाउदै महिला सम्मान गरेको बताए। सो कार्यक्रममा संघका सल्लाहकार, सदस्य, कर्मचारी र अन्य विशिष्ट व्यक्तित्वहरुलाई पनि मायाको चिनोसहित सम्मान गरिएको थियो। कार्यक्रमको सञ्चालन महासचिव विक्रम पोखरेलले गरेका थिए भने, सल्लाहकार, संघका वरिष्ठ उपाध्यक्ष घनश्याम गौतम लगायतका वक्ताहरूले आफ्नो मन्तव्य राखेका थिए।

# नेपाल र बङ्गलादेश भिड्ने

**रासस**
काठमाडौं, ११ भदौ

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-२० च्याम्पियनसिप फुटबल प्रतियोगिताको उपाधि भिडन्तमा नेपाल र बङ्गलादेशबीच प्रतिस्पर्धा हुने भएको छ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) कम्प्लेक्सको खेल मैदानमा बुधबार फाइनल भिडन्तमा दुवै टोलीले उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रने छन्। नेपाली राष्ट्रिय यु-२० टोलीका मुख्य प्रशिक्षक उर्जन श्रेष्ठले करिब ४५ दिन एन्फा मुख्यालयमा नै साफ च्याम्पियनसिपका लागि तयारी गरेको हुँदा फाइनल खेल पनि सोही स्थानमा हुने भएकाले आफ्नो टोलीलाई फाइदा पुग्ने बताउनुभयो। यही भदौ ६ गते भएको समूह चरणको खेलमा नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले पराजित गरेको थियो। प्रशिक्षक श्रेष्ठले समूह चरणको जितले केही अर्थ नराख्ने भन्दै फाइनल खेलका लागि आफ्नो टोलीको तयारी अवस्थामा रहेको बताउनुभयो। श्रेष्ठले भन्नुभयो, "बङ्गलादेश एकदमै राम्रो टोली हो। हिजो भारतजस्तो बलियो टोलीलाई उसले हराएको छ। त्यसैले भोलि निकै प्रतिस्पर्धात्मक खेल हुने अनुमान गरेको छु।" सोमबारभएको सेमिफाइनल खेलमा बङ्गलादेशले भारतलाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो। त्यस्तै बङ्गलादेशका मुख्य प्रशिक्षक एकेएम मरुफुल हाकीले नेपाललाई मैदानको फाइदा रहे पनि आफूहरुको मनोबल उच्च रहेको र जितकै लागि खेल्ने प्रतिक्रिया दिनुभयो।

# श्रीमदवीतक चर्चा तथा श्रीकृष्ण कथा प्रवचन



**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौ

श्रीकृष्ण प्राकाट्य महामहोत्सवको आयोजना सँगै श्रीकृष्ण प्रणामी मन्दिर पोखरा ८ रत्नचोकमा जारी एक महिने श्रीमदवीतक चर्चा तथा श्रीकृष्ण कथा प्रवचन कार्यक्रम सम्पन्न भएको छ।

श्रावण १० गतेदेखि सञ्चालन भएको श्रीमदवीतक चर्चा कार्यक्रम भदौ १० गते श्रीकृष्णजन्माष्टमीको दिन श्रीकृष्ण प्राकाट्य महामहोत्सवका आयोजनासँगै समापन भएको हो। समापन समारोहमा बोल्दै पोखरा महानगरपालिकाका उप मेयर मञ्जुदेवी गुरुङले श्रीकृष्ण प्रणामी मन्दिरलाई पोखराका अन्य धार्मिक पर्यटकीय गन्तव्य जस्तै बनाउन आवश्यक रहेको बताइन। श्रीकृष्ण प्रणामी मन्दिरको जग्गा साँघुरो भएको आफुले समेत महशुस गरेको बताउदै आगामी दिनमा मन्दिरलाई आवश्यक पर्ने जग्गाको बारेमा समेत महानगरको तर्फबाट सक्दो सहयोग गर्ने उनको भनाइ रहेको थियो। त्यसैगरी एक महिनासम्म प्रवचनमा सहभागी भएका सिक्किमका तुलसीस्वरुप महाराजले पर्यटकीय राजधानी पोखरामा आई धार्मिक प्रवचनको माध्यमबाट महानगरवासीलाई श्रीकृष्णको बारेमा श्रीमदवीतक प्रवचन प्रदान गरेकोमा धन्यवाद व्यक्त गरे।

त्यस्तै पोखरा महानगरपालिका वडा नं ७ का अध्यक्ष राममोहन आचार्यले पोखरा महानगरपालिका वडा नं ८ मा रहेको श्रीकृष्ण प्रणामी मन्दिरको संरक्षण र प्रवर्द्धनका लागि आफु सधैं तत्पर रहेको वताए। आफ्नो वडाको तर्फबाट यो वर्ष १ लाख रुपैया सहयोग गरेको र आगामी दिनमा पनि त्यस्ता सहयोगलाई निरन्तरता दिदै युवाहरुलाई समेत धार्मिक कार्यक्रममा समावेश गर्ने गरी आगामी कार्यक्रमहरु तय गर्ने वताए। त्यस्तै कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेले श्रीकृष्ण प्रणामी सेवा समितिले एक महिना सम्म आयोजना गरेको श्रीमदवीतक चर्चा कार्यक्रमले सकारात्मक सन्देश प्रवाह गरेको वताए।

त्यस्तै एनएमबी बैंक अमर सिंह शाखाका प्रमुख बलराम गिरीले श्रीकृष्ण प्रणामी सेवा समितिले युवाहरुलाई धार्मिक क्षेत्र तर्फ लगाव लगाउन र सनातन धर्मको रक्षाका लागि उल्लेख्य काम गरेको बताउदै श्रीकृष्ण मन्दिर सञ्चालनका लागि आफुहरुको सामाजिक उत्तरदायित्व कार्यक्रम मार्फत यो पटक ६० हजार प्रदान गरिएको र आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता जनाए। डीज्नील्याण्ड स्कुलका प्राचार्य नरेन्द्र प्रसाद बरालले श्रीकृष्ण प्रणामी सेवा समितिले श्रीकृष्ण जन्माष्टमीको अवसर पारी हरेक वर्ष एक महिना सम्म श्रीमदवीतक कार्यक्रम र श्रकृष्ण कथा प्रवचन कार्यक्रम गरी समाजमा सकारात्मक सन्देश प्रवाह गरेकाले आफ्नो संस्थाको तर्फबाट समेत सहयोग गरेको र आगामी दिनमा पनि सहकार्य गरेर अगाडी वढ्ने प्रतिवद्धता व्यक्त गरे। त्यस्तै श्रीकृष्ण सेवा समितिका संस्थापक सदस्य शिव वहादुर कार्कीले स्थापना कालमा श्रीकृष्ण प्रणामी मन्दिरको स्थापना गर्न कठिन भएको भएतापनि समयक्रम अनुसार अहिले आएर विभिन्न ब्यक्ति संघ संस्थाको सहयोगमा मन्दिरमा विभिन्न कार्यक्रमहरु आयोजना हुदै आएको र यसलाई निकट भविष्यमा पनि निरन्तरता दिन आवश्यक रहेको वताए। श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा श्रीकृष्णवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनका प्रमुख वाचक तुलसीस्वरुप महाराज, समितिका निवर्तमान अध्यक्ष पुरुषोत्तम रेग्मी, श्रीकृष्ण सेवा समितिका पूर्व अध्यक्ष बलराम सुवेदी, फेवा टेलिभिजनका बजार प्रवन्धक श्रीकान्त अधिकारी लगायतले शुभकामना मन्तब्य राखेका थिए।

# बजेट अभावले अस्पताल निर्माण अधुरै

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ भदौ



बागलुङमा दुई पालिकास्तरीय अस्पताल अलपत्र परेका छन्। जिल्लाको ढोरपाटन नगरपालिका-९ ढोरपाटन खापाथरमा निर्माणाधीन १० शैयाको नगर अस्पताल र निसीखोला गाउँपालिका-४ भिम्पामा बन्दै गरेको १० शय्याको आधारभूत अस्पताल अलपत्र परेका हुन्।

ढोरपाटनको नगर अस्पतालभन्दा निसीखोलाको आधारभूत अस्पताल एक वर्ष पहिला निर्माण सुरु गरिएको थियो। आधारभूत अस्पताल निर्माणका लागि विसं २०७८ माघ २० गते सम्भौता भएर काम सुरु भएको थियो। नगर अस्पताल विसं २०७९ असार २४ गतेदेखि निर्माण थालिएको थियो। विसं २०८० पुसमा सम्पन्न गर्नेगरी निर्माण सुरु भएको आधारभूत अस्पताल हालसम्म ८५ प्रतिशत मात्रै काम सकिएको निर्माणको जिम्मा पाएको हिन्दुङ एसी आइएस जेभी कन्स्ट्रक्सनका प्रमुख दीपककुमार अदैले जनाकारी दिनुभयो। गाउँपालिकाले रु १० करोड ९४ लाखको लागत अनुमान गरेकामा निर्माण कम्पनीले रु आठ करोड २४ लाखमा जिम्मा लिएको थियो। पछिल्लो दुई वर्ष बजेट नपरेपछि काम रोकिएको अदै बताउनुहुन्छ। यस अस्पतालको हालसम्म ८५ प्रतिशत काम सकिएको र अफै रु एक करोड ७० लाख बजेट अपुग भएको उहाँको भनाइ छ। निसीखोला आधारभूत अस्पताल निर्माणका लागि चार वर्षअगाडि गाउँपालिकाले सात रोपनी दुई आना जग्गा निःशुल्क व्यवस्थापन गरेको थियो।

ढोरपाटन नगर अस्पतालको काम सोही निर्माण कम्पनीले जिम्मा पाएको थियो। नगर अस्पतालमा बजेट नआउँदा गत सालदेखि नै काम ठप्प भएको छ। निर्माण कम्पनीले गत वर्ष भदौमै नगरपालिकामा रु छ करोड ६१ लाखको बिल बुफाए पनि अहिलेसम्म रकम नआउँदा काम गर्न नसकेको अदै बताउनुहुन्छ।

अस्पतालको भवन निर्माणका लागि रु १२ करोड ९६ लाखमा जिम्मा लिएको अदैको भनाइ छ। काम गर्नुभन्दा पहिले सुरुमा पेस्की रकम रु दुई करोड ४६ लाख मात्रै आएको उहाँले बताउनुभयो। भौगोलिक हिसाबले ढोरपाटन टाढा र सडक पनि निकै साँघुरो तथा अप्ठ्यारो हुँदा ढुवानी र कामदारका लागि बढी खर्च भएको अदै बताउनुहुन्छ। विसं २०८२ असार २३ सम्ममा निर्माण सक्नुपर्ने अस्पताल भवन करिब आधा सकिँदा पनि काम अनुसारको भुक्तानी नभएको गुनासो उहाँले गर्नुभयो। अहिले बजेट नै नपरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "नगर अस्पताल निर्माणको जिम्मा त पायौँ तर काम गरेको रकम पाउन सकेनौँ, करोडौँ रकम अहिलेसम्म पाउन सकिएको छैन, यस वर्ष बजेट पनि नपरेको हुँदा अस्पताल अलपत्र जस्तै भएको छ, पोहोर साल भदौ दोस्रो सात नै नगरपालिकामा लगेर बिल बुफाएको थिए, अहिलेसम्म भुक्तानी पाउन सकेका छैनौँ, निसीखोलाको भुक्तानी पायौँ अब 'फिनिसिङ'को काम बाँकी थियो, तर बजेट नै आएन, बजेट नभएपछि कसरी काम गर्न सकिन्छ?" ढोरपाटनका उपप्रमुख धनबहादुर कायतले नगरपालिकाको बजेटले अस्पताल निर्माण गर्न नसक्ने हुँदा अर्थ र स्वास्थ्य मन्त्रालयमा बजेट व्यवस्थानका लागि पत्र पठाएको बताउनुभयो। उहाँले निर्माण कम्पनीलाई काम गरेकै रु छ करोड बढी रकम भुक्तानी गर्न बाँकी रहेको भन्दै त्योसहित थप बजेट केन्द्र सरकारले व्यवस्थापन नगरेसम्म काम अगाडि बढ्ने स्थिति नरहेको बताउनुभयो।

# अधिकारको लडाई लड्न उमेर छेक्दैन

दुर्गा भण्डारी

नागरिक हक अधिकारको आन्दोलनलाई नेतृत्व गर्न उमेरले छेक्दैन । बरु चेतना स्तर र सक्रितामा निर्भर हुने रहेछ । भन्ने कुराको उदाहारण मानव अधिकारवादी नेता टेक नाथ बरालको जीवनीबाट सिक्नुपर्ने रहेछ । हरेक आन्दोलनका मोर्चाहरुमा सेतै फुलेका दाह्री र कपाल लिएर टेकनाथ बराल सतिशाल झै उभिनुहुन्थ्यो । जीवनको उत्तरार्धमा समेत नागरिक अधिकारको पक्षमा सडकमा धर्ना गर्ने देखि लिएर बैचारिक लडाईमा सशक्त ढंगले उभिनुहुन्थ्यो । मानव अधिकार, महिला अधिकार, लैङिक हिंसा बिरुद्ध आवाज उठाउने सडक संर्घष गर्ने आफु भन्दा पछिल्लो पुस्ताकाहरुसँग पनि त्यतिकै मिल्ने ब्यक्ति सायदै अव यो संसारमा भेटिन्न होला ।

टेकनाथ बराल मानव अधिकारबादीको रुपमा मात्रै परिचित नाम होईन । महिला अधिकार र सामाजिक न्यायलाई पनि ब्यवहारमा उतार्ने असल पात्र पनि हो । ठूलठूला ओहोदा र पदमा भएकाहरुले पनि बोली एउटा ब्यवहार अर्कै गर्ने गरेको पाईन्छ । तर बराल बोली र ब्यवहार एउटै भएको ब्यक्ति हो । जस्ले महिला हक अधिकारको शुरुवात आफ्नै घरबाट गर्नुभयो । नागरिक अगुवा टेकनाथ बरालको देहान्तको भएको आज एक वर्ष पुग्दैछ । पोखराको नागरिक आन्दोलनलाई उचाइमा पुऱ्याउने बराल हरेक अधिकारसँग जोडिएका बिषयहरुमा पैरवी गर्नुहुन्थ्यो । अधिकारको आन्दोलनमा अग्रमोर्चामा देखिदा आन्दोलनले उचाई लिएको महसुस हुने गर्दथ्यो । नागरिक आन्दोलनले बराल जस्तो परिपक्व ब्यक्तित्वको अभाव खड्किएको महसुस गरिहेको छ । नागरिकका हरेक आन्दोलनको अगुवाई गर्ने बराल पछिल्लो समय द्वन्द्व पीडीत र वेपत्ता परिवारको अधिकारको लागि आवाज उठाउदै आउनु भएको थियो । हक अधिकार र सामाजिक न्यायको लडाईमा कहिल्यै नथाक्ने 'बराल महिला विरुद्धको हिंसामा आवाज उठाउने, सडक आन्दोलन गर्ने, प्रर्दशन गर्ने लगायतका कार्यमा युवा जस्तै सक्रिय देखिनुहुन्थ्यो । समाजमा



बढ्दै गईरहेको सास्कृतिक बिकृति र बिचलनका बिरुद्ध बोल्ने गर्नुहुन्थ्यो । महिलाहरुलाई दाइजो होईन सम्पत्तिमा समान अधिकार दिनुपर्छ छोरा र छोरीमा बिभेद गर्नु हुदैन भनेर नेपालमा कानुन् बन्नु भन्दा अगाडी नै उहाले छोरा सरह छोरीहरुलाई अंश दिएर ब्यवहार मै समानता देखाउनुभयो । उहाँले अंश र बंशमा समान हक कार्यान्वयन गरेपछि, धेरै वर्षपछि नेपालको संबिधानमा महिलाई अंशको समान हकको ब्यवस्था भयो । प्रगतिशील सोच बिचार भएकै कारण समाज सुधार गरेर अनुकरणीय पात्रको परिचय बनाउनु भएको थियो । धर्म, सस्कृतिमा देखावटीपनाको बिरुद्ध लाग्नु भएको थियो । हिन्दुहरुको चाडपर्व खर्चिलो र ढोगी बन्दै गएको अवस्थामा सुधार गर्नुपर्छ भन्ने सोच थियो । तर उहाँ जस्ता एकल पात्रले मात्रै सुधार गरेर नहुने हाम्रो समाजमा चाडपर्व र बिबाहका नाउमा अनावश्यक पैसा खर्च गर्ने र देखावटी गर्ने परम्परा मौलाउदै गएको छ ।। चार्डपर्वमा ऋण नगरी मनाउन नसकिने, भईरहेको अवस्थामा पनि बरालले चाडपर्वलाई बाध्यात्मक होईन सरल बनाउन खोज्नु भएको थियो । त्यसैगरी विवाहमा दाईजो दिने परम्पराको पनि घोर विरोधी हुनुहुन्थ्यो । कन्यादान दिने चलनको उहाँ विरोधी हुनुहुन्थ्यो । त्यसैगरी महिलाहरुलाई शिक्षा दिने सक्षम र आत्मनिर्भर बनाउने कुरामा उहाँको सोच थियो । बाल विवाह बिरुद्धदेखि लिएर भ्रष्टचार बिरुद्ध, उपभोक्ताका अधिकारको रक्षा साथै वकालत गर्ने, संबिधानका मौलिक हकको रुपमा नागरिक हक र कर्तब्यको ब्यवस्था गर्न बहस चलाउन अगुवाई गर्ने काम समेत गर्नुभयो ।

नागरिक आन्दोलनमा पोखरामा नेतृत्वदायी भूमिकामा उभ्याउँदै आउनु भएका बराललले बिभिन्न चरणमा पञ्चायत बिरोधी गतिबिधी गरेवापत निर्वासन, जेल लगायत सजाय खेप्नुभयो । सम्पन्न परिवारमा जन्मिएर पनि उहाले सधै गरिव दुखि, भोकानाङ्गाको पक्षमा अडिक भएर उभिने काम गर्नुभयो । शिक्षाको माध्यमबाट नागरिकहरुमा चेतना जगाउने काम गरेवापत पञ्चायती शासकहरुको तारो समेत बन्नुभयो । पंचायतकालमै उहाले शिक्षासगै चेतना जगाउन र संगठन गर्न गोरखा, लमजुङ, तनहुँमा गएर पढाउने काम शुरु गर्नुभएको थियो । उहाँले साथीहको सहयोग लिई, विसं २०१५ मा बैदाममा जनज्योति प्रावि स्थापना गरेर पढाउन थाल्नुभयो । शुरुवाती अवस्थामा काग्रेसको गतिबिधिमा सक्रिय भए पनि निर्वासिन पश्चात उहा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालको संगतले कम्युनिष्ट बन्नुभयो । पछि०४६ को आन्दोलनमा ७ वाम पार्टीहरुको नेतृत्व गर्दै गण्डकी अक्ष्यक्ष बनेर आन्दोलन हाँक्नुभयो । २०४६ पछि उहा मानवअधिकार, सामाजिक रुपान्तरणको क्षेत्रमा सक्रि हुनुभयो । माओवादीले शुरु गरेको सशस्त्र युद्धको बेलामा उहाँले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन भएकोमा घटनामा, पत्रकार महासंघ लगायतका संघसंस्थाहरुसंग मिलेर अनुगमन गर्ने, सार्वजनिक बहस गर्नेकाम गर्नुभयो । द्वन्द्वपीडित र वेपत्ता परिवारका लागि न्याय, क्ष्यतिपूर्ति लगायतका बिषयमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । द्वन्द्वका बेला मानवीय कानुन्को पालना गर्न लगाउन, पक्राउ गरी सार्वजनिक नगरिएकाहरुलाई समूह बनाएर सार्वजनिक गर्न लगाउन दवाव दिने, नागरिकको जीवन बचाउने अभियानमा सक्रिय रहनु भयो । चाहे पत्रकारलाई धम्की आएको बिषयमा होस या संचार संस्थाले पारिश्रमिक नदिएको बिषमा होस उहाले आन्दोलनको एक्यबद्धता जनाउनुहुन्थ्यो र अधिकारको पक्षमा बोल्नुहुन्थ्यो । बास्तवमा टेकनाथ बराललाई नागरिक हक अधिकारका हरेक आन्दोलनमा कहिल्यै नथाक्ने, निरन्तर लागिरहने अथक योद्धाको रुपमा लिनुपर्छ । उहाले जिवन शुरुवात देखि अन्तिम अवस्था सम्म पनि आन्दोलनको मोर्चा छोड्नुभएन । कुनै दिन उहालाई थकाई लागेन । शासकहरुसंग डर पनि लागेन । निस्वार्थ ढंगले जिवनको अन्त्यसम्म आफ्नो अभियान चलाईरहने पात्र यो संसारमा कमै मात्र पाईन्छ । सायद उहा मात्रै हुनुहुन्थ्यो होला उहाको रिक्तता हामी सबैले महसुस गरेका छौं । त्यसैले अभियान चलाउन उमेरले छेक्दैन ।

# कृष्ण भजनमा ओमकार भजन समुह प्रथम

पोखरापत्र संवाददाता
पोखरा, ११ भदौं



पोखराको बाटुलेचौरमा आयोजित श्रीकृष्ण भजन राष्ट्रिय प्रतियोगितामा फुलवारीको ॐकार भजन समुह प्रथम भएको छ ।

श्रीकृष्ण जन्माष्टमीको अवसरमा शुक्ला साहित्य प्रतिष्ठानले आयोजना गरेको प्रतियोगितामा हेम्जाको देविस्थान भजन समुह द्वितीय, बाटुलेचौरको बडहरवोट आमा समुह तृतीय र काठमाडौं, टोखाको मुक्तेश्वर खैजेडी लोक भजन समुह र विन्ध्यवासिनी मावि बाटुलेचौरले सान्त्वना स्थान प्राप्त गरेको छ ।

काठमाडौं, लम्जुङ्ग सहित देशका विभिन्न भागबाट १७ टोलिले प्रतियोगितामा सहभागिता जनाएका थिए। प्रतियोगितामा प्रथम हुनेले नगद १ लाख, प्रमाणपत्र, द्वितीय हुनेले नगद ७५ हजार, प्रमाणपत्र, तृतीयले ५० हजार, प्रमाणपत्र र सान्त्वना हुनेले नगद २५ हजार र प्रमाणपत्र प्राप्त गरेको प्रचार प्रसार उपसमितिका संयोजक रामप्रसाद पौडेल घर्मेलीले जानकारी दिए । सहभागी टोलीलाई जनही ५ हजार र प्रमाणपत्र प्रदान गरिएको थियो । उत्कृष्ट टोलीलाई प्रतिष्ठानका पुर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासी, अध्यक्ष हरिवहादुर वरूवाल, मानार्थ सदस्य हरिलाल तिमिल्सिना लगायतकाले पुरस्कार वितरण गरे ।

प्रतियोगिताको निर्णायकमा प्रा डा कुशुमाकर न्यौपाने, डा अम्बिका प्रसाद भट्टराई, नवराज बराल, सिर्जना थापा र शिवप्रसाद पराजुली थिए । प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले धार्मिक सहिष्णुता र एकताले समाजलाई असल बाटोमा दोहोर्याउने बताए । उनले पोखरा प्रकृतिको मात्र नभई कला, संस्कृति र परम्परामा पनि उत्तिकै धनी रहेको बताए । प्रतिष्ठानका अध्यक्ष वरूवालको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष दुर्गादेवी बस्नेत, पशुपति कोटी होमका संकल्प कर्ता योगेश्वर विजय कृष्णमुर्ति महाराज, सचिव दिपेन्द्र बानियाँ, सदस्य सुनिता देवकोटा, रामप्रसाद पौडेल लगायतकाले बोल्नुभएको थियो । कार्यक्रमको सञ्चालन अग्रज गायक प्रजापति पराजुलीले गरेका थिए। कार्यक्रममा सहयोगदातालाई सम्मान समेत गरिएको थियो । राती अबेरसम्म भएको कार्यक्रम हेर्न आसपासका क्षेत्रबाट उल्लेख रूपमा दर्शक सहभागी भएका थिए ।

# करोडौँको योजना कार्यान्वयन हुन सकेन

पोखरापत्र संवाददाता
पोखरा, ११ भदौं

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ मा रहेको पर्यटकीयस्थल भुरुङ-तातोपानी कुण्डमा पूर्वाधार निर्माणका भित्रिएको करोडौँको योजना कार्यान्वयन हुन सकेको छैन ।

अन्नपूर्ण चक्रीय पदमार्ग र मुस्ताङ जाने पर्यटकका लागि विश्रामस्थलको रुपमा रहेको तातोपानी कुण्डलाई व्यवस्थित बनाउन सङ्घीय सरकारले पठाएको रु एक करोड ३० लाख बजेटको योजना कार्यान्वयन भएको हो ।

अन्नपूर्ण गाउँपालिका-२ भुरुङ-तातोपानीका वडाध्यक्ष ओमप्रकाश फगामीले तातोपानी कुण्ड छेउमा रहेको बेनी-जोमसोम-कोरला सडकको नक्साङ्कन टुङ्गो लगाउन भएको ढिलाइका कारण पर्यटकीय पूर्वाधार निर्माणका लागि भित्रिएको बजेट र योजना कार्यान्वयन गर्न नसकिएको बताउनुभयो । भुरुङ-तातोपानी पूर्वाधार निर्माण शीर्षकमा आर्थिक वर्ष २०७९/८० मा रु ८० लाख र २०८०/८१ मा प्राप्त भएको रु ५० लाख बजेट कार्यान्वयन नभएको हो ।

"यसअघिका दुई आवमा बजेट आए पनि बेनी-जोमसोम-कोरला सडक आयोजनाले कताबाट सडक बनाउने भन्ने टुङ्गो नलगाएपछि तातोपानी कुण्डमा पूर्वाधार बनाउन सकिएन", उहाँले भन्नुभयो, "सडक आयोजनाले अहिले तातोपानी कुण्ड मुनी कालीगण्डकी नदीको किनारै किनार सडक बनाउने नक्शाङ्कन टुङ्गो लगाएको छ ।" तर सङ्घीय सरकारले यसपाली भुरुङ तातोपानीको पूर्वाधार योजनाका लागि बजेट र योजना कटौटी गरेको छ ।

जमिनभित्रको मुहानबाट करिब ५० डिग्री तापक्रममा निस्कने प्राकृतिक तातोपानी सङ्कलन गरिएको दुई वटा पोखरी र धारामा स्नान गर्न सकिने भुरुङ-तातोपानी पूर्वाधार अभावमा व्यवस्थित बन्न सकेको छैन । खुला आकाशमुनि रहेको कुण्डमा घाम र पानी छेक्ने छानो छैन । खुला रुपमा धारामा स्नान गर्नुपर्छ । कपडा, सामग्री राख्ने र कपडा फेर्न व्यवस्थित ठाउँ आवश्यक छ । सवारीसाधन पार्किङ गर्ने ठाउँ छैन ।

तातोपानीमा शरीर डुबाएर स्नान गर्दा शारीरिक स्फूर्ति बढ्ने, थकान मेटिने, चोट पटक लागेको, सुन्निएको, बज्रिएको समस्या निको हुने जनविश्वास छ । अन्नपूर्ण चक्रीय पदमार्ग र मुस्ताङ जाने आउने पर्यटकका लागि भुरुङ-तातोपानीलाई थकान मेटाउने विश्रामस्थल हो । मुस्ताङको चिसो हावापानीबाट आएका तातोपानीमा स्नान गरेर न्यानो महसुस गर्छन् ।

यसअघि कुण्डको कुनातर्फबाट खोलीएको बेनी-जोमसोम-कोरला सडक विस्तार गरेर ११ मिटर फराकिलो बनाउँदा कुण्डको मुहान र पोखरी पुरिने भएकाले नक्शाङ्कन परिवर्तन गर्न स्थानीयवासी, जनप्रतिनिधि र सरोकारवालाले माग गरेका थिए ।

तातोपानीको मुहान र पोखरीलाई असर नपर्ने तथा कालीगण्डकी नदीको कटान पनि नियन्त्रण हुने गरि कुण्डमुनिबाट सडकको नयाँ नकाङ्कन गरिएको छ । अन्नपूर्ण अध्यक्ष भारतकुमार पुनले नयाँ नक्शाङ्कन अनुसार भुरुङ-तातोपानी कुण्ड क्षेत्रमा सडक स्तरोन्नतिका लागि बेनी-जोमसोम-कोरला सडक आयोजनालाई ताकेता गरिएको बताउनुभयो । सङ्घीय सरकारले पठाएको बजेट कार्यान्वयन हुन नसके पनि गाउँपालिकाको स्रोतबाट तातोपानी कुण्डमा पूर्वाधार निर्माण गरेर व्यस्थित गरिने उहाँले बताउनुभयो ।

बेनी-जोमसोम-कोरला सडक आयोजना कार्यालयले भुरुङ-तातोपानी क्षेत्रमा बाँकी रहेको सडक स्तरोन्नतिका लागि ठेक्का आह्वानको तयारी गरेको जनाएको छ ।

# तनहुँबाट तीन अर्ब बजेट फिर्ता

पोखरापत्र संवाददाता
दमौली, ११ भदौं

तनहुँमा एक वर्षको अवधिमा रु तीन अर्बभन्दा बढी बजेट खर्च नभएर फिर्ता भएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा सङ्घ तथा प्रदेश सरकारबाट विनियोजित बजेटमध्ये रु तीन अर्ब ७३ लाख २९ हजार एक सय ४० खर्च हुन नसकी फिर्ता भएको हो । सङ्घ सरकारतर्फ रु एक अर्ब ९१ करोड पाँच लाख १२ हजार पाँच सय ४९ र प्रदेश सरकारतर्फ रु एक अर्ब नौ करोड ६८ लाख १६ हजार पाँच सय ९१ खर्च हुन नसकेको कोष तथा लेखा नियन्त्रण कार्यालयका कोष नियन्त्रक नकुल सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्घ सरकारमार्फत चालुतर्फ रु ७८ करोड ४४ लाख ४७ हजार पाँच सय ९८ र पुँजीगततर्फ रु एक अर्ब १२ करोड ६० लाख ६४ हजार नौ सय ५० खर्च हुन सकेन । उक्त अवधिमा चालुतर्फ रु नौ अर्ब ३८ करोड ४५ लाख २३ हजार छ सय ४० पुँजीगततर्फ रु तीन अर्ब ९६ करोड १४ लाख ५७ हजार तीन सय ९९ गरी रु १३ अर्ब ३४ करोड ५९ लाख ८१ हजार ३९ विनियोजन भएको थियो । प्रदेशतर्फ चालुतर्फ रु २७ करोड २१ लाख ४८ हजार नौ सय ७८ र पुँजीगततर्फ रु ८२ करोड ४६ लाख ६७ हजार छ सय १२ खर्च हुन नसकेको कार्यालयले जनाएको छ । त्यसअवधिमा चालुतर्फ रु ८७ करोड ४० ला ५३ हजार नौ सय ८० र पुँजीगततर्फ रु तीन अर्ब २६ करोड ६० लाख १६ हजार गरी रु तीन अर्ब ९० करोड ६९ हजार नौ सय ८० विनियोजन गरिएको थियो ।

यसैगरी जिल्लामा उक्त अवधिमा विकास बजेट ७२ प्रतिशत खर्च भएको छ । त्यसक्रममा पुँजीगततर्फ विनियोजित रकममध्ये ७२.०८ प्रतिशत खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालय तनहुँले जनाएको छ । अघिल्लो आर्थिक वर्षमा पुँजीगततर्फ ६५ प्रतिशत मात्रै विकास बजेट खर्च भएको थियो । सङ्घतर्फ पुँजीगतमा ७१.५७ र प्रदेशतर्फ ७२.७४ प्रतिशत बजेट खर्च भएको उहाँको भनाइ छ । सङ्घ सरकारबाट रु तीन अर्ब ९६ करोड १४ लाख ५७ हजार तीन सय ९९ विनियोजन भएकामा रु दुई अर्ब ८३ करोड ५३ लाख ९२ हजार चार सय ४९ खर्च भएको छ । गण्डकी प्रदेश सरकारमार्फत जिल्लाका लागि विकासतर्फ रु तीन अर्ब दुई करोड ६० लाख १६ हजार विनियोजन भएकामा रु दुई अर्ब २० करोड १३ लाख ४८ हजार तीन सय ८८ खर्च भएको कार्यालयले जनाएको छ । योजना छनोट गरेर लागू गरेपछि बोलपत्र प्रक्रिया हुने, बोलपत्र प्रक्रिया पूरा भएर काम सुरु गर्दा सुरुका केही महिनामा काम ढिला हुने गरेकाले सुरुका महिनामा कम खर्च देखिने सापकोटाको भनाइ छ । तनहुँमा करिब एक चौथाइ विकास बजेट अन्तिम असार महिनामा मात्रै खर्च हुने गरेको विगतको तथ्याङ्कले देखाएको छ । गत आव २०७९/८० को असार महिनामा मात्रै सङ्घ र प्रदेश सरकारबाट पुँजीगततर्फ विनियोजित बजेटमध्ये २२ दशमलव ३९ प्रतिशत बजेट खर्च भएको थियो ।

गत आव २०७९/८० मा सङ्घ तथा प्रदेश सरकारबाट रु १६ अर्ब ७२ करोड ५८ लाख एक हजार छ सय ४६ विनियोजन भएकामा रु १३ अर्ब ८५ करोड ९१ लाख ८१ हजार पाँच सय खर्च भएको थियो । त्यस वर्ष पुँजीगततर्फ सङ्घ सरकारबाट रु तीन अर्ब ३२ करोड २७ लाख ९६ हजार तीन सय ९० विनियोजन भएकामा रु दुई अर्ब १९ करोड नौ लाख ७४ हजार दुई सय छ खर्च भएको थियो । त्यस वर्ष ६५ प्रतिशत मात्रै विकास बजेट खर्च भएको थियो । प्रदेश सरकारबाट रु दुई अर्ब ९४ करोड पाँच लाख १५ हजार एक सय ८७ विनियोजन भएकामा रु एक अर्ब ९६ करोड १२ लाख २१ हजार नौ सय ९४ खर्च भएको थियो ।

# खेलाडीको उपचारलाई सहयोग

पोखरापत्र संवाददाता
तनहुँ, ९ भदौं

तनहुँको म्यादे गाउँपालिका-१ गुणादीस्थित फ्रेण्डसीप युवा क्लबका खेलाडी मन्दिप आलेको उपचारमा सघाउन अमेरिकाबाट रु दुई लाख सहयोग प्राप्त भएको छ ।

मोटरसाइकल दुर्घटनामा परी घाइते उनको उपचारका लागि आर्थिक अभाव भएपछि सहयोग सङ्कलन अभियान सञ्चालन गरिएकामा अमेरिकाबाट उक्त सहयोग प्राप्त भएको हो । मगर सङ्घ अमेरिकाका केन्द्रीय समितिका भाषिक उपाध्यक्ष एवं क्लवका सल्लाहकार गणेश आलेको नेतृत्वमा अमेरिकामा उक्त रकम सङ्कलन गरिएको फ्रेण्डसीप युवा क्लवका अध्यक्ष दुर्गाराज रानाले जानकारी दिनुभयो । मगरको उपचारमा आर्थिक अभाव भएपछि क्लबको सक्रियतामा 'मन्दिप बचाउ अभियान' सञ्चालन गरिएको छ । गत साउन २८ गते बरचौरमा मोटरसाइकल दुर्घटनामा परी घाइते भएका आलेको आर्थिक अवस्था कमजोर रहेकाले सहयोग जुटाउन थालिएको हो । उनको टाउकोमा गम्भीर चोट लागेको छ । आलेको गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको क्लबका सचिव मिलन थापाले जानकारी दिनुभयो ।

# मुस्ताङको थासाङमा पुनःहिउँपहिरो, बोक्सीखोला थुनियो

पोखरापत्र संवाददाता
म्याग्दी, ११ भदौं

धौलागिरि हिमशृङ्खलाको मानापाथी हिमालबाट मंगलबार साँझ पुनःहिउँपहिरो खसेको छ ।

मुस्ताङको थासाङ गाउँपालिका-२ स्थित मूलखर्कमा यही असोज ७ गते अपराह्न पनि हिउँ पहिरो खसेको थियो । थासाङ गाउँपालिका-२ का वडाध्यक्ष समेत रहेका थासाङ गाउँकार्यपालिकाका प्रवक्ता गौतम शेरचनले हिउँपहिरोले बोक्सीखोला पूर्ण रुपमा थुनिएको बताउनुभयो ।


"यसअघिको पहिरो मूलखर्क क्षेत्रमा थुप्रिएको थियो, आजको हिउँपहिरो बोक्सीखोलाको नजिकै धेरै तलसम्म आएको छ", उहाँले भन्नुभयो, "हिउँपहिरोले बोक्सीखोला पूर्ण रुपमा थुनिएकाले सतर्कता अपनाइएको छ ।" बोक्सीखोला कालीगण्डकीको सहायक नदी हो । मंगलबार साँझ ५:४५ मा हिउँपहिरो खसेको थियो । आसपासमा बस्ती नभए पनि बेनी-जोमसोम सडक बोक्सीखोलामा पर्दछ ।

यसअघि विसं २०७८ कात्तिक २८ र फागुन २१ गते थासाङ गाउँपालिका-२ कोवाङमा टुकुचे हिमालबाट आएको हिमपहिरोले एक सय ५० भन्दाबढी चौंरीगाई मरेका थिए ।

वामपन्थी नेता

# टेकनाथ बराल स्मृति विशेषाङ्क

पोखरापत्र राष्ट्रिय दैनिक ❑ २०८१ भदौ १२ गते बुधवार ❑ 28 Aug 2024



## संक्षिप्त जीवनी वामपन्थी नेता टेकनाथ बराल

✍ रामराज रेग्मी

टेकनाथ बरालको जन्म पोखरा महानगरपालिका वार्ड नं ७ नुवारथोकमा वि.सं. १९९६ मा भएको थियो । उनी पिता दण्डपाणी बरालकी कान्छी श्रीमती तिलू पौडलतर्फका कान्छा छोरा हुन् । उनको परिवार धनी किसान वर्गमा पर्दथ्यो । उनले ढिलो गरी लेख्न पढ्न सुरु गरे । पोखराको नदीपुरस्थित राष्ट्रिय निम्न माध्यमिक विद्यालयबाट कक्षा ८ को अध्ययन पुरा गरेपछि नर्मल तालिम लिएर उनी शिक्षण पेशामा प्रवेश गरे र वैदाममा आफ्नै पहलमा जनज्योति प्राथमिक विद्यालय स्थापना गरी प्रधानाध्यापकका रूपमा कार्यरत रहे । शिक्षण पेशामा रहेकै बेला उच्च शिक्षाको आवश्यकता महसुस गरी भद्रकालीमा सञ्चालित मौजा रात्री पाठशालामा भर्ना भए र आफ्नो अध्ययनलाई जारी राखे । साथै सामाजिक सेवामा अभिरुची राख्ने भएकाले उनी पञ्चायती व्यवस्थाअन्तर्गतको नेपाल युवक सङ्गठनमा आवद्ध भए र त्यस सङ्गठनको सभापति पदमा समेत आसीन भए ।

२०२१ सालको घटना हो । टेकनाथजीको जीवनमा सोच्दै नसोचेको विपत्ती आइलाग्यो । रातको समयमा उनको घर नजिकै फेवातालको किनारमा रहेको राजाको दरवार रत्न मन्दिरमा जोडिने टेलिफानको तार चोरी भयो । परिबन्दको कुरा, तार काटिएकै राती विद्यालयको विषयलाई लिएर टेकनाथजीले वैदाममा कुनै व्यक्तिका घरमा बैठक बोलाएका रहेछन् । 'स्याल कराउने कुखुरा हराउने' भने जस्तै मीनबहादुर गुरुङ र लीलाभक्त आचार्य लगायतका काङ्ग्रेसका कार्यकर्ताहरूसँगै उनी पनि गिरफ्तार भए । प्रहरी प्रशासनले प्रारम्भिक अनुसन्धानपछि टेकनाथ बराललाई धौलागिरी अञ्चलाधीश कार्यालयमा दैनिक हाजिर हुने शर्तमा छोडिदियो भने अरूलाई जेलमा थुन्यो । अञ्चालाधीश कार्यालयमा



दैनिक हाजिरीमा जानुभन्दा विदेशिएर आफ्नो अध्ययन अगाडि बढाउनु श्रेयस्कर ठानी उनी भारतको बनारसतर्फ लागे । घरतर्फ उनले आमाबाबुलाई सानैमा गुमाइसकेका थिए र दाजुहरूको संरक्षणमा सगोल परिवारमा बसोबास गर्दै आएका थिए । उनको विवाह त्यतिखेरको प्रचलनअनुसार सानै उमेरमा सल्यानी साहु भोजराज पौडेलकी साँहिली छोरी हरिकलासँग भएको थियो ।


बनारसमा टेकनाथले आफ्नो अध्ययनलाई चालु राखी म्याट्रिक पास गरे । तर त्यहाँको वातावरणले उनको जीवनमा ठूलो हेरफेर ल्याइदियो । उनी पुष्पलालको सम्पर्कमा पुगे र मार्क्सवादी विचारबाट प्रशिक्षित भए । एक वामपन्थी विद्यार्थीका रूपमा अब उनी वामपन्थी विद्यार्थीहरूको सङ्गठन 'बाराणसी छात्र परिषद्' मा सक्रीय हुन थाले । बनारसको दुई वर्षको बसाइपछि टेकनाथ बराल २०२३ सालमा नेपाल फर्किए । उनले एक भूमिगत कम्युनिष्ट कार्यकर्ताको जिम्मेवारी लिएर आएका थिए । त्यतिखेर जिल्लाको पार्टी काम लथालिङ्ग अवस्थामा थियो । टेकनाथजीले कास्की जिल्लाको निष्क्रिय सङ्गठनलाई गति दिए ।

राजनीतिमा लागेका कारण उनका दाजुहरूले अंशबण्डा गरी उनलाई छुट्याइ दिए । अब टेकनाथले घर सञ्चालनको जिम्मेवारी पनि बहन गर्नुपर्‍यो ।

यही परिस्थितिमा उनीमाथि अर्को विपत्ति आइलाग्यो । राजनीतिक गतिविधिमा संलग्न भएको रीपोर्ट जिल्ला प्रशासनसमक्ष पुगेकाले उनी २०२४ सालमा गिरफ्तार भई जेल चलान गरिए । दुई वर्षको जेल जीवनपछि २०२६ सालमा रिहा भए । अब उनले घर व्यवहार चलाउँदै पार्टी कार्यलाई निरन्तरता दिनु परेको थियो । २०२५ सालमा पुष्पलालले गोरखपुर सम्मेलन गरी नयाँ जनवादी कार्यक्रमका आधारमा पार्टीलाई गति दिएका थिए । जिल्ला जिल्लामा कार्यकर्ताहरूमा सङ्गठनात्मक गतिविधि बढ्न थालेको थियो । तर त्यस उत्थानको केहीवर्षपछि नै झापा आन्दोलनको सशस्त्र सङ्घर्षको रापतापले देशका अधिकांश क्रान्तिकारीहरूलाई प्रभाव पार्दा पुष्पलाल नेतृत्वको नेकपाको साख घट्न थाल्यो । आफ्नो पार्टीलाई पनि क्रान्तिकारी देखाउन एक थरी नेताहरूले गाउँका धनी मानिसकहाँ सशस्त्र कारवाही गरी पार्टी सञ्चालनका निम्ति धन सम्पत्ति सङ्कलन गर्ने प्रस्ताव अघि सारे । टेकनाथजीको यसमा सहमती थिएन । तर पार्टीलाई समेत अटेरी गरी २०२९ सालको आखिरतिर पर्वतको चुहामा र कास्कीको कृस्ति नाच्नेचौरमो राती धनी व्यक्तिका घरमा लुटपाट मच्चाइयो । कास्कीमा कृस्ति नाच्नेचौरको घटनाको खोजीका सिलसिलामा प्रहरीले एक कार्यकर्ताको घरबाट नेकपामा संलग्न व्यक्तिहरूको हस्तलिखित नामावली भेट्टाएकाले पक्रिनबाट जोगिन टेकनाथ बराल २०३० सालको बैसाखमा बनारस पुगे ।

तर केन्द्रको अवस्था बिग्रँदै गएको थियो । पार्टीमा क्रियाशील भएका हस्तीहरू मदन भण्डारी, जीवराज आश्रित, युद्धप्रसाद मिश्रलगायतका नेताहरू पार्टी गलत बाटोमा हिँडेको – बाँकी पृष्ठ ख मा

## बुवाबाट मैले सिकेको-श्रमलाई सम्मान



✍ विद्याविमल बराल

आदरणीय बुबा टेकनाथ बराल जिबनभर न्याय र समानताको लागि लड्नुभयो । समाज र देशको राजनीतिक परिवर्तनको लागि लडदा कहिल्यै थाक्नु भएन । परिवर्तनमा लागेबापत कुनै अवसर र सुविधा लिनुभएन । उहाँको त्याग र स्वाभिमानता प्रति म गौरब र सम्मान व्यक्त गर्दछु ।

बुबा हरेक विषय र हरेक सन्दर्भमा आफ्नो परिवारप्रति आशक्ति भएको आरोप नआवोस भन्ने कुरामा सचेत हुनुहुन्थ्यो । त्यसैले उहाँको प्राथमिकतामा परिवार कहिल्यै रहेनन् । उहाँ सिधा भन्नुहुन्थ्यो मसँग तिमीहरुले केही आसा नगर म जनताको छोरो हो । जनताको बीचमा काम गर्छु, जनताले मलाई पाल्छन् ।

मैले सानै उमेर देखि बुबालाई यसरी बुज्ने गरेको छु । हाम्रो जिउने मुख्य पेशा कृषि थियो । बुबा दिनभरी काममा व्यस्थ हुनुहुन्थ्यो साझ परेपछि उहाँको राजनीतिक क्रियाकलाप सुरु हुन्थ्यो, भूमिगत पार्टीका भेटघाट र मीटिङहरुमा व्यस्थ हुनुहुन्थ्यो । उहाँ हरेक साझ हराउनु हुन्थ्यो आधा रातमा घरमा फर्कनु हुन्थ्यो । बुबा फेरी केही दिन हराउनुहुन्थ्यो, कहिलेकाँही हप्ता भरी, महिना भरी हराउनु हुन्थ्यो । २४ सालमा बुबा जेल परेपछि २६ सालमा छुट्नु भएको थियो । पुलिसका गुप्तचरहरुको नजर बुबा माथि पारिरहन्थ्यो । घरमा पुलिस प्रशासनले वारेन्ट पूर्जी टास्थ्यो, घरमा पटकपटक खोजतलासी गर्थ्यो । यो २०२९, ३० साल तिरको कुराहो बुबा भूमिगत एक वर्ष बिताइ सकेपछि प्रवास तिर लाग्नुभयो र चार वर्षसम्म हराउनुभयो । बुबा प्रवासमा निर्वासित हुँदा पिङ्गला तीन वर्ष, प्रभा सात वर्ष र शोभा १० बर्ष र म बिद्या १५ वर्षको उमेर थियो । म भर्खर ९ कक्षा पास गरेर १० म पढ्दै थिए । हाईस्कुल सकेर कलेज गैसकेपछि म पनि विद्यार्थी राजनीतिमा क्रियाशील भए तर २०३५/३६ साल अगाडिको पञ्चायती निरंकुशता धैरै कठोर थियो । बुबाको अनुपस्थितिमा हामीलाई अभिभावकत्व दिने काम ठुलो बुबा होमनाथ बरालबाट भयो । पञ्चायती शासनकालमा पार्टी संगठन निर्माण गर्न बुबाले भोगेका दुःखहरु, परिवारले खेपेका दुःखहरु, यो सानो अभिव्यक्तिमा उल्लेख गर्न सम्भव छैन ।

बुबा हरेक विषय विज्ञान सम्मत छ कि छैन, मार्क्सवादी विश्व दृष्टि कोण अनुरुप छ कि छैन भनेर हेर्नुहुन्थ्यो र व्यवहारमा त्यसलाई लागू गरिहाल्नु हुन्थ्यो । हाम्रो घरमा शुरुदेखिनै छुवाछुतको अन्त्य भाईसकेको थियो, दलितहरूभनेर हाम्रो घरको भान्छामा कुनै रोक तोक थिएन । सबैप्रति समान व्यवहार हुन्थ्यो । घरमा आयस्रोत को कमि हुँदा बुबाले कुखुरा पालन शुरु गर्नु भयो । त्यो बेला ब्राह्मणले कुखुरा पाल्नु, कुखुराको अण्डा र मासु खानु घृणा र हेयको दृष्टिले हेरिन्थ्यो । ब्राह्मणहरूकसैले पनि त्यो बेला कुखुरा पाल्दैनथे । नुवार्थोक, बैदाम, मासबार, मालेपाटन, प्रस्याङदेखि सिमलचौरसम्म खुब हल्लीखल्ली मचियो । कुनै-कुनै बुढापाकाहरू घरै आएर बाउन् को छोराले कुखुरा पाल्न भएन भने । जब कुखुरा पालनबाट राम्रै आम्दानी भएको र घरको खर्च धानिएको थाहा पाएपछि उनै विरोध गर्ने र असन्तोष गर्नेहरुका घरमा पनि कुखुरा पालन शुरु भयो । बुबा धर्म र सस्कृतिको बिरुद्धमा विद्रोह बोलिरहनुहुन्थ्यो । उहाँको मामाघरबाट अष्टधेनु महायज्ञको निम्तो आउँदा बुबाले धुवाधार बिरोध गर्नुभएको थियो ।

बुबाको अर्को महत्वपूर्ण बिशेषता थियो श्रमप्रतिको विश्वाश र सम्मान । बुबा भन्नुहुन्थ्यो यो संसार यिनै दुई हातको श्रमले सिगारिएको छ । श्रम गर्ने मानिसहरूमहान हुन । श्रम गर्नेहरुलाई सबैले सम्मान गर्नु पर्छ । जीवनमा आफूले सधैं श्रम गर्ने बानी बसाल्नु पर्छ । जतिसुकै दुःख परेपनि श्रम गर्ने बानी छ भने उसलाई बाँच्नको लागि कुनै दुःख हुँदैन । जीवनका धेरै पलहरुमा र आयमहरुमा बुबासँग मैले पनि धेरै छलफल र बहश गरेको छु, बुबालाई साथ दिएको छु । बुबा प्रवासमा तीन वर्षसम्म हराउदाँ १६ वर्षको उमेरमा भारतको आसामसम्म पुगेको छ । कम्युनिष्टहरूफुटेर चिरा चिरा भएको बेला बुबाले कम्युनिष्ट एकताको लागि निकै कसरत गर्नु भएको थियो । पार्टीहरुको बीचमा मोर्चा बनाउने, उनीहरुको बीचमा दुरी कम गर्न, म आफू पनि तटस्थ भएर बुबालाई साथ दिएको थिए ।

बुबाले सामाजिक न्याय र रुपान्तरणको लागि जीवनभर संघर्ष गर्नुभयो । जोवनको उत्तरार्धमा मानवअधिकारको पक्षमा निरन्तर क्रियाशील हुनुभयो । बुबा सँग बिताएका ती दिनहरूअब सम्झनामा मात्र बाँकी छन । फेरी पनि बुबाको त्याग र स्वाभिमानता प्रति गौरव र सम्मान ब्यक्त गर्दै, उहाँको पद्चाप पछ्याउने संकल्प गर्दै श्रद्धासुमन ब्यक्त गर्दछु ।

## टेकनाथ बरालको साहित्यिक संलग्नता



✍ भीम रानाभाट

वि.सं. १९९६ साल जेठ ५ गते कास्की जिल्ला पोखरा नगरपालिका -०६ नुवारथोक बैदाममा जन्मिएका कीर्तिशेष टेकनाथ बराल नेपाली राजनीति र मानवाधिकारका क्षेत्रमा चिनाइरहनु पर्ने नाम होइन । नेपाली कम्युनिस्ट आन्दोलनमा आबद्ध टेकनाथले सामाजिक सांस्कृतिक र मानवाधिकारको आन्दोलनमा अग्रभागमा रहेर आफ्नो भूमिका निर्वाह गरिरहे । जहानिया राणा शासन एकतन्त्रीय पन्चायत भ्रष्टाचारमा चुर्लुम्मै डुबेको संसदवादी बहुदलीय व्यवस्था र नियम नभएको लङ्गडो गणतन्त्रलाई बरालले बोकेरै हिँडे । उनै टेकनाथसँग ठोक्किन आएका केही विषय र उनी संलग्न साहित्यिक सङ्घसंस्थाकाबारेमा केही कुरा राख्ने जमर्को गर्दछु ।

बाल्यकालमा राणाको क्रुर शासन भोगे । पन्चायतमा क्रान्तिकारी शिक्षक भएर होभन्नाका गोता खाए । बनारसमा प्रवासी जीवन बिताउनु पर्‍यो । बनारसमा साहित्यिक सक्रियता र राजनीतिक सक्रियता पनि । आसाम मेघालयमा शिक्षाको ज्योति बाल्ने प्रतिभाशाली काम । २०४६/४७ को जनआन्दोलमा संयुक्त वाममोर्चाका कमाण्डर । महाकाली बचाउ अभियानका अभियान्ता । पछि यसैलाई राष्ट्रिय सम्प्पदा तथा जनअधिकार सरोकार केन्द्र बनाउने संस्थापक । सांस्कृतिक रुपान्तरण अभियानका अभियान्ता ।

पोखराका प्रगतिशील र प्रगतिवादी साहित्यिक संस्थाका सल्लाहकार यहाँ उनको साहित्यिक र सांस्कृतिक पाटोको छोटो चर्चा गर्नु सान्दर्भिक होला भन्ने ठान्दछु । टेकनाथ बराल शिक्षित भएकाले सत्तासँग डराएनन् । जनअधिकारकालागि जीवनभर सङ्घर्ष गरिरहे । आफ्ना अनुभवहरू लेखिरहे । वनरसको प्रवासमा रहँदा भानु-उदय साहित्यिक पत्रिकामार्फत् लेख रचना प्रकाशन र सम्पादनको जिम्मेवारी लिएको देखिन्छ । अङ्क ३ मा "यो विज्ञानको युग" र अङ्क ४ मा "इतिहासको पानाबाट" नामक रचना सिर्जना छापिएको पाइन्छ । साथै यस बेलाका अङ्कहरुको खर्चपर्चको व्यवस्था पनि उनले गरेको कुरा उनकै मुखबाट सुनिएको थियो । २०४५/४६ सालमै स्थापना भएको साहित्य शृङ्खलाको सल्लाहकार एवं शुभचिन्तक रहेर आजको अवस्थासम्म ल्याउन पहल । गण्डकी साहित्य सङ्गम र गोकुल/गण्डकी साहित्य पुरस्कारको अक्षयकोष निर्माणमा मार्ग निर्देशन । संस्थाको सल्लाहकारमा रहेर योगदान दिएको । प्रगतिशील लेखक सङ्घ कास्कीको विकासमा योगदान र सहयोग । सांस्कृतिक रुपान्तरण अभियान नेपालको संस्थापक सल्लाहकार भै अग्रगमन र रूपान्तरणमा सरिक भैरहेको ।

पोखरा र आसपासका साहित्यिक कार्यक्रममा प्रायः प्रमुख अतिथिको रुपमा रहेर साहित्य कला र संस्कृतिकाबारेमा महत्वपूर्ण विचार प्रवाह गरिरहे जुन मजदुर किसान र तल्लो वर्गका श्रमजीवीका हितमा बोलिरहे । यसरी कमरेड टेकनाथ बरालले नेपाली साहित्य कला संस्कृतिका क्षेत्रमा उल्लेख्य योगदान दिएको कुरा हाम्रा सामु छर्लङ्ग छ । सांस्कृतिक रुपान्तरणलाई इङ्गित गरेका उनकै कविताद्वारा उनलाई हार्दिक श्रद्धा सुमन ।

१) न म सन्यासी न ब्राह्मण
क्षेत्री वैश्य हूँ ।
शुत्रादि भनिने मेरा आफ्नै हुन्
न म शुद्र हूँ ।
न हिन्दु बौद्ध क्रीश्चियन न
मुस्लिम न म जैन हूँ ।
न म आस्तिक न म नास्तिक न
ताओ खेमा शिख हूँ ।
बरु यी र यस्ता सयौं धर्मिक
सम्प्रदायहरुको कुराको
चुरो के हो ?बुझ्न खोज्ने
मानिस हूँ केवल मात्र मानिस हूँ ।

२) हैन यो विजय हाम्रो हो यो
सामन्तको टीका
नकाव तिनकै पहिरी बोल्छौ
आवाजको टीका
लड्छौ लड्छौ निकै लड्छौ
यो हो समाजको टीका
जित्छौ जित्छौ अनि जित्छौ
बल्ल पो लाउला टीका

## टेकनाथ बराललाईं सम्झँदा

✍ बिना सिलवाल

सम्झनामा टेकनाथ बुबा अग्लो पातलो कदमा फट्टीक जस्ता टल्कने लामा लामा केश र दारी निडर र हटी स्वभावका ब्यक्तित्वसँग मेरो पहिलो पटक इन्सेक पोखराद्वारा आयोजित एक कार्यक्रममा सन् २००२ मा पोखरामा भेट भयो । कार्यक्रमको मध्यान्तरमा चिया पिउने क्रममा वहाँसँग साक्षात्कार गर्ने अवसर मिल्यो र छोटो समयको चिनजान र कुराकानी मै बाहिरी जिल्लाबाट पोखरालाई कर्मथलो बनाएर आएकी मलाई एक अभिभावक भेटे जस्तो महशुस भयो ।

उक्त कार्यक्रमको अन्तमा वहांको मन्तब्यमा व्यक्त भएका महिला सशक्तिकरण र जातीय तथा धार्मीक विभेद बिरुद्धका अभिब्यक्तिहरू सुन्दा उहाँप्रतिको श्रद्धा र बिश्वास अझै बढेर गयो । हामी दुबै लेकसाइडका बासिन्दा र समान उद्देश्यका साथ अगाडि बढेका भएकाले भेटघाटको मात्रा दिनानुदिन बढ्नु स्वभाविकै थियो । कन्यादानको वास्तविक अर्थ र यसको प्रचलनले २१ औं शताब्दीको सामाजिक रुपान्तरणको अभियानमा ल्याउन सक्ने चुनौती लगायत वहाँका धेरै नै अभिव्यक्तिहरुबाट म प्रेरित भएर छु । वहांको पार्थिक शरीर हामी बिच नरहे पनि वहांका बिचार र अभिब्यक्तिहरू अमर रहनेछन् भन्ने आशासहित हार्दिक श्रद्धा सुमन ब्यक्त गर्दछु ।

# टेकनाथ बराल: मानव अधिकार आन्दोलनका नक्षत्र

✍ खगराज आचार्य



पातलो शरीर, मझौला कद, सेतै फुलेर कुमबाट अझै तल झर्न प्रयत्नरत कपाल र छाती समेत ढाक्न झरेका सेतै दाह्री भएका टेकनाथ बराललाई पश्चिमाञ्चलमा नचिन्ने कमै छन् । बि.सं. १९९६ साल जेठ ५ मा पोखराको नुवारथोक साहु खान्दानमा जन्मनु भएका उहाँ चार जना दाजु भाई मध्ये सबै भन्दा कान्छो हुनुहुन्थ्यो । तत्कालिन समयमा एस एल सी नगर्दै २०१६ सालमा पोखराको बैदाम तिनअम्चुरे स्थीत प्राथमिक स्कुल (हालको ताल बाराही माध्यमिक बिद्यालय) का संस्थापक प्रधानाध्यापक हुनु भएका टेकनाथ बराल २०२० सालमा भारतको बनारस गएपछी पहिला विश्वेश्वर प्रसाद कोइराला र पछी पुष्पलाल श्रेष्ठसँग निकट रहँदा कम्युनिष्ट राजनीतिमा प्रवेश गर्नु भएको तथा दाजु नाताका ठुलाबाबु भनेर चिनिने होमनाथ बरालको सान्निध्यतामा रहँदा प्रेरित भएर सामाजिक र राजनीतिक व्यवहारबाट मानिसको हक, अधिकार र सामाजिक जीवनको बारेमा सरोकार राख्ने हुनुभएको उहाँका परिवारजनबाट ज्ञात हुन्छ।

बनारसबाट फर्केपछि टेकनाथ बरालले तत्कालिन पञ्चायती ब्यवस्थाको बिरुद्धमा कम्युनिष्ट पार्टीको राजनीति गरेको कारणले सरकारबाट बिभिन्न आरोप र मुद्दाहरूझेल्दै जेलयात्रा सम्म गर्नु परेको थियो, तथापि उहाँ आफ्नो यात्राबाट पलायन भएर तत्कालिन सरकार समक्ष आफुलाई समर्पण गर्नु भएको कहिल्यै सुनिएन। २०४६ सालको पञ्चायती ब्यवस्था बिरोधी संयुक्त जनआन्दोलनको तयारीको क्रममा उहाँलाई गण्डकि अञ्चलका तत्कालिन माले सहित प्रायः सबै बामपन्थी पार्टीहरुको संयुक्त बाममोर्चाको गञ्डकी अञ्चल अध्यक्ष बनाएर पोखरामा संयुक्त जनआन्दोलनको नेतृत्व गर्नु भएको कुराबाट उहाँ सबै बामपन्थी पार्टीहरुको साझा ब्यक्तित्व हुनु भएको स्मरणीय छ।

२०४६ सालको जनआन्दोलनबाट देशमा प्रजातन्त्रको पुनर्स्थापना पछी नेपाल र भारतको बिचमा बिभिन्न सन्धी संझौताहरूगर्ने क्रममा सन् १९९१ को डिसेम्बर ताका तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणको बेला महाकाली नदीमा निर्मित टनकपुर बाँधको सुरक्षा र पानिको नियन्त्रणको लागि पूर्व तर्फको नेपालको भूभागमा Left Afflux Bond निर्माणको लागि२.९ हेक्टर जमीन प्रदान गर्ने बहुचर्चित टनकपुर सम्झौता भएको धेरैको स्मृतिमा ताजै छ । एकीकृत महाकाली सन्धीबाट नेपाललाई नोक्सान भएको कुरालाई लिएर नागरिकस्तरबाट तत्कालिन संसद र सरकारको ध्यानाकर्षण गराउँदै उक्त सन्धि पास नगराउन दवाव दिने पहिलो नागिरक स्तरको समितिको अगुवाई टेकनाथ बरालबाट भएको थियो।

टेकनाथ बराललाई चिने जानेका मानिसहरुले २०५५-५६ साल सम्म बामपन्थी राजनीतिको एकजना साझा नेताका रुपमा चिन्दै आएकोमा तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र राज्यपक्षको बिचमा भएको सशस्त्र द्वन्दको दौरान दुवै पक्षबाट मानव अधिकारको उल्लङ्घन र ज्यादती बढ्दै जान थालेपछि मानव अधिकारको आवाज उठाउने एकजना मानवअधिकारवादीको छवी बन्दै गयो । सशस्त्र द्वन्दको क्रममा माओवादीको आरोपमा सुरक्षाकर्मीले माओवादी कार्यकर्ता भएको आशंकामा मानिस पक्रेर लगेर दोहोरो भिडन्तको नाममा हत्या गर्ने, लामो समय सम्म सार्वजनीक नगरी हिरासतमा यातना दिइरहको अवःथामा केही प्राध्यापक, वकिल, पत्रकार सहित बिभिन्न ब्यवसायमा संलग्न व्यक्तिहरुको भेला बोलाई राष्ट्रिय सम्पदा तथा जन अधिकार संरक्षण समिति गठन गरेर त्यसको संस्थापक अध्यक्ष भएर मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा पश्चिमाञ्चलकै अगुवाईको नयाँ पाइलाको आरम्भ गर्नु भयो।

सशस्त्र द्वन्दको जटिल अवस्थामा अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा महासन्धी)लाई गैह्र अन्तर्राष्ट्रिय चरित्रको अर्थात देश भित्रको सशस्त्र संघर्षलाई सरकारी सुरक्षाफौज र बिद्रोही पक्ष दुवैले पालन गर्नु पर्ने मान्यतालाई कति आत्मसात गरेर तदनुरुपको ब्यवहार प्रदर्शन गरेका छन् भन्ने कुरा नै सशस्त्र द्वन्दको अवस्थामा मानव अधिकारको पालनाको मानक मानिने गरेको छ । नेपालको सन्दर्भमा बिगत सशस्त्र द्वन्दलाई फर्केर हेर्दा संख्यामा घटी बढी भए पनि दुवैपक्षबाट उस्तै प्रकृतिका घटनाहरूभएको अवस्थामा आफुलाई निरपेक्ष राख्न नहुने मानवअधिकार रक्षकको कर्तव्य पालन गर्ने जोखिम उठाउन पर्ने कुरालाई मनन् गर्दै घटना बिशेषमा कुनै एक पक्षको र समग्रतामा दुवै पक्षको ध्यानाकर्षण गराउन राष्ट्रिय सम्पदा तथा जन अधिकार संरक्षण समिति, नेपाल मानव अधिकार संगठन, मानव अधिकार संरक्षण मञ्च, इन्सेक तथा सिविन का जिम्मेवार ब्यक्तिहरूबाट संयुक्त रुपमा प्रेश विज्ञप्तिहरूजारी गर्ने अगुवाई टेकनाथ बरालले गर्नु भयो । यसको पहलको लागि बरालका अतिरिक्त नेपाल मानव अधिकार संगठनका तत्कालिन केन्द्रीय सदस्य भूपनिधी पन्त र मानव अधिकार संरक्षण मञ्चका तत्कालिन कास्की जिल्ला अध्यक्ष नवदत्त ढुङ्गाना पनि स्मरणीय हुनुहुन्छ।

टेकनाथ बरालको योगदान यत्तिमा मात्र सिमित थिएन । नेपाली काँग्रेस, नेकपा एमाले, नेपाली काँग्रेस प्रजातान्त्रीक, नेकपा माले लगायत सात राजनीतिक दल र माओवादीको बिचमा भारतमा १२ बुँदे समझदारी भएर २०६२ चैत्र २४ गतेबाट भएको जन आन्दोलनमा पनि उहाँको सक्रियतामा कुनै कमी आएन । आफैं सवारी चलाउन नसक्ने भएतापनि अरुको पछाडी बसेर मोटरसाइकलमा आन्दोलनको अनुगमन मात्र गर्नु भएन, आन्दोलनका क्रममा चोट पटक लागेका नागरिक र सुरक्षाकर्मीको उद्धार र सुरक्षामा पनि कवच बनेर उभिनु भयो। मानवअधिकार रक्षकको सार्थक र निष्पक्ष कार्यले थप जनधनको क्षति रोकिँदो रहेछ भन्ने कुराका धेरै दृष्टान्तहरूसशस्त्र द्वन्द र दोश्रो जनआन्दोलनमा स्थापित भएका छन् ।

नाताले मेरो मामा पर्नुहुने टेकनाथ बरालसँग २०६० साल साउनमा नागरिक समाजको सञ्जाल गठनका क्रममा बसिबियाँलो कुराकानी हुँदा मामाको छोटो कपाल सहित दाह्री खौरेको रुप हेर्ने इच्छा कहिले पुरा गरिदिनुहुन्छ मामा ? भनेर सोढ्दा जुन दिन नेपाल गणतन्त्र हुन्छ त्यही दिन मेरो कपाल र दाह्री काटेको रुप देख्न पाउनुहुन्छ भनेर उहाँले जवाफ दिँदा यो त यति चाँडै सम्भव होला र मामा भनेको थिएँ । तर २०६४ चैत्रमा संबिधान सभाको निर्वाचनबाट संबिधानसभाको गठन भएर बसेको पहिलो बैठकले नेपाललाई गणतन्त्रात्मक राज्यको घोषणा गरेपछी आफ्नो करिब ५० बर्षदेखिको आकाँक्षा साकार भएको खुशियालीमा वर्षौं देखि पालेर लामा भएका दाह्री कपाल छाँट्नु भएको थियो ।

उमेर ८० बर्ष कटिसक्दा र चीसो वातावरण उहाँको स्वास्थ्यको लागि प्रतिकुल भएको कारणले स्वास्थ्य अवस्था बिग्रेर कमजोर हुँदा पनि मानवअधिकार रक्षकको कर्तव्य निर्वाह गर्न पछि नहट्नुको साथै देशमा ब्याप्त भ्रष्टाचार, दिनानुदिन उकालो चढीरहेको महँगी, जनताको दैनिकि र रोजगारीप्रति सरकारको उदासीपन, देशबाट उर्जाशील युवा जन शक्तिको बढ्दो पलायन, राष्ट्रियता र देशको सिमानाको सुरक्षामा उदासिनता, सर्वत्र दलीय भागवण्डा जस्ता बिकृतिहरूबिरुद्ध राज्यको ध्यानाकर्षण गराउन सबैलाई घच्घच्याउनु हुन्थ्यो ।२०७८ साल को अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको कार्यक्रमको सिलशिलामा उहाँले देशको बिग्रँदै गएको अवस्था प्रति चिन्ता प्रकट गर्दै गणतन्त्र आएपछी यस्तो बेथिती होला भनेर सोचिएकै थिएन, यीनिहरूत हाँडीघोप्टे नै हुन लागे, कोही भन्दा कोही कम भएनन् भाञ्जा भन्दै देश र जनताप्रतिको चिन्ता प्रकट गर्नु भएको थियो। उहाँले प्रकट गर्नु भएको चिन्ता दूर गर्ने कुनै आशालाग्दो संकेत बितेको तिन बर्षमा देखिएको छैन।

मानव अधिकार आन्दोलनमा उहाँले गर्नु भएको योगदानको कदर गर्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक)ले प्रकाश काफ्ले मानव अधिकार सम्मान र राष्ट्रिय मानव अधिकार आयोगले दयाराम स्मृति मानव अधिकार सम्मान बाट पुरस्कृत गर्दा यहाँको मानव अधिकार समुदाय नै पुरस्कृत भएको ठानिएको छ।

नेपालमा भएका बिभिन्न उतार चढावका क्रममा आफ्नो जीवनको उत्तरार्द्धको कालखण्डलाई मानव अधिरकार रक्षक र नागरिक अगुवाको रुपमा टेकनाथ बरालले गर्नु भएको योगदानलाई दृष्टिगत गर्दा टेकनाथ बराल नेपालको मानव अधिकार आन्दोलनको एउटा उज्ज्वल नक्षत्रको रुपमा रहनु भएको छ भन्दा अतिशयोक्ति हुनेछैन। स्व. टेकनाथ बरालको प्रथम वार्षिकीमा उहाँप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु।

# समाचारका स्रोत टेकनाथ बा

✍ बद्रीविनोद प्रतीक

टेकनाथ बराललाई तीसको दशकमा देखेको भए पनि चालीसको दशकमा चिनजान भयो जतिवेला नेपालमा निरंकुश राजतन्त्र वा निर्दलीय पंचायती व्यवस्थाको विरूद्ध हामी लागि सकेका थियौं।

पृथ्वीनारायण क्याम्पस पंचायतको विरोध गर्ने एउटा गतिलो र भरपर्दो सेल्टर थियो। वामपन्थी प्रगतिशील र प्रजातन्त्रवादी; दक्षीण पन्थीहरू एकभएर पंचायत विरूद्ध लाग्दथे। त्यही बीचमा पनि विचविचमा उग्रवाद छिरेर दुवैलाई छुट्याउन खोज्थ्यो । विसं २०३६ सालको जनमत संग्रहमा उग्रवाद सफल भयो पंचायतका विरोधीहरू कसैले जनमत संग्रहलाई स्वागत गरे कसैले वहिष्कार गरें। परिणाम सुधारिएको पंचायतलाई जिताईयो। जनमत संग्रहमा भागलिनु पर्छ भन्ने लाईनमा हुनुहुन्थ्यो टेकनाथ वा । मसँग चिनाजान थिएन तर क्याम्प सका विभिन्न कार्यक्रमहरूमा उहाँ सहितको एउटा टिम हरदम देखिरहन्थे । हामीभन्दा सिनियर दाईहरूले उहाँ र उहाँसँग आएका व्यक्तित्वहरूसँग कुराकानी गर्दा उहा कम्युनिष्टको नेता हुनुहुदो रहेछ भन्ने थाहा पाएको थिएँ । स्ववियूको चुनावमा अखिल पक्षलाई जिताउन उहाँहरू मोर्चा नै बनाएर लाग्नु हुन्थ्यो।

पातलो ज्यान, दारी कपाल पालेको प्रस्टवक्ता निडर स्वभावले उहाँलाई बचाएको थियो । जब नेपाली काग्रेसले विसं २०४२ सालमा सत्याग्रह थाल्यो त्यति बेला उहाले भन्नु भएको थियो काङ्ग्रेस एक्लैले आन्दोलन गरेर बहुदल आउदैन । उहाँ भन्नुहुन्थ्यो पुष्पलालको संयुक्त जनआन्दोलनको कार्यक्रम विना लोकतन्त्र आउदैन र आए पनि स्थापित हुन सक्दैन। रत्नचेकको सानो कोणसभामा उहाँले बोलेको यही भाषण पहिलो पटक सुनेको थिएँ।

वि.सं. २०४२/४३ मा सुधारिएको पंचायतले आम निर्वाचन गराएको थियो । कास्कीवाट सोमनाथ प्यासी चुनाव लडेका थिए । पंचायती संसद उपयोग गरेर वहुदलको माग गर्ने योजना उनीहरूको थियो। त्यसलाई सघाउन सोमनाथहरू धेरै लागेका थिए। तर ती सोमनाथहरूको नेता चाही टेकनाथ वराल नै हुनुहुन्थ्यो।

पाँच वर्षको लागि चुनिएका सोमनाथहरूलाई राष्ट्रिय पञ्चायतमा निरंकुश पंचायतको विरोध गर्न उक्साई रहने, भेटको वेलामा पंचायत विरूद्धका टिप्सहरू टिपाई रहने, राष्ट्रिय पंचायतमा वेल्नुपर्छ भनेर झकझक्याई रहने काम उहाले गरिरहनुहुन्थ्यो। हामी सानै थियौं र पनि उहाँको भाषा मज्जाले वुझेर काम गर्दथ्यौं ।

विसं २०४६ सालमाख पंचायत विरूद्ध काग्रेस र कम्युनिष्ट एकजुट भए । केन्द्रीय स्तरमा काग्रेसको कमाण्ड गणेशमान सिंहले र वामपन्थीहरूको कमाण्ड मनमोहन, सहाना प्रधानले सम्हाल्नुभयो। पोखरामा पनि त्यस्तै प्रकारको संघर्ष समिति वन्यो । काग्रेसको कमाण्ड शुक्रराज शर्माले सम्हाले वामपन्थीहरूको कमान्ड टेकनाथ वरालले सम्हाल्नु भयो।

हालको पोखरा ट्रेडमल नेर एउटा ढिकवाला थियो। त्यही घर भाडामा लिएर जनआन्दोलन संघर्ष समितिको कार्यालय खुलायौ। हामी त्यहीँ जान्थ्यौं र टेकनाथ वककालाई भेटेर संघर्षका कार्यक्रमहरू थाहा पाउथ्यौं। शुरूमा त्यो घरमा संघर्ष समितिको कार्यलय छ भन्ने कुनै संकेत पनि राखिएको थिएन।

पार्टीका धेरै नेता तथा कार्यकर्ता पक्राउ पर्ना साथ टेकनाथ बाले प्रेसलाई जानकारी दिनुहुन्थ्यो। हामी उहाँले गराएको जानकारीलाई पत्रपत्रिकामा छपाउने र वितरण गर्ने काम गर्दथ्यौं। पक्राउ पर्नेको नाम पत्रिकामा आए पछि सरकारले उनीहरूलाई गुपचुप पार्न वा हत्या गर्न सक्तैनथ्यो । आन्दोलनमा लागेका धेरै नेताहरूलाई सुरक्षित राख्न टेकनाथ बरालको ठूलो योगदान रहेको छ । आन्दोलन चर्कँदै गएपछि राजनीतिक दलका नेताहरू भूमिगत हुन्थे। टेकनाथहरू सार्वजनिक क्षेत्रमा सूचना प्रवाह गर्न सकृय रहनु हुन्थ्यो। हामी पत्रकारहरू सूचनाको खोजिमा उहाँलाई खोज्दै जान्थ्यौं। उहाँसँग भेटेपछि एउटा र एउटा सूचना पाईन्थ्यो त्यसलाई हामी ब्यानर हेड बनाउथ्यौं। यस प्रकारका न्यूज हेडहरू त कति कति। आज उहाँलाई सम्झदा त्यतिबेलाका न्यूज हेडहरूको सम्झना आउँछ।

विसं २०४६ साल ताका म वीवीसी नेपाली सेवामा स्टिन्जर रिपोर्टर थिए । नेपालमा प्रजातन्त्र पुन स्थापनाको आन्दोलन चर्की रहेको थियो । त्यति वेला नेपालीहरू वीवीसीको समाचारमा विश्वास गर्दथे । सरकारी संचार माध्यमले सरकारकै कुरा दिथ्यो आन्दोलनकारीको तर्फवाट समाचार दिने भनेका औँलामा गन्न सकिने केही साप्ताहिक पत्रिकाहरू र बीबीसी नेपाली सेवा नै थियो। साप्ताहिक पत्रिकाहरू पढन हप्ता कुर्नु पर्दथ्यो तर बीबीसी दिनहूँ आउँथ्यो । साँझको पौने नौंको समय त अधिकांशको कान बीबीसी रेडियो तिरै हुन्थे । समाचारलाई विश्वसनीय बनाउन पनि टेकनाथ बाकै सहयोग चाहिन्थ्यो र म उहाँलाई सम्पर्क गरिरहन्थे। उहाँ मेरो पत्रकारिताको लागि पनि कमान्डर जस्तै हुनुहुन्थ्यो।

देशमा लोकतन्त्र स्थापित भयो । राजा संवैधानिक भए । दलहरू खुले । तर टेकनाथ वा कुनै पनि दलमा लाग्नु भएन । स्वतन्त्र वामपन्थी भएर रहने निधो गर्नु भयो । उहाँको विचार थियो कम्युनिस्टहरूको एउटै पार्टी हुनुपर्छ । तर कम्युनिष्टका नेताहरू एक हुन सकेनन्। पार्टीको अध्यक्षवाट तल झर्नुभन्दा सानो भए पनि दल खोलेर अध्यक्ष हुने प्रवृतिको उहाँ विरोधी हुनुहुन्थ्यो त्यसैले उहाँ कुनै दल पनि सदस्य हुनुभएन् । दलहरू चुनाव लडे । संसद बने । प्रधानमन्त्री मन्त्री र सासद वने। तर उहाले कुनै दलको तर्फवाट चुनाव लडनु भएन। आफूले जीवन भर ल्याएको लोकतन्त्रमा उहा पहरेदार भएर वस्न रूचाउनु भयो । उहाँले मानव अधिकारको क्षेत्र रोज्नु भयो । वि.स. २०४८ मा आम चुनाव भयो । नेपाली काग्रेसले संसदमा वहुमत ल्याउन सफल भयो । काग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले चुनाव हार्नुभो। गिरिजा प्रसाद कोईराला प्रधानमन्त्री बन्नुभो । पुनर्स्थापित प्रजातन्त्र काग्रेसले गर्दा आएको हो भन्दै अन्य दलहरूका कार्यकर्तामाथि दमन गर्न थाले पछि टेकनाथ वा मानव अधिकारका क्षेत्रमा वढि सक्रीय हुन थाल्नु भो।

प्रजातन्त्र पुनस्थापना भएको पाच वर्ष पुरा हुन नपाउदै संवैधानिक राजतन्त्रसहितको प्रजातन्त्रको विरूद्ध नेकपा माओवादीले सशस्त्र विद्रोह शुरू भयो। त्यसपछि मानव अधिकारको क्षेत्र झन झन जटिल र संवेदनशील हुन पुग्यो। टेकनाथ वा रात दिन सरकार र सशस्त्र विद्रोहीका विचमा रहेर मानव अधिकारका पक्षमा लडनु भयो । सरकार वा विद्रोही दुवै पक्षका विचमा वसेर मानव अधिकार उल्लङ्घन कम गर्नको लागि भूमिका खेल्नुभयो।

मानव अधिकार संरक्षण मञ्च लगायतका संगठनहरूमा सक्रिय जीवन विताउदै आउनु भएका टेकनाथ वा ले आफ्नो सम्पूर्ण जीवन स्वतन्त्र वामपन्थी संगै, राष्ट्रियता र जनजीवीकाका लागि लडिरहनु भयो । राष्ट्रियता सम्पदा तथा जनअधिकार समिति गठन गरेर देशभक्त बामन्थी प्रजातन्त्रवादी र प्रगतिशीललाई समेट्ने काम गर्नुभयो । मानव अधिकारको क्षेत्रमा वेग्लै पहिचान वनाएर हामीदेखि टाढा हुनुभए पनि उहाँ अझै पनि यतै कतै हुनुहुन्छ भन्ने लागिरहेको छ।

# सादगी जीवनशैली - टेकनाथ बराल

✍ शुक्रराज शर्मा

आदरणीय स्व. टेकनाथ बराल जीवनभर परिवर्तनको खोजीमा लागि रहनुभयो । विद्यमान परिस्थितिबाट आफूलाई अलग बनाई रहने निरन्तरको उहाँको जीवन यात्रा रह्यो।

प्रथमत आफ्नो परम्परा, संस्कृति, पारिवारिक विरासतलाई परिवर्तन गर्ने कार्यमा लाग्नुभयो । यस प्रकारको संघर्षले उहाँलाई सबैसँगबाट एक्ल्यायो । यस्तैको संगती बनाउनुभयो, बनारस पुग्नुभयो। पठन पाठनलाई भन्दा देशको शासन व्यवस्था परिवर्तनमा लागेकाहरूसँगको राजनीतिक संगठनमा आवद्ध हुन पुग्नुभयो । संस्कार, परम्परा विरासतलाई तोड्ने अभियानमा लाग्नु भएकाले वढी झुकाव कम्युनिष्ट संगठनमा भएर त्यसैमा आवद्ध हुनुभयो । पुष्पलाल श्रेष्ठसँगको आवद्धताले उहाँको मनमा गडिरहेको परिवर्तन गर्ने चाहाना जोडिने हैन तोडिनेमा क्रियाशील रही रहन पर्दा लामो यातना पाउनुभयो।

यस्तै यस्तै नयाँ तर्कहरुको प्रभावलाई आफूभित्र सञ्चित गर्दै आउनुभयो। धेरै नौजवानहरुको संगतिमा आफूलाई परिवर्तनकारीको पहिचान दिन पनि सक्ने हुनुभयो । सादगी जीवन पद्धति प्राकृतिक जीवनशैली, प्राकृत्तिक उपचार पद्धति अंगाल्ने निरन्तर उहाँको प्रयास जीवनको उत्तरार्धसम्म रहिरह्यो । आखिर घर, परिवार, पारिवारिक विरासत, कम्युनिष्ट पार्टी, मानवअधिकारवादी, आफ्ना आर्जनहरुलाई बचाईराख्न सक्नुभएन। हामीकोही पनि उहाँप्रति जिम्मेवार बन्न पनि सकेनौ । उहाँको भित्री दिलमा गडेर रहेको परिवर्तनको चाहना, मानवताप्रतिको लगाव, समानता र प्राकृतिक जीवनशैलीबारे भोलिको पिँढीलाई स्मरण गराउन हामीमध्ये कोही कोही उहाँको जीवनी बारे अनुसन्धानमा संलग्न बनौँ, उहाँलाई पछिसम्म सबैको दिलमा स्थापित गराई राख्ने कार्यमा लाग्न सबै शुभचिन्तकहरूर आफन्तहरूसँग आग्रह गर्दै दिवंगत उहाँको आत्माको चिरशान्तिको कामना गर्दछु ।

प्रिय भानिज विद्या बरालले स्व. टेकनाथ बरालका प्रति हाम्रो भित्री दिलमा रहेको भावनालाई स्मृति मार्फतपोख्ने अवसर दिनुभएकोमा हार्दिक धन्यवाद । जय नेपाल।

सभापति
नेपाली कांग्रेस, गण्डकी प्रदेश

# योग, प्राकृतिक तथा वैकल्पिक चिकित्सा क्षेत्रमा टेकनाथ बरालको योगदान

✍ डा. डिलाराम लामिछाने

योग, प्राकृतिक तथा बैकल्पिक चिकित्सा क्षेत्रमा टेकनाथ बरालको योगदान विशेष छ । मानवअधिकारवादी वा वामपन्थी नेता टेकनाथ बरालको विविध क्षेत्रका योगदानमध्ये प्राकृतिक चिकित्सा पद्धतिको महत्वपूर्ण ज्ञानसँगै प्राकृतिक जीवनशैली अपनाउन सक्नु सिकेको ज्ञानलाई व्यवहारमा उतार्ने विशेष क्षमता थियो।

योग तथा प्राकृतिक चिकित्सा पद्धति औषधीविहीन चिकित्सा पद्धति हो । यस पद्धतिमा बिना औषधी र बिना अपरेसन उपचार गरिन्छ। साइड इफेक्ट समेत नहुने यस विधिबाट गरिने उपचार पद्धति समेत प्राकृतिक नै मानिन्छ । योग तथा प्राकृतिक चिकित्सा प्राचीनकालमा हिमवत खण्डका ऋषिमुनिहरूको अथक साधनाबाट विकास भएको हो। यस पद्धतिमा विशेषतः जल, तेज, वायु, आकाश र पृथ्वी अर्थात् प्राकृतिक पञ्चतत्वको प्रयोग गरी उपचार गरिन्छ ।

योग र प्राकृतिक चिकित्सा भनेको एक सिक्काको दुई पाटो हुन् । प्राकृतिक चिकित्सामा विषेशगरी पञ्चमहाभूतलाई प्रयोगमा ल्याएर उपचार गरिन्छ भने योगले पनि ती र त्यस्तै कुरालाई समेट्छ।

प्रत्येक व्यक्तिलाई योग र प्राकृतिक चिकित्साको आवश्यकता छ। प्राकृतिक चिकित्सा बिरामीका लागि मात्रै उपचार गर्ने विधि नभई यो एउटा प्राकृतिक स्वस्थ्य जीवनशैली पनि हो । प्राकृतिक चिकित्सा जीवनशैली अपनाइएन भने नसर्ने रोगको जोखिम उच्च हुने सम्भावना हुन्छ।

टेकनाथ बरालले योग र प्राकृतिक चिकित्सालाई आफ्नै जिवनमा मात्रै प्रगोग गर्नु भएन उहाँले अरुलाइ पनि प्रेरणा र मार्गदर्शन दिनुभयो । यस क्षेत्रमा पेशागत रूपमा लागेका साथीहरू, योग र प्राकृतिक चिकित्सा मन पराउने र साधना गर्ने सामाजिक र बौद्धिक ब्यक्तित्वहरूलाई समेटेर २०५९/४/२५ गते योग, प्राकृतिक तथा बैकल्पिक चिकित्सा परिषद् गठन गरि त्यसको सस्थापक अध्यक्ष हुनुभयो र उहाँ लगातार तेस्रो कार्यकाल २०६६ सम्म अध्यक्ष रहनुभयो । आफ्नै घर (माथी गुफा)मा केन्द्रीय कार्यालय राखेर साथिभाइहरूसँग नियमित सम्पर्क, उपचार र साधना गर्ने ठाउँ बनाउनुभयो। उहाँले प्रकृति संगको सामीप्यता, जीवनशैली र आहारबिहारलाई विशेष महत्व दिनुभयो।

संस्थापक महासचिव
योग, प्राकृतिक तथा बैकल्पिक चिकित्सा परिषद् )

# वाम-प्रजातान्त्रिक आन्दोलनमा क. टेकनाथका योगदानका केही घटना



✍ तिलक पराजुली

नेपालको वाम-प्रजातान्त्रिक आन्दोलनमा टेकनाथ बरालले खेल्नुभएको भूमिका अद्वितीय छ। उहाँले मुलुकमा लोकतन्त्रको स्थापना र आम किसान-मजदुर, पिछडिएका जाति जनजातिको एवम् महिलाहरू को मुक्तिका लागि जुन अथक प्रयत्न गर्नु भयो, योगदान दिनुभयो त्यो सदा स्मरणीय छ। र यसका लागि हामी सबै उहाँप्रति अनुग्रहित छौँ।

टेकनाथ बराल नेपालको राजनीतिको एउटा शिखर एवम् अनमोल व्यक्तिको सान्निध्यबाट आफ्नो राजनीतिक यात्रा शुरु गर्नुभयो जसलाई हाम्रो मुलुकको प्रजातान्त्रिक आन्दोलन र कम्युनिष्ट आन्दोलनको सेतुको रूपमा लिन्छौँ। त्यो व्यक्ति हुनुहुन्छ क. पुष्पलाल। क. पुष्पलालको सधैँ यस कुरामा जोड रही आएको हो कि हामी कम्युनिष्टहरुले जनसंघर्षबाट प्राप्त उपलब्धिलाई रक्षा गर्दै नेपाली समाजको अग्रगामी परिवर्तनका लागि, हाम्रो सामाजिक परिवर्तन र प्रगतिशील विकासमा बाधक रहेका सबै वर्ग एवम् तप्कालाई एकताबद्ध गरी हाम्रै नेतृत्वमा जनसंघर्ष सृजना गर्नु पर्दछ। २००७ सालको परिवर्तनपछि राजाले जनअधिकार अपहरण गर्न खोज्दा पनि पुष्पलालले यसैमा जोड दिनुभयो। र, २०१७ सालमा राजा महेन्द्रले चालेको निरंकुश कदमपछि पुष्पलालको जोड मुलुकका प्रजातान्त्रिक एवम् प्रगतिशील शक्ति एक भई राजाको नेतृत्वमा चलेको निरंकुश एवम् निर्दलीय भनिएको पञ्चायती व्यवस्थाका विरुद्ध संयुक्त जनआन्दोलन उठाउनु पर्दछ। र, यसले नै प्रजातन्त्रको पुनर्स्थापना गर्न सक्दछ।

क. टेकनाथ बराल पुष्पलालको उक्त तत्कालीन कार्यनीतिसँग भलीभाँति परिचित हुनुहुन्थ्यो। यो नीतिलाई कार्यान्वयन गर्न उहाँ सदा क्रियाशील रहनुभयो। बनारसको दशपुत्र गल्लीको एउटा पुरानो घरमा कम्युनिष्ट पार्टीको प्रधान कार्यालय थियो। र, क. पुष्पलाल सहित हामी निर्वासनमा रहेका कोही कार्यकर्ता पनि त्यहीँ रहन्थ्यौँ। बिहान चिया टेबुलमा क. पुष्पलालसँगै हाम्रो नियमित जस्तै राजनीतिक विमर्श हुन्थ्यो। २०३२-३३ साल तिरको कुरा हो क. टेकनाथ पनि त्यहि हुनु हुन्थ्यो। कवि युद्ध प्रसाद मिश्र, बलराम उपाध्याय, गोविन्द ज्ञवाली लगायत हामी त्यहाँ थियौ। नेपालको राजनीतिक अवस्था र कम्युनिष्ट आन्दोलनको कुरा हुँदैं गर्दा क. टेकनाथले भन्नुभयो - 'माइलदाइ ! तपाईको काँग्रेस-कम्युनिष्ट मिलेर आन्दोलन गर्ने, पंचायत फालेर वहुदल ल्याउने, अनि मात्रै कम्युनिष्ट क्रान्ति गर्ने भन्ने नीतिले कहिले हुन्छ क्रान्ति ? एक त तपाईको यो नीति काँग्रेसका नेताले स्वीकार्दैनन् अर्को देश भित्र अरु धेरै कम्युनिष्ट नेता र समूह छन् उनीहरू पनि तपाईको यो नीतिको खिलापमा छन्, अनि कहिले गर्ने क्रन्ति ? देश र जनताले यो शोषण कति दिन सहने ? तपाईंको यस्तो लाइनले क्रान्ति हुन्छ ? यस्तो गम्भीर प्रश्न गर्नु भयो। हुनत् क. पुष्पलालले आफ्नै तरिकाले लामो व्याख्यान दिनुभयो। तर, टेकनाथजीको प्रश्नको ठोस समाधान पाएको महसुस भए जस्तो मलाई लागेकै थिएन।

मैले उक्त प्रसङ्ग यहाँ उठाउनको तात्पर्य यो रहेको छ कि नेपालको कम्युनिष्ट आन्दोलन एकीकृत रुपमा अगाडि कसरी बढाउन सकिन्छ ? यो व्यग्रता थियो उहाँमा। र, यसबाट यो कुरा पनि विचार गर्नुपर्छ कि क. टेकनाथ कसैको अनुयायी भन्दा पनि आफ्नै नेपालको वाम-प्रजातान्त्रिक आन्दोलनका सम्बन्धमा आफ्नै सृजनात्मक सोच भएको व्यक्ति हो। सांगठनिक रुपमा उहाँ क. पुष्पलालले नेतृत्व गरेको कम्युनिष्ट पार्टीको सदस्य हुनुहुन्थ्यो। पछि, यो सांगठनिक सम्बन्धको नवीकरण गर्नु भएन। बरु विभाजित कम्युनिष्ट घटकबीच एकताका लागि सक्दो प्रयास गरिनै रहनुभयो। र, कुनै कम्युनिष्ट समूहको सदस्यता लिएको यो पङ्क्तिकारलाई थाहा भएन्। क. टेकनाथ वरालले कम्युनिष्ट जो सुकै घटक होस् जसले सामन्तवाद र साम्राज्यवादका विरुद्ध संघर्ष अगाडि बढाउछन् तीनलाई हरतरहले सहयोग गर्नुभयो। यतिमात्र होइन, कहिले प्रत्यक्ष त कहिले अप्रत्यक्ष रुपमा आफु त्यस संघर्षको अंग बन्न पुग्नुभयो। उहाँले कुनै नेतालाई व्यक्तिगत आलोचना गरेको मैले कहिलै सुनिन्। सबैलाई मिलाएर राष्ट्र र जनताको बृहत्तर हितमा उपयोग गर्नुपर्छ भन्ने उहाँको मत रहन्थ्यो।

स्वतन्त्र तर अग्रगामी परिवर्तनका लागि भएका तमाम वाम-प्रजातान्त्रिक आन्दोलनमा सक्रीय सहभागी रहने उहाँको व्यवहारले हामी सबैका लागि क. टेकनाथ एक मान्या र अपरिहार्य व्यक्तित्वको रुपमा स्थापित हुनु भएको हो।

२०४६ सालमा राष्ट्रका वाम प्रजातान्त्रिक शक्ति मिलेर सामन्ती अधिनायकवादी पंचायती व्यवस्थाको विरुद्ध संयुक्त जनआन्दोलन उठाउने कुराको चर्चा भइरहदाँ विभिन्न गुट-उपगुटमा विभक्त कुम्युनिष्टहरुलाई एक ठाउमा पहिले कसरी ल्याउने। यो एक अहं एवं जटिल प्रश्न हाम्रो सामु थियो। यसको प्रयत्न हामीले गण्डकी अञ्चलबाट सुरु गरेका थियौ। यहाँ क्रियाशील ने.क.पा. मार्क्सवादी, नेकमा माले, र नेकपा संयुक्तका साथीहरू बसेर क. टेकनाथ वरालको नेतृत्वमा अर्थात उहाँलाई संयोजक बनाएर सबै समूहका प्रतिनिधि समान संख्यामा बसेर वाम मोर्चा' बनायौँ। क. टेकनाथजीको सर्वमान्य व्यक्तित्वले गर्दा यो सम्भव भएको हो। उल्लेखनीय कुरा यो रहेको छ कि क. टेकनाथजीको नेतृत्वमा गण्डकी अंचलमा संयुक्त वाममोर्चा बनेपछि काठमडौंमा साहना प्रधानको संयोजकत्वमा वाममोर्चा बनेको हो। २०४६ साल फागुन ७ गते कम्युनिष्ट - काँग्रेसले आ-आफ्नो तवरमा एकै समयमा जनप्रदर्शन गर्ने कुरा तय भएको थियो। यो कार्यक्रमलाई सफल बनाउन मालेपाटन स्थित यो पंक्तिकारको निवासमा क. टेकनाथ, खेमनारायण ढुङ्गाना, सोमनाथ अधिकारी प्यासी, नन्दमोहन भट्टराई, इमान सिं गुरुङ लगायतका व्यक्तिहरू जम्मा भएर टेकनाथजीको नेतृत्वमा पोखराको नालमुख चोकमा कम्युनिष्ट पार्टीको झण्डा सहित प्रदर्शन गरेका थियो। हाम्रो यो जनप्रदर्शनमा व्यापक जनसमर्थन प्राप्त भयो। त्यसैवेला नेका नेता शुक्रराज शर्माको नेतृत्वमा पनि काँग्रेसको झण्डासहित जुलस निस्क्यो। र, यसमा हामी आन्दोलनकारीलाई पक्रन ठुलो संख्यामा प्रहरी परिचालन भएको थियो। यहाँ मैले उल्लेख गर्न चाहेको कुरा के हो भने टेकनाथजीको नेतृत्वदायी भुमिका आंचलिक रुपमा देखिए तापनि यसको प्रभाव राष्ट्रिय रुपमा रहेको हामी महसूस गर्न सक्दछौ। राष्ट्र, राष्ट्रियता र जनअधिकारको लागि उहाँले जेल, निर्वासन र भूमिगतका सबै यातना भोग्नु भएको हो। आफ्नो जीवनको उत्तरार्धमा मानव अधिकारको रक्षा र प्राकृतिक सम्पदाको संरक्षणमा बढी सक्रिय भई अनवरत क्रियाशील रहनुभयो, नेतृत्व गर्नुभयो। मानव अधिकारकर्मीको रुपमा पनि माओवादी जनयुद्धका योद्धा माथिको दमन होस् वा २०६२-०६३ को जन आन्दोलनमा सुरक्षाकर्मीद्वारा आन्दोलनकारीमाथि भएका दमनका विरुद्ध सशक्त प्रतिकारको वातावरण तयार गर्नुभयो। र यो कुरा स्थापित गराउनु भयो कि सबै मानवअधिकारकर्मी कम्युनिष्ट नहुन सक्छन्, होइनन् पनि तर सबै कम्युनिष्टहरू कुनै न कुनै रुपमा मानव अधिकारकर्मी हुन्।

मानव अधिकार र टेकनाथजीको कुरा आउँदा एउटा घटना उन्लेख गर्न चाहन्छु। क टेकनाथ पोखरा जेलमा बन्दी रहँदा पंचायतकालकै एक पटक मन्त्री बनिसकेका खगेन्द्रजंग गुरुङ्ले जनजातिका हक अधिकारका कुरा उठाएका कारण गिरफ्तारीमा परेर पोखरा जेलमा राखिएको रहेछ। खगेन्द्रजंगले केही जनअधिकारका माग राखेर जेलभित्र अनशन शुरु गर्नु भएछ। तर हप्तौ हुदाँ पनि पंचायती प्रशासनले कुनै सुनुवाइ नगरेको र उहाँको स्वास्थ्य स्थिति पनि गम्भीर रहेको थियो। क. टकनाथले खगेन्द्रजंगको समर्थनमा जेलभित्रै एउटा विद्रोहको स्थिति सृजना गर्नुभएकोले खगेन्द्रजीले उपचार मात्रै पाउनु भएन उहाँले उठाएका केही आधारभूत मागहरू संवोधन गर्न पंचायती शासक बाध्य भए। यो कुरा खजेन्द्रजीले यस लेखकलाई धेरै पटक सुनाउनु भएको हो। र, बृद्ध खगेन्द्रजंगले अहिले पनि टेकनाथजीको नाम, प्रसंग आउदा कृतज्ञता व्यक्त गर्दछन्।

मानव अधिकार, राष्ट्रिय सम्पदा, देशको सार्वभौमिकता सबै क्षेत्रीय अखण्डताका साथै लोकतन्त्र तथा जनवादका पक्षमा देशीय सामन्तवाद, नोकरशाही तथा दलाल पूँजीवादी शोषण र वैदेशिक साम्राज्यवादी तथा विस्तावादी शक्तिका विरुद्ध क. टेकनाथले गर्नुभएका संघर्षले गर्दा उहाँको व्यक्तित्व सर्वग्राही भएको हो। नेपाली कांग्रेसका सक्रिय व्यक्ति एवं धार्मिक प्रकृतिका व्यक्ति तारा पाखेजीले टेकनाथजीको जीवनीका केही पक्ष लेखी प्रकाशित गर्नु यसैको द्योतक हो।

नेपालका यावत प्रगतिशील परिवर्तनमा क. टेकनाथको योगदानको छाप छ। र, यी सबै सफेद कपाल र दाह्रीयुक्त उहाँको सौम्य प्रतिमा हामी देख्न सक्दछौ।

क. टेकनाथ अमर रहुन !

# अथक अधिकारकर्मी, पृथक वामपन्थी




✍ सुनिल पाण्डे

मानवअधिकारवादी तथा वामपन्थी नेता टेकनाथ बरालको निधन भएको आज एक वर्ष पुगेको छ। उहाँको वार्षिकीमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। लामा र सेतै फुलेका दाह्री कपाल, झरिसकेका दाँत तर जोश, जाँगर १६ वर्षे तन्नेरीको जस्तो। झलक हेर्दा पुरोहित जस्तो तर नास्तिक। सेतै फुलेको दाह्री उहाँको पहिचान बन्यो। 'दाह्री बा' धेरैले चिन्ने सरल नाम बन्यो। मानवअधिकारको क्षेत्रमा सक्रिय बराल राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपालका संस्थापक अध्यक्ष हुनुहुन्थ्यो।

२०६० सालतिर हुनु पर्छ टेकनाथ बरालसँग मेरो पहिलो भेट भएको। सरल र सहज भाषामा मानवअधिकार सबै मानिसले मानव भएको नाताले पाउनु पर्दछ भन्ने अधिकारहरू हुन् भनेर मेरो मस्तिष्कमा उहाँले छाप पार्नु भयो। जसले मलाई मानवअधिकारको अभियानमा लाग्ने प्रेरणा, ऊर्जा र प्रोत्साहन थपिरह्यो। राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपालको उमेरले सबैभन्दा जेठो टेकनाथ बराल हुँदा कान्छो सदस्य बनेर म अभियानमा जोडिएको थिएँ। बरालका पदचाप पछ्याउँदै मानवअधिकार र सम्पदा संरक्षणको अभियानमा निरन्तर लाग्दै उहाँले स्थापना गरेको संस्थाको नेतृत्व सम्हालेर मैले फेरि अर्को समितिलाई यसको बागडोर हस्तान्तरण गरिसकेको छु।

२० वर्षको संगतमा मैले चिनेका टेकनाथ बराल नेपालका सबैजसो राजनीतिक र मानवअधिकारका आन्दोलनमा पोखराबाट नेतृत्वकर्ता हुनुहुन्थ्यो। साधुजस्तो सादगी जीवन बिताउनुभएका बराल विचारमा भने प्रगतिशील हुन्थ्यो। सत्ता र शक्तिबाट सधैँ टाढा रहने उहाँ अहिलेका युवालाई चुनौती दिन सक्नेखालकावैचारिक,वैज्ञानिकर जीवनसापेक्ष विचार राख्नु हुन्थ्यो।

२०६२/०६३ को नागरिक आन्दोलनताका उहाँले भनेको सम्झन्छु-युग सधैँ प्रगतिशील हुन्छ। आजका युवाले नयाँ सोच र आदर्श राखेको छैन भने ऊ मभन्दा वृद्धहरू को भीडको सदस्य मात्र हुन्छ। दोस्रो जनआन्दोलन र त्यसपछिका सबैजसो आन्दोलनमा मानवअधिकारको अनुगमन गर्न बरालसँगै हिँड्ने अवसर मैले पाए। हक्की स्वभावका बराल त्यो उमेरमा पनि प्रहरीको गाडी रोकेर कसलाई नियन्त्रणमा लिइएको हो, कुन थानामा लग्न लागेको हो, मानवअधिकार हनन हुने गरी कुनै यातना दिइएको छ कि भनी खबरदारी गर्नुहुन्थ्यो।

बरालकाे खबरदारीपछि प्रहरीले नै कतिपय आन्दोलनकारीलाई त्यहीँ छोडिदिन्थे। गिरफ्तार भएकाहरू पनि 'दाह्री बा'ले नाम टिप्नु भयो भनेपछि साँझ ससम्मान घर आइपुग्थे। बरालका योगदानका क्षेत्र अनेक छन्, उहाँ बहुआयामिक व्यक्तित्व हुनहुन्थ्यो। विभिन्न खालका आन्दोलनमा युवा, महिलालाई सहभागी गराउन र उत्प्रेरणा जगाउन उहाँको भूमिका स्तूत्य छ।

सम्पदा संरक्षण, विभिन्न चरणमा हुने नागरिक आन्दोलन, मानवअधिकारका आन्दोलनमा उहाँ सबैभन्दा अघि हुनुहुन्थ्यो। कुनै कम्युनिस्ट दलमा आबद्ध नभए पनि उहाँ कम्युनिस्ट आचरण, सिद्धान्त र सांस्कृतिक रूपान्तरणको वकालत गर्नुहुन्थ्यो। उहाँलाई हामी राष्ट्रिय सम्पदा, स्वाभीमान र कम्युनिस्ट आन्दोलनका अगुवाका रूपमा स्मरण गरी रहन्छौं। संविधान जारी नगरी पहिलो संविधानसभाको म्याद थप गर्ने कुर चलेपछि जनताको संविधान जारी नगरी संविधानसभा भवनबाट संविधान सभा सदस्यलाई निस्कन दिनुहुन्न भन्दै हामीलाई संसद भवन घेर्न काठमाडौँ जान आव्हान गर्नु भएको थियो।

उमेर ६८/७० पुगेको व्यक्ति दिनभर गाडीमा यात्रा गरी थकित हुँदा पनि रातभर सभा भवन पश्चिम गेटमा धर्नामा हामीसँगै बस्नुभएको थियो। देशको सीमा संरक्षण, राष्ट्रिय स्वाधीनता र मानवअधिकार भनेपछि बरालमा छुट्टै जोश र जाँगर भरिएको ऊर्जा देखिन्थ्यो। उहाँ कहिले टनकपुर पुग्नुहुन्थ्यो महाकाली बचाउन, कहिले सुस्ता पुग्नुहुन्थ्यो मिचिएको सीमा जोगाउन। उहाँले लुम्बिनी परिसरमा सम्पदाको बैठक राखेर हामीलाई सम्पदा संरक्षणमा निरन्तर लाग्न अनुरोध गर्नु भयो, तिलौराकोट पुऱ्याउनु भयो। लुम्बिनी परिसरमै दुई सय बिरुवा रोपेर पोखरा फर्कँदा उहाँसँगको सत्संग जीवनभर अविस्मरणीय बन्यो।

विभिन्न धर्म र समुदायका मानिसले अपनाई आएका सांस्कृतिक चाडपर्व, बिहे, व्रतबन्ध र मृत्यु संस्कारजस्ता कार्यमा भड्किलो विकृत संस्कृतिको रुपान्तरणमा उहाँका् निकै चासो र चिन्ता रहन्थ्यो। बराल जहाँ जहाँ जानुहुन्थ्यो, व्यक्ति र समाजले अँगालेका सांस्कृतिक मूल्यमा रहेका नमिल्दा पक्ष हटाउन आवाज उठाउनु हुन्थ्यो। उहाँको एउटा प्रमुख व्यक्तित्व समाज सुधारकको पनि थियो। एउटा कम्युनिस्ट योद्धाभन्दा पनि पछिल्ला दशक बराल मानवअधिकारवादीका रूपमा क्रियाशील रहनु भयो। वातावरण संरक्षण, संम्पदा संरक्षण, बालअधिकार संरक्षण उहाँको अभियान बन्यो।

गत वर्ष आजकै दिन उहाँको निधन हुँदा गण्डकसहित देशभरका नेपाली वामपन्थी र मानवअधिकारकर्मीहरू ले अपुरणीय क्षति भएको उल्लेख गरेका थिए। ब्रह्मण परिवारमा जन्मिएर पितृसत्तात्मक सोच परित्याग गरी सांस्कृतिक रुपान्तरण, मार्क्सवादसम्मत जीवन र समाज व्यवस्थाका हिमायती बराल पृथक खालका वामपन्थी नेता हुनुहुन्थ्यो। पुष्पलालदेखि मनमोहन, भरतमोहनजस्ता नेताहरुको संगत गर्नुभएका बराल पछिल्लो समय कुनै वामपन्थी पार्टीमा आवद्ध नभए पनि वामपन्थीहरुको एकता र समाजवादको वकालत गर्नुहुन्थ्यो। कसैको मानवअधिकार हनन भए सबैभन्दाअघि पंक्तिमा पीडित पक्षको अधिकारका लागि उहाँ उभिनुहुन्थ्यो। अथक अधिकारकर्मी र पृथक वामपन्थी नेता बरालको अभाव खड्किइरहेको छ। उहाँले अवलम्बन गरेको मार्ग हुँदै उहाँको लक्ष्यतर्फ अघि बढ्नु नै सच्चा श्रद्धाञ्जली ठहर्छ।

## संक्षिप्त .......

आरोप लगाउँदै मुक्तिमोर्चा समुह निर्माण गरेर कोकेसँग सङ्गठनात्मक एकता गर्न पुगे। पार्टीमा फूट भएपछि टेकनाथ दिक्क मान्दै आसामतर्फ लागे र त्यहाँ नेपाली मूलका हली गोठालाबीच पार्टीकाम गरी केही वर्ष विताए र २०३४ सालमा कास्की जिल्लाको राजनीतिक परिस्थिति बदलिएको गन्ध पाएपछि पोखरा फर्किए। २०३६ सालमा राजा वीरेन्द्रले बहुदलीय व्यवस्था र निर्दलीय व्यवस्था सम्बन्धमा जनमत सङ्ग्रह गराउने घोषणा गरे। उक्त जनमत सङ्ग्रहलाई नेपाली काङ्ग्रेस र केही वाम घटकहरू ले समर्थन गरे। जनमत सङ्ग्रहमा बहुदलपक्षलाई जिताउनु पर्दछ भन्ने पक्षमा टेकनाथ उभिए र त्यसको प्रचारप्रसारमा लागे। पुष्पलालको निधनपछि पार्टी लथालिङ्ग बनेको र नेकपा (माले) र नेकपा (मशाल) का गतिविधि बढिरहेको अवस्थामा टेकनाथले सबै पार्टीहरू एक ठाउँमा आएर आन्दोलन अघि बढाउनु पर्दछ भन्ने नारा दिइरहे। टेकनाथजीको निवास सबैको साझा स्थलजस्तो थियो।

२०४६ सालमा देशमा पञ्चायती व्यवस्थाविरुद्ध नेपाली काङ्ग्रेस र केही कम्युनिष्ट घटकहरू ले निर्माण गरेको वाम मोर्चाले संयुक्त जनआन्दोलन अघि बढाउने नीति लियो। त्यस आन्दोलनमा कास्की जिल्लामा गठित वाम मोर्चाको अध्यक्षमा सबै पार्टीका साझा वाम व्यक्तिका रूपमा टेकनाथ छानिए। आन्दोलनको अवधिमा आयोजना गरिएका संयुक्त आमसभामा वाममोर्चाका अध्यक्षका हैसियतले उनले नै भाग लिन्थे। तर आन्दोलनको सफलतासँगै पञ्चायती व्यवस्था विघटन भएर बहुदलीय व्यवस्थाको घोषणा भएपछि दलहरू ले आ-आफ्नै सङ्गठनलाई बलियो बनाउने र निर्वाचन लड्ने गतिविधिलाई अघि बढाए। टेकनाथजी भने सबै वाम दलहरू संयुक्त भएर निर्वाचन लड्नु पर्दछ भन्ने पक्षमा थिए।

बहुदलको आगमनपछि धेरै दलले टेकनाथलाई आफ्नो दलमा आवद्ध भई काम गर्न अनुरोध गरे। तर उनी कुनै दलमा जान चाहेनन् र स्वतन्त्र वामपन्थीका रूपमा रहिरहे। तर जुन वाम पार्टीले बोलाए पनि तिनीहरू का बाहिरी कार्यक्रममा भने सहभागिता जनाउँथे र एकताको पक्षमा बोल्दथे। पोखरामा वामपन्थी बुद्धिजीवीले बोलाएका प्रायजसो भेला गोष्ठिहरू मा त उनी छुट्दैनथे भने पनि हुन्छ। लामो सफेद दारी जुँगा पालेका उनी उपस्थित हुँदा भेला गोष्ठिको वातावरण गरिमामय बन्दथ्यो।

स्वतन्त्र वामपन्थीका रूपमा पनि टेकनाथ बराल देश र जनताका हकहितका निम्ति क्रियाशील भइरहे। टेकनाथलगायतका नागरिकहरू ले राष्ट्रिय सम्पदा जोगाउने र जनताका अधिकार संरक्षण गर्ने नारासहित पोखरामा २०५३ मा 'राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण नागरिक समिति' नामक संस्थालाई जन्म दिए। त्यस संस्थाको अध्यक्षका उनी नै थिए। उनको नेतृत्वको त्यस संस्थाले भारतद्वारा अतिक्रमित नेपाली भूमिमा जाने, ती स्थलहरू को निरीक्षण गर्ने र गोष्ठि एवै भेलाहरू आयोजना गरी नेपालको हकहित र अधिकारको संरक्षणमा लाग्न अपील गर्ने, प्रेस विज्ञप्ति निकाल्ने, पत्रकार सम्मेलन गर्ने, संसदलाई ज्ञापन पत्र दिनेजस्ता कार्यलाई अघि बढायो। त्यसले जुलुश निकाल्ने र धर्ना दिने सम्मका क्रियाकलापहरू पनि अघि सार्‍यो। माओवादी र सरकारी पक्षबीच भएको युद्धताक पनि त्यस संस्थाले कुनै पक्षले पनि युद्ध बन्दीलाई अमर्यादापूर्वक सास्ती दिन पाउँदैन भन्ने आवाज निकाल्यो।

२०६२/६३ को जन आन्दोलनमा पनि मानवअधिकारवादीका नाताले टेकनाथको संलग्नता रहि नै रह्यो। उनको मानव अधिकारवादी संस्थाले समयमा नै संविधान बन्नुपर्छ र त्यसमा सबै जनताका हकअधिकार समेटिनु पर्दछ भनी संसदलाई दवाव दियो। जीवनको अन्त्यतिर टेकनाथ स्वतन्त्र वामपन्थीभन्दा पनि मानव अधिकारवादी व्यक्तिका रूपमा चर्चित भए। इन्सेकले त उनलाई मानव अधिकार वर्ष पुरुषका रूपमा सम्मान समेत गर्‍यो।

टेकनाथ बराल सांस्कृतिक रूपान्तरणका अभियन्ता पनि थिए। उनी कुनै पनि धार्मिक गतिविधिमा सरिक हुँदैनथे। उनी दशैँ, तिहार जस्ता चाड पर्वहरू मा र दान दक्षिणामा संलग्न हुँदैनथे। एक सांस्कृतिक अभियन्ताको नाताले उनको प्रगतिवादी साहित्यकारहरू सँग घनिष्ट सम्बन्ध थियो। साहित्य शृङ्खला र गण्डकी साहित्य सङ्गमजस्ता साहित्यिक संस्थाहरू ले पोखरामा आयोजना गर्ने कार्यक्रमहरू मा सहभागी भएर सर्जक र श्रष्टाहरू लाई प्रोत्साहित गर्दथे। ती साहित्यिक संस्थाहरू ले उनलाई आफ्नो सल्लाहकारमा राखी सम्मानित गरेका पनि थिए।

# बुबा टेकनाथ बराल- हाम्रो आदर्श, हाम्रो गौरव

शोभा बराल पहारी

बुबा हार्दिक नमन, हार्दिक श्रद्धा सुमन,
हजुर हाम्रो आदर्श, हाम्रो गौरव,
अनन्तसम्म स्मृतिमा रहनुहुनेछ,
मन र मुटु भरी रहनुहुनेछ !

यति बेला हामी मन भरी वेदना र पिडा लिएर,
हजुरको सम्झनामा डुबिरहेका छौ,
हजुरको भौतिक अनुपस्थितिको ,
कहालीलाग्दो र पिडादायक क्षण,
हामीले गुजारी रहेका छौ !

बुबा यो के कहर बज्रियो ?
चारैतिर अन्धकारले छोप्यो,
हजुरको भौतिक उपस्थितिबिनाको,
कहालिलाग्दो हाम्रो जीवन,
हामीले कल्पनानै गरेका थिएनौं !

बुबा हजुरको अनन्त यात्रापछि,
अझै हाम्रो चेत बौरिसकेको छैन,
हामीले जबर्जस्त रुपमा,
निकै पिडा र दुःखका साथ,
जीवन बिताउन विवश छौ !

हामीहरू भ्रममा रहेछौं,
जीवनभर हजुरको न्यानो स्पर्श,
स्नेह र आशिर्वाद पाईरहने छौ,
मन र मस्तिष्कबाट यो भ्रम,
अझै हटाउन सकिरहेका छैनौं !

बुबा हामी जवर्जस्त प्रयत्न गर्दैछौ,
हजुरसंग बिताएका,
ती स्वर्णिम पलहरुलाई,
जीवनको अनमोल पूँजीकोरुपमा,
स्मरण गर्दै अगाडि बढ्ने छौ !

बुबा हजुरको अवसानपछि,
हामी विचलित भएका छौ,
हजुरका दिव्य बचनहरू ,
उपदेशहरु, सल्लाह र सुझावहरू ,
हजुरको न्यानो स्पर्शका साथ,
अब कहिल्यै सुन्न पाउने छैनौ !

हामी प्रयत्न गर्दैछौ,
हजुरका बिचारहरुलाई,
आत्मसात गर्न सकियोस,
समाज बदल्ने हजुरको सपना,
साकार पार्न सकियोस !

हजुरका विचार, व्यवहार र आचरणहरू ले,
हामीलाई सधै प्रेरणा दिइरहनेछन्,
हामीलाई उर्जा प्राप्त भैरहनेछ,
यो शोकको घडीलाई शक्तिमा बदल्न,
हामी प्रयत्न गरिरहेका छौ !

बुबा हाम्रो लागि यो क्षण,
अत्यन्तै दुःखद र पिडादायी छ,
समय गति रोकिदैन अगाडि बढ्नु छ,
सास्वत सत्यलाई नकार्न सकिदैन !

तपाइको अनन्त यात्राको
एक वर्ष वितेको छ,
मुटुमा ढुङ्गा राखी,
अत्यन्त भारी मनका साथ,
हामी पहिलो स्मृति दिवस मनाउन विवश छौ !

हजुरको तस्बिर अगाडि उभिदा,
अनेक प्रयत्न गर्दागर्दै पनि,
आँखाबाट अश्रुधारा बगेका छन्,
थरथर कापिरहेका हातले
पुष्प अर्पण गर्न विवश छौ !

बुबा, हार्दिक श्रद्धा सुमन !
हार्दिक नमन बुबा !

# रूपान्तरणमा टेकनाथ बरालबा

परशुराम कोइराला

**बाल्यकालदेखि युवाकालसम्मका टेकनाथ बरालः**

पोखरा-६ बैदाम, नुवारथोक निवासी दण्डपाणि र तुलसा (तिलोत्तमा) का छोरा टेकनाथ बराल (वि.सं. १९९६ जेठ ५) को पिँढी पाठशालाबाट अक्षरारम्भ गरी मौजा रात्रि पाठशाला (हालको अमरसिंह उ.मा.वि.) बाट क्रमशः सामान्य प्राथमिक शिक्षा र सामान्य तालिम सिकेर बनारसबाट आइ.ए. सम्मका अध्ययन गरेका र २०१३ सालमा कास्की सल्यानकी हरिकलासँग बिहे गरेका विषय हाम्रा भेटघाट क्रममा टेकनाथ बाकै मुखबाट सुन्थ्यौं हामीले । सानोमा निकै मेहेनती, घर व्यवहारका काममा सहयोगी, पढाइमा तेज समाजप्रतिको जिज्ञासु स्वभाव, नयाँ अध्ययन भ्रमणमा रुचि अनुभव पनि बाकै मुखबाट सुन्थ्यौं धेरैले । मौजा रात्रि पाठशालामै पढ्दा विद्यार्थी सङ्गठनका अध्यक्ष भएको, नर्मल तालिम पूरा गरेपछि गोरखाको तार्कु, स्याङ्जाको भुम्रे प्रा.वि., बैदामका जनज्योति प्रा.वि. (हाल तालबाराही उ.मा.वि.) का शिक्षक र शैक्षिक अभियानकर्ताका रूपमा "टेकनाथ बरालसँग एक दिन" शीर्षकमा नारायण परिश्रमीद्वारा आफ्नो कृति गुरु एक चेला अनेक (२०७७) मा समेत चर्चा गरिएको छ । पञ्चायती व्यवस्था शुरू भैसकेको समय, युवा विद्यार्थी र सचेत जो कोहीलाई सजिलो पक्कै हुन्नथ्यो । कास्कीदेखि बनारसका अध्ययन अनुभवले उनमा युवावस्थामै विद्रोही चेत निर्माण गरेको देखिन्छ ।

**प्रवासका शिक्षा र कम्युनिष्टहरुका सम्पर्क**

युवक सङ्गठनका जिल्ला सभापति भए पनि स्थानीय विद्यालयका प्र.अ., विद्यालय सञ्चालक समितिका सचिव, भवन निर्माण समितिका सचिवका कार्यदायित्व भैरहेका बेला निर्माणाधीन रत्न मन्दिर (पोखरा दरबार)को बिजुली तार काटिएको घटनासँग टेकनाथ बराललाई जोडेर एक महिनासम्म ठिङ्कामा र थप तीन महिनासम्म सैनिक क्याम्पको बन्दी जीवन यातना पछिको उनको जीवन पनि सुखद देखिँदैन । धौलागिरी अञ्चलाधीश कार्यालयमा हाजिर हुने गरी पोखराबाट रिहाई भएपनि बरालले विश्वबन्धु थापा (काठमाडौं)लाई दिएको राजिनामा अस्वीकृत भएकै कारण भागेर भारत छिरेको अनुभव सुनाउनु हुन्थ्यो । गोरखपुरै बसेर काम गर्ने काङ्ग्रेस, कम्युनिष्ट दुवैका अनुरोध लत्याउँदै बनारस पुगेका टेकनाथलाई बनारसमा खाने, बस्ने र मेट्रिक परीक्षा दिने व्यवस्था बलराम उपाध्यायले मिलाइदिएका र अरू धेरै नेता कार्यकर्तासँग परिचित गराइ दिने बलराम उपाध्याय र जयप्रकाश बास्तोलाहरुका सहयोगमा बनारस विश्वविद्यालयमा पहिलो पटक विद्यार्थी युनियनका चुनावमा टेकनाथ सचिव चुनिएको प्रसङ्ग गुरु एक चेला अनेक (२०७७) कृतिमा नारायण परिश्रमीबाट समेत उल्लेख गरिएको छ (परिश्रमी, २०७७ : ५७) । आफूहरुले त्यति धेरै पढ्ने अवसर नपाए पनि कास्की, स्याङ्जा, लमजुङ, तनहुँका विद्यार्थीबीच बनारसमै उनी छोटै अवधिमा लोकप्रिय भएको देख्ने स्याङ्जा ज्याग्दी भेगबाट पढाइका निहुँमा बनारस जाने मध्येका तोयनाथ कोइराला र कमल कोइरालाहरू आदि । ०४६ यताका पोखराका भेटघाटहरू मा भानुदय र छात्रप्रभा पत्रिकामा पञ्चायत विरोधी लेख छापिएको पनि बराल बताउँथे ।

**स्वदेश फिर्ता र पार्टी गतिविधिमा बराल :**

पञ्चायतकाल भएकाले भूमिगत सङ्गठन सञ्चालनका कठिन बाध्यता भोग्ने धेरै मध्येका एक भनिन्छ बराललाई । कास्की जिल्लामै एरिया सेल बनाउने क्रममा राजा विरोधी आरोपमा ३ वर्ष जेल सजायँको अनुभूति उनी सुनाउँथे । कम्युनिष्टहरू ले ऋण तिर्दैनन् भन्ने अफवाह समाजमा फैलिइसकेको थियो । ऋणले नपत्तिएर बन्धकी जग्गा निखन्न नपाएको बेला भैँसी पालेर सङ्कट टार्नुपरेका बेला पटकपटक वारेण्ट पत्र आउनु र त्यसबाट आत्तिएर कास्कीका लेकतिर भैँसी, भैँडीगोठहरुमा पार्टीका निम्ति अवसर आएका पनि बराल सुनाउथे । केही समय चितवन रहेर सिलाङ, मेघालय पुग्दा युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित, दिल साहनी, राधा ज्ञवालीहरू उतै रहेको थाहा भएपनि सुरूमा भेट नभएको भन्थे बरालले । ०४६/४७ को पञ्चायत विरोधी सङ्घर्षमा गण्डकी अञ्चल वाम मोर्चाका नेतृत्व सम्हाल्दा बाम काङ्ग्रेस एकतामा जोड दिने बराल एकीकृत कम्युनिष्ट आन्दोलनका पक्षमा थिए निरन्तर । प्रगतिशील विचारका पत्रपत्रिका र लेखकका पुस्तकहरू पढ्न रुचाउँथे ।

**प्रकृति दर्शनमा रूचि आकर्षण**

प्रकृति, योग दर्शन र जडीबुटी लगायत प्राकृतिक जीवनपद्धतिमा कम मानिसका मात्र दृष्टि पुग्दछ । टेकनाथबा मानव जीवनलाई प्रकृतिसँग घनिष्ट देख्थे । पहिले मालेमावादका अपेक्षा त्यसैमा देख्थे त जीवनका उत्तरार्द्ध चरणमा खानपिन, भोजनादि नियमित योग साधनातर्फको चासो समेत पाउँथ्यौं हामी । प्राकृतिक चिकित्सातर्फ रुचि आकर्षण र क्रियाशीलता देखिने बराल बाले प्राकृतिक शक्ति, सामर्थ्यसामु मानव निरीहताका घतलाग्दा रहस्य समेत उजागर गर्न थालेका थिए ।

**प्रलेस, गण्डकी साहित्य सङ्गम आदिका अभिभावक बराल :**

प्रलेस, गण्डकी साहित्य सङ्गम पोखरा, साहित्य श्रृङ्खला आदि प्रगतिवादी प्रगतिशील मार्क्सवादी संघसंस्थाका शुभेच्छुक, सल्लाहकार बराल नयाँ पुस्तालाई माया गर्ने, श्रम र श्रमजीवी वर्ग पक्षधर, द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोण र तदनुरूपका व्यवहार संस्कृतिमा जोड दिने पोखराका थोरैमध्ये एक मानिन्थे । मार्क्सवादी जनपक्षीय व्यक्ति र शंक्तिहरू ले उनीबाट माया पाउँथे । पोखरेली प्रगतिशील संस्थाहरू का संवर्द्धनमा बरालका भूमिका विशेष देखिन्थ्यो ।

**क्रान्तिकारी विचार, राजनीतिलाई समर्थन**

बनारसमै छात्र परिषद्का सचिव पदको नेतृत्वमा रहेर पार्टीका सेल, एरिया, जिल्ला सङ्गठनहरू परिचालनमा जेलसमेत परेका बराल २०३६ को जनमत सङ्ग्रहका परिणाम र आममाफी पछि गण्डकी धौलागिरीका बस्तीहरुमा परिचित मानिन्छन् । २०५२ देखि मुलुकमा जनयुद्ध शुरू भयो । पोखराका बुद्धिजीवीहरू उहाँको भिन्न र एक्लो जङ्गल पाखो भित्रका बसाईँस्थलमा बेलाबखत भेटघाट, बैठक आदिका लागि जुट्थे प्रायः । पोखराबाट मेरा सम्पादन प्रकाशनमा निस्कने गण्डकी सन्देश साप्ताहिक (२०५३) र आन्दोलन पाक्षिक (२०५४) को आदरणीय सल्लाहकार पनि बराल हुनुहुन्थ्यो । वैचारिक पत्रिका बनाउनमा तोयानाथ कोइराला, टेकनाथ बराल, तिलक आचार्य आदिका सल्लाह विशेष रहेको थियो । पछि राष्ट्रिय स्वाभिमान साप्ताहिकका सल्लाहकारका भूमिका पनि विशेष मानिन्थ्यो । "क्रान्तिकारीहरू लाई उठ, जाग, देश जनता निम्ति रगत देउ, नझुक तर दुश्मनलाई झुकाउ . . . . ।" राष्ट्रिय स्वाभिमान साप्ताहिक र अन्य कतिपयद्वारा आयोजित कार्यक्रमबीच बरालबाले बोलेका र ढाडस थापेका वाक्यवाक्यका स्मरण हुन्छन् धेरैलाई । युद्धकालमा माओवादीका सल्लाहकार देख्थ्यो समाजले । स्वतन्त्र वामपन्थी तथा मानवाधिकारवादी आदरणीय नेता पनि देख्थे धेरैले । मार्क्सवाद, लेनिनवाद, माओवादी आदर्श र रूपान्तरणकाङ्क्षी इमान्दार अगुवाकारूपमास्थापितथिएबराल बा।राष्ट्रियस्वाभिमानसाप्ताहिकका सल्लाहकारका उपमाले पनि बरालबालाई क्रान्तिकारी नेताका रूपमा चिन्न सघाउँथ्यो । सङ्गतका फल मिठो मान्थे । गतिशील जीवनमा जीवन सम्भव देख्ने बराल बासँगका संगतका हरेक क्षणहरू महत्वपूर्ण मानिन्थे । देशभक्त क्रान्तिकारीहरू का क्षति हुँदाका समवेदना स्वरयुक्त माया ममतापूर्ण संरक्षण अभिव्यक्तिहरू पनि स्मरणयोग्य देखिन्छन् ।

**सांस्कृतिक रूपान्तरणमा इमान्दार व्यक्तित्व**

सामन्ती र पुरातनी संस्कार विरुद्धका धेरैजसो अभियानहरू मा हामी सँगै हुन्थ्यौं । बराल बाले हामी क्रियाशील रहेका सांस्कृतिक रूपान्तरण अभियान नेपाल पोखराका सल्लाहकार रहेर खेलेको भूमिका अविस्मरणीय छ । छोरीलाई पनि छोरासरह सम्पत्तिका हकदार बनाउने सम्भवतः नेपालकै पहिलो व्यक्तिमा उहाँ पर्नुहुन्छ । तीन छोरी, एक छोराका पिता बरालबाट बिहेपछि पनि तीनै छोरीले छोरा सरह अंश पाएका छन् । माले-मार्क्सवादी पार्टी एकीकरण भइसकेपछि मनमोहन, भरतमोहन, मदन भण्डारी आदि नेताका अनुरोधमा पार्टीमा काम गर्ने प्रस्ताव आउँदा पार्टीले आफ्नो सम्पति जिम्मा लिनुपर्ने र सम्पति पार्टीकरणका शर्त राख्ने बराल पछि महाकाली सन्धिमा देशले घुँडा टेकेपछि "महाकाली बचाऊ" नामक राष्ट्रिय जागरण आन्दोलनमा पोखराबाट नेतृत्व गर्ने सचेत देशभक्त अगुवाका रूपमा समेत परिचित छन् । विश्वप्रकाश लामिछाने र हामी त्यस संस्थामा सँगै पनि थियौं । माओवादी सशस्त्र जनयुद्ध र शाही सेनाबीचका सशस्त्र युद्धताका मानव अधिकारवादी नेताका भूमिकामा बरालबाट खेलिएका भूमिकाहरू प्रशंसनीय मानिन्छन् । बनारस बस्दाका साथी युद्धप्रसाद मिश्रमार्फत चिनिएका श्यामप्रसाद शर्मा आदिबाट प्रभावित टेकनाथ बराल बा कर्मकाण्डी विधिलाई गलत मान्थे । छुवाछुत, पूजाआजा, वर्ण व्यवस्था, स्वर्ग नर्क, छोरीको कन्यादान आदिमा उनको विश्वास थिएन । दशैँलाई शासकका विजय पर्व मान्थे भने दशैं तिहारका टीका, मनुस्मृतिका सोह्र संस्कार आदिमा विश्वास नगर्ने बराल भौतिकवादी मानिन्थे । प्रगतिशील सांस्कृतिक रुपान्तरणका पाटोमा व्यवहारतः साथी आफन्तकै सर्कलमा निरन्तर जुध्थे बराल बा । हाम्रा पिताजीका समेत साथी भएका कारण हाम्रा परिवारका असल अभिभावकजस्तै लागिरहने बरालबाबाट रूपान्तरणका सन्दर्भमा हाम्रा सिर्जनशील सन्तान संजीव कोइरालाका जिन्दगीका २७ वर्ष (२०७६) प्रकाशनमा समेत सल्लाहकारमा रहेर बरालबाबाट खेलिएका भूमिका अविस्मरणीय बनिरहने छन् । क्रान्तिकारी चेतना र मातृप्रेमी युवाका रूपमा संजीव कोइरालाप्रतिको मूल्याङ्कन सहितको जिन्दगीको सत्ताइस वर्ष (२०७६) भित्रका मर्माहत सन्दर्भ (बराल, २०७६: ८७) र सांस्कृतिक रूपान्तरणप्रतिको अन्य कतिपय प्रष्ट दृष्टिकोण आदिबाट पनि बराल बा सम्मानित आदर्श रहिरहनु हुनेछ ।

**निष्कर्ष**

समग्रमा व्यक्तिगत स्वार्थबाट माथि उठेर काम गर्ने बरालबाका भूमिगत कष्टकर पुराना दैनिन्दिनी अनुभवहरू आफैमा विशाल सङ्ग्रहहरू बन्न सक्छन् । गतिला सोच हुँदाहुँदै पनि अवसर नपाउने धेरै मध्येका देशभक्त, जनभक्त, निरन्तर परिवर्तनप्रेमी, सिद्धान्त व्यवहारमा तालमेल खोज्ने पोखरेली आदर्श चिनारी बरालबाका जीवित चिनारी हो । जनताका त्याग बलिदानीको उचित कदर नहुने राज्य परिपाटीसँग सधैँ बिमति राख्ने चेतना पुष्पलाल आदिबाट पाएको उनको अनुभव देखिन्थ्यो । भौतिक अवशान भएपनि उहाँका विचार र आदर्श व्यवहार अमर रहने विश्वास गर्न सकिन्छ ।

कुनै चरणका कुशल सङ्गठक बरालबा रूपान्तरणका स्वर र व्यवहार बीच सङ्गति भेटिन्थ्यो । जाति लिङ्गका सवालमा सोच्न बाध्य बनाउने अभिभावक सेतो र लामो कपाल दाह्री, सङ्कटमा पनि हँसिलो देखिने चमत्कारपूर्ण अनुहार, विभिन्न सङ्घसंस्थामा सँगै हुँदाका वार्तालाप, अभिव्यक्ति, सामाजिक गलत प्रवृत्तिविरुद्ध निरन्तर सोच्ने र दृढ भएर बोल्ने उभिने असल अभिभावकप्रति हार्दिक श्रद्धाअर्पण ।

**सन्दर्भ सामग्री**

कोइराला, परशुराम (२०७६), फरक अनुभव : फरक सौन्दर्य (समालोचना सङ्ग्रह, पोखरा-१४ हवेली मार्ग कास्की : मीना/संजीव कोइराला ।

कोइराला, सञ्जीव (२०७६), जिन्दगीका सत्ताइस वर्ष, तुलसीराम, तोयनाथ, सञ्जीव कोइराला स्मृति परिवार ज्याग्दी स्याङ्जाका लागि मीना र संजीव कोइराला ।

परिश्रमी, नारायण (२०७७), गुरु एक चेला अनेक, पोखरा : साहित्य श्रृङ्खला ।

(सांस्कृतिक रुपान्तरण अभियान, नेपाल पोखराका सचिव तथा नेपाल प्राध्यापक संघ केन्द्रीय सदस्य)

prkoirala2023@gmail.com

# "नाति अर्थात नआत्तिइ"

प्रतिक राज पहारी

आवाशीय विद्यालयमा पढेको हुनाले होला बाल्यकालमा कहिले काहीँ- कुनै पारिवारिक कार्यक्रम, पर्व, अथवा शैक्षिक बिदामा मात्र भेट हुन्थ्यो हजुरबासंग । तर २०७६ पछि हजुरबासंग नजिक हुने प्रसंग मिल्यो मलाई। सकेपछि कामको सिलसिलामा म पोखरा फर्किएको थिएँ ।


धैरै पछि पोखरामा फर्किएको हुनाले होला मेरा साथीहरू यहाँ पातलिइ सकेका थिए, त्यस समय मेरा साथी हुनुभयो हजुरबा । आमा र बाबा काठमाडौंमा बस्ने भएको हुनाले मेरो अभिभावक पनि हुनुभयो हजुरबा । दिउसो म काममा व्यस्त हुन्थे भने बेलुका म एक छाक खान पुग्थे मामा घर, जहाँ हजुरबा र हजुरआमा मलाई कुरिरहनु हुन्थ्यो । हामी सँगै खाना बनाएर खान्थ्यौं । हामी साथि भएका थियौं । आफ्नो अनुभव बताउदै नाति पिडी बारे हजुरबा भन्नु हुन्थ्यो "नाति अर्थात नआत्तिइ भनेको हो",। हजुरबा र म दुवै एक अर्कासँग खुसी र सुरक्षित महसुस गर्दथ्यौं ।

सेतो लामो दाह्री, चम्किला आँखा, मिठो मुस्कान अनि साधा जिवनलाई अनुसरण गर्नुभएको एक आर्दश व्यक्तित्व, राजनैतिक अभियन्ता र मानव अधिकारका संरक्षकको रुपमा बुझ्थे मैले हजुरबालाई । हजुरबासँग नजिक हुँदा उहाँका सौंचहरुसंग पनि मेरो निकटता बढ्यो, ती विचार हरू लाई पनि बुझ्ने सन्दर्भ मिल्यो मलाई । हजुरबा एक वर्गाकार प्वालमा गोलो खुट्टा हुनुहुन्थ्यो, उहाँ आफ्नो समय भन्दा अघिको सौंच राख्नुहुन्थ्यो । उहाँका विचार अत्यन्तै तार्किक र प्रगतिशील हुन्थे र कतिपय अवस्थामा हाम्रो रुढिवादी समाजले उहाँलाई बुझ्न सक्दैनथ्यो । मेरो र उहाँको विभिन्न मुद्दाहरुमा वादविवाद भैरहन्थ्यो । म उहाँको दृष्टिकोणमा विशेषगरी विकास, राजनीति, समानता र धर्म- संस्कृतिबाट प्रभावित हुन्थे । मेरा भिन्न दृष्टिकोणलाई पनि हजुरबाले सम्मान गर्नु हुन्थ्यो । नेपालको विकास, सामाजिक स्वतन्त्रता, समानता र सामाजिक न्यायका लागि उहाँ किशोर अवस्थादेखि मृत्युसम्म लडिरहनुभयो । उहाँ भन्नु हुन्थ्यो "विकास र समानता तव पूरा हुन्छ जब हुँनेखानेले जस्तै हुँदा खानेले पनि आफ्नो जीवनलाई खुसीसाथ जीउन सक्छन् ।" उहाँ धर्म- संस्कृतिको विरोधी कहिल्यै हुनुहुन्थेन, उहाँ धर्म- संस्कृतिका नाममा रहेका कुविचार र बेतिथिको खण्डन गर्नुहुन्थ्यो । "किन मन्दिरमा सबै जान नपाउने ?", 'किन अन्नलाई खेर फाल्ने ?", "किन विवाहमा छोरीलाई दानमा दिने ?" जस्ता प्रश्न उहाँ गरी रहनुहुन्थ्यो ।

"हजुरबा, यदि काल्पनिक रूपमा अवसर मिल्यो भने हजुर आफ्नो जीवनको कुन कालखण्डमा जान चहानुहुन्छ ?", भनेर मैले एक पटक हजुरबालाई प्रश्न गरेको थिए। "म जब पाँच वर्षको थिए, मलाई त्यो कालखण्डमा जान मन छ । मेरा बा-आमा जीवित हुनुहुन्थ्यो, मैले समाजका कुनै पनि विभेदहरू देखेको थिइनँ, म खुसी थिए" हजुरबाले भन्नुभयो । हजुरबा सानै हुँदा बुढा हजुरबा र बुढि हजुरआमाको निधन भएको थियो । हजुरबा कान्छो छोरा हुनुहुन्थ्यो र बा-आमा बुढेसकालमा हुँदा उहाँको जन्म भएको थियो । सम्पन्न परिवारमा जन्मियता पनि बा-आमाको निधन पश्चात सुरुमा असमानता उहाँले घरमै महसुस गर्नुभएको थियो । बुझ्ने हुँदै गएपछि, किन गोठाला दाई र हाम्रो भान्छामा फरक अन्न पाक्छन् ? किन दमाई दाई हाम्रो घरमा आउन मिल्दैन ? किन दाइहरू र भाउजुहरुमा समानता छैन ? जस्ता प्रश्नहरुले उँहालाई झक्झक्याउँदथोत्यसैलेहोलाउहाँविद्यालयमा पढ्दै गर्दा नै विभेद विरुद्ध उत्रिनुभयो ।

हजुरबाले कल्पना गरेको नेपालमा पुग्न त अझ केही समय लाग्ला, तर उहाँले र उहाँका सहयात्रीहरू ले गरेका संघर्ष र बलिदानहरू का कारण नेपालको सामाजिक र राजनीतिक क्षेत्रमा आएको परिवर्तन निक्कै उल्लेखनीय छन् र यिनै उपलब्धीहरू नै हाम्रो देशलाई विकासमा लैजाने आधारशिला हुनेछन् । वर्तमान समयमा हामीले सामान्य र सहज रुपमा लिइरहेका विषय जस्तै राजनैतिक स्वतन्त्रता, सामाजिक स्वतन्त्रता, वैचारिक स्वतन्त्रता, जातीय र लैङ्गिक क्षेत्रमा आएका सुधारहरू , अहिलेको अवस्थामा आउनलाई हजुरबा र उहाँका समकालीन नेताहरू ले अत्यन्तै कडा परिश्रम गर्नुभएको थियो । हजुरबा र उहाँका समकालीन नेता र नेत्री सबैजनालाई धैरै धैरै धन्यबाद ।

# मामा टेकनाथसँगका मेरा सम्झनाहरू



✍ तारा "पाखे"

शैशवे भ्यस्त विद्यानां
यौवने विजयैषिरागम् ।
वार्धक्के मुनिवृत्तिकां -
योगेनान्त्ये स्तनु त्यजाम् ॥
- म.क. कालिदास

यस्तो जीवन नै आदर्श जीवन हो । अर्थात् वाल्यावस्थामा विद्याको अभ्यास गर्नु, जवानीमा लोककल्याणका निम्ति दुष्ट भ्रष्टहरुविरुद्ध लडेर जीतबाजीको चाहना राख्नु तथा वृद्धावस्थामा मुनिवृत्ति लिएर अन्त्यमा योगद्वारा देह त्याग गर्नु ।

स्व. टेकनाथ बरालजीको जीवन यसरी नै बितेको हुँदा सफल मान्न सकिन्छ ।

मरणम् प्रकृति शरोरिणाम्
विकृति जीवन मुच्यते वुधै : ।

म कवि कालिदासकै सुन्दर यु कविताले शरीरधारीहरुको मृत्यु प्राकृत (प्राकृतिक) हो । बरु जीव्न पो विकृति हो । भनेझैँ हुनपनि मानवताको भाव नभएका दुष्ट अपराधीहरुको जीवनको केही अर्थ छैन । हो, टेकनाथ जस्ता महामानवहरुको जीवन राष्ट्रोन्नति, जनकल्याण र शान्ति समुन्नतिका निमित्त आवश्यक थियो तर दुर्भाग्य के छ भने यस्ता महात्माहरुका कुरा, ज्ञान, भावना समसामयिक समाजले ग्रहण गर्दैन र शुकरात, ईशा, अमर शहीदहरू झन् प्रताडनामा बली चढाइएका छन् । यद्यपी बरालजीको स्वर्गारोणलाई अल्पमृत्यु भन्न असामयिक भन्न पनि नमिल्ला तर सक्षम राजनेताहरुलाई उमेरले केही फरक पारेको छैन । यो उमेरमा पनि वहाँको सङ्घर्षशील क्रियाशीलतामा कुनै कमी थिएन । यसैले यो अपूर्णनीय क्षति भयो तर के गर्नु र ?

पाखेको जीवनको मिर्मिरे बिहानी यस्तै ५-६ वर्षको उमेर अवस्थामा नुवार, पुर्नवारी, पँधेरा, गुफा जङ्गलका सीमा पारीसम्मका विविध प्रसङ्गका भ्रमण औँला समातेर थिरथिर हुँदै तथा किशोरावस्थामा बुलौँदीका रहहरुमा पौडी खेल्दै, पुर्नवारी देखि गुफा सम्मका बगैँचाका मौसमी फलहरू बडो वात्सल्य भाव पूर्वक आफूले नखाएरै पनि खुवाउनु हुँदै यदाकदा मीठा पारिवारिक कथा वार्ता सुनाउनु भएका अविस्मरणीय अमृतमय क्षणहरुको मीठो सम्झना पौने शताब्दी सम्म पनि पाखेका मानसपटलमा ताजै छन् । यस्तो सौभाग्य नुवारे साहु परिवारमा अरुले पाएको कमसेकम पाखेका जानकारीमा छैन । यस प्रसङ्गमा आफ्नो भाग्यलाई अहोभाग्य भन्न मन लाग्छ ।

भाग्य कर्मका विषयमा विद्वानहरुमै मत भिन्नता छ । तर भाग्यवादीहरू पनि भाग्य छ भन्दैमा डोकामा दूध दुहेर अडिँदैन भन्दछन् र "कर्म गर तर फलको आशा नगर" भन्दछन् । टेकनाथजी पनि यस्तै विचार राख्नुहुन्थ्यो र नेताहरुले मुलुक सम्हाल्न नसकेकोमा ठूलो चिन्ता थियो । तर आफूले पदप्रतिष्ठा नपाएकोमा कहिल्यै कुनै गुनासो थिएन । पाखेका प्रसङ्गमा भने आजन्म वहाँको स्नेह, सद्भाव वात्सल्यभाव बिना कर्म भाग्यले नै जुराएको मान्नैपर्ला ।

लोकपरलोक, पापपुण्य, कर्मकाण्ड सम्बन्धमा उहाँको विचार र पछिल्लो समयमा रजनीश आश्रमका अनुभवहरू र मुलुकको वर्तमान दुरावस्था र यसको समाधानका सम्बन्धमा कस्तो विचार होला ? भन्ने जिज्ञासा लिएर जाँदखा वहाँले अक्सिजन लिनुभएको अवस्था पो रहेछ ।

शारीरिक रूपमा कमजोर भए तापनि वहाँको साहस र स्मरण शक्तिमा कुनै कमी थिएन । सदाबहार वहाँको जोश र जाँगर कायमै थियो । "चाँडै नै तङ्ग्रिहाल्नुहुन्छ, त्यसपछि बसौँला" भनेर बिदा भएकोमा त्यसका केही दिन पछि वहाँ बिदा पो हुनुभयो । दुर्भाग्य यसैले मृत्युको भर छैन, त्यसैले छिटो गर भनेका रहेछन्, हाम्रा पुर्खाहरुले ।

काम गर्छन् विचारेर बुद्धिमानहरू
तर दीर्घसूत्रीहरू गर्छन् विचारै मात्र केवल ।

समजीको कविताझैँ दीर्घशक्ति भएँ म । ताप्के नै नताति बौँड तातेर के काम । जीवनी तयार गर्ने सोच ? म सँग केही सामग्रीहरू स्मृतिगन्थ्रमा समेट्न लायक मानिएछन् भने सन्तोषै हुनेछ ।

संक्षिप्त समग्र जीवनी तयार गर्न गुफाका नै केही सामग्री तयार गरी गगन राष्ट्रिय दैनिकमा प्रकाशन भएका केही लेखहरू पोखराकै विविध क्षेत्रका केही वरिष्ठ व्यक्तिहरुको संक्षिप्त चर्चा समाविष्ट पाखेको रचना "कालरात्रीका दीपशिखा"मा "नेपाली कम्युनिष्ट आन्दोलनका एकल वृहस्पति टेकनाथ बराल" प्रकाशित भएपछि बराजलीका सहधर्मी, सहकर्मी विद्वा वरिष्ट अधिवक्ता तिलक पराजुलीले दिनुभएको स्याबासी पुरस्कार पाएझैँ भएको छ । उहाँसँगका धेरै प्रसङ्गमा र अन्य बाटो चौबाटो, सभा समारोहका दर्शन भेटहरुमा भएका कथा वार्ताहरुका प्रसङ्गमा आएका मूलभूत कुराहरू माध्यमिक शिक्षा २००७ सालको क्रान्तिमा सहभागिता, माध्यमिक शिक्षा र कम्युनिष्ट बन्ने प्रेरणा, तालबाराही विद्यालयका संस्थापक प्र.अ, तारचोरी काण्डमा पोखरा भिमसेनथाननेरको जेलमा नारकीय जीवन, तारेखमा रिहाई र काठमाडौं पुगेर तारेख लिनबाट मुक्ति, बनारस प्रवास र पुष्पलालसँगको सामीप्य, विद्यार्थी जीवन र पूर्णकालीन कार्यकर्ता, अर्धभूमिगत र पूर्ण भुमिगत कठोर दुःखका दिनहरु, आममाफी पछि स्वदेशकै भूमिगत, अर्धभूमिगत जीवन, गुफामै नेताहरुलाई दिनुभएको संरक्षण, राजनैतिक, शैक्षिक क्षेत्रका संघर्षहरुमा साथ सहयोग दलित उद्धारमा अनुकरणीय, उदाहरणीय योगदान, सम्पत्तिको बाँडफाँडमा सबैमा समानता, प्राकृतिक चिकित्सा, जडीबुटी ज्ञान र निःशुल्क उपचार सेवा, जीवनचर्या, सिद्धान्त निष्ठा, पारिवारिक पृष्ठभूमि, पारिवारिक दुःख सुखका कथा वार्ताहरु, संयुक्त वाम मोर्चा र नेपाली कांग्रेस लगायतका सर्वसाधारण क्रान्तिकारीहरुको अपा आस्था, विश्वासका सुयोग्य नेता २०४६ सालको क्रान्तिका सर्वोच्च नेता, यस क्षेत्रका कमाण्डरको भूमिकामा रहनुहुँदाका गतिविधि, दक्षता जस्ता पक्षहरुमा सम्बन्धित सहयात्रीहरुकै सल्लाह मार्ग दर्शनमा स्मृति ग्रन्थ तयार गर्न टेकनाथ प्रति स्नेह सद्भाव राख्नुहुने, सक्षम विद्वानहरुकै मार्गदर्शन, कार्यसम्पादनका निमित्त १२ गतेको विशेषांक लोकार्पण कार्यक्रमको समारोहकै सुअवसरमा स्मृति ग्रन्थ सम्पदान प्रकाशन समितिका साथै स्मृति प्रतिष्ठान, स्मृति पुस्तकालय निर्माण जस्ता टेकनाथ प्रति कृतज्ञता प्रकट हुने र समाजले सेवा पाउने कामहरुको थालनी गर्नुपर्ला ।

वहाँका आदर्श कल्पना, योजना पूरा गर्न त राज्य नै लाग्दा पनि समय लाग्दछ र छोटै समयमा थोरै सामग्री र प्रयासले पूरा गर्न सकिने, धेरै अघि सुरु गरी केही निर्माण सागम्री समेत जुटाइसक्नुभएको अधुरो योजना परिकल्पना पूरा गर्नेतिर अब सबैले सोच्नै पर्ला ।

अत्याधुनिक प्रविधि, विद्युतीय उपकरणहरु, श्रव्य दृश्य, पाठ्यसामग्री सहितको स्तरीय, सुविधा सम्पन्न आवास सहितको पुर्खाको गौरवमय पावन तपस्थली, स्वयं टेकनाथजीकै "लोकतान्त्रिक समाजवादी गणतन्त्र" स्थापनाका निमित्त तथा अन्य स्थान निर्माण आदि हामीले गर्न सकिने कामका निमित्त आवश्यक जमिन परिवारद्वारा प्राप्त हुनेमा पूर्ण विश्वास लिन सकिन्छ ।

विपी र पुष्पलाल महामानवद्वयबीच थोरै कुराले मिल्न नसकेको संयुक्त जनआन्दोलनको अभियान गणेशमान, मनमोहनजीहरुको

- बाँकी पृष्ठ ङ मा

# टेकनाथसँगको दोश्रो जम्काभेट

✍ मोहन बहादुर के.सी.

वि.सं.२०२१ सालको कुरा हो । मैले र रामशरणले भारत जाने काम गर्दै पढ्ने । एम.ए.पास गरी घर फर्कने सोच बनायौँ । गन्तव्य स्थानको टुङ्गो गरेनौँ । कसैलाई सुइको नदिई भागेर प्रस्तान गऱ्यौ । प्रा.वि.मा पढाउँदा जम्मा गरेको रकम लिएर २०२१ साल असार ९ गते भारत तिर लाग्यौँ । ११ गते पाल्पाको स्यानी उकाली पार गरी ठूली उकाली चढ्ने प्रस्थान विन्दुमा खोला रहेछ । त्यही खोलामा दुवैले जनै झिकेर काली नदीमा पुगोस् भनी बगायौँ । विदेश हिँड्दा बाटामा छुत अछुतले पकाएको खानु पर्ने । घर फर्के पछि पतिका गरी जनै भिरौँला भन्य ठान्यौँ । हामी दुवैमा द्वन्द्वात्मक भौतिकवादी चेतना थिएन ।

ठुली उकाली चढ्दै गर्दा कटेरो जस्तो घर भित्र दुई जना मानिस बसेको देख्यौँ । त्यही कटेरोमा हामी पनि भात खान पाइन्छ कि भनी पस्यौ । घरवालाले भात खान दिने मन्जुर गरे । हामी त्यहीँ बस्यौँ । हामी चार जना बीच सुक्ष्म चिनजानी भयो । मैले २०२० सालमा कास्कीको बाराही हाइस्कुलमा शिक्षक तालिमको प्राक्टिकल कक्षा पढाउँथेँ । त्यसै अवधिमा बैदामको प्राइमरी स्कुलका प्र.अं. टेकनाथ बरालसँग परिचय भयो । हामीले २०२१ सालसम्म एकअर्कोलाई बिर्सिसकेका रहेछौँ । भोलिपल्ट केराबारीमा बिहानको खाना खान लाग्दा टेकनाथ बरालले टोपी झिकेर गुन्द्रीमा राखी खान थाल्नुभयो । प्रस्थान गर्दा टोपी बिर्सनु भएछ । बुटवल पुगे पछि टोपी बिर्सेको थाहा लाग्यो । फर्केर लिन जाने अवस्था थिएन ।

यात्रामा हामीले एकअर्कोलाई गन्तव्य स्थान र उद्देश्यबारे सोधपुछ गरे पनि यथार्थ बताएनौँ । पाल्पा जाने भन्यौँ । त्यसपछि बुटवल जाने भन्दै हिँडेर गोरखपुर पुग्यौँ । त्यहाँ मैले टेकनाथजीलाई सोध्दा बनारस जाने भन्नु भयो । मैले हाम्रो यात्राको पोथ पात्रो खोलेँ । चारै जना बनारस पुगी दुधविनायकको नेपाली धर्मशालाको एक कोठामा बस्यौँ । कोठामा चार दराज र चार खाट राखिएको थियो । भान्सा एउटै भयो । एक दिन बरालजी र म पुष्पलाललाई भेट्न गयौँ । भेट वार्ताबाट परेका प्रभावका कारण हामी दुवैले कास्कीका बलराम मार्फत नेपाल कम्युनिष्ट पार्टीको सदस्यता लिन निवेदन दियौँ ।

हामीले बलरामको सहयोगमा सन १९६४ मा उत्तर प्रदेश बोर्डको हाइ स्कुल परीक्षा दिन फारम पेस गऱ्यौँ । परीक्षा दिने बेला टेकनाथ र म मात्र भेट भयौँ । ने.क.पा.ले हामी दुवैलाई वि.स. २०२१/६/२० गते नेपाल कम्युनिष्ट पार्टीको सदस्यता दिने निर्णय गरेको रहेछ । हामीलाई पुष्पलालले सदस्यताको प्रमाण प्रदान गर्नुभयो । त्यही दिनदेखि हामी नेकपाको नागरिक बन्यौँ ।

२०२२ सालमा वहाँ नेकपा कास्कीको र म स्याङ्गजा जिल्ला कमिटीको सदस्य थियौँ । वहाँ कम्युनिष्ट पार्टीको सक्रिय सदस्य रहुन्जेल हामी एउटै पार्टीमा काम गऱ्यौँ । हाम्रो बारम्बार भेट हुन्थ्यो । २०२४ साल देखि मैले काठमाण्डौमा पार्टीको ट्रेड युनियनको जिम्मा लिएर काम गर्न थालेँ । वहाँले गण्डकी अञ्चल भित्र काम गर्नुभयो । हामीले जहाँ काम गरे पनि एक आपसमा पार्टीका अनुभव साटासाट गर्दथ्यौँ । काठमाण्डौमा आउँदा वहाँ म सँग र म पोखरा जाँदा वहाँसँग म बस्ने गर्दथ्यौँ । सम्बन्धित स्थानमा आफ्नै छोरा, छोरी ज्वाइँ हुँदा पनि उनीहरू सँग भन्दा बढी हामी दुई सँगै बस्दथ्यौँ । बैदामको कुटीमा बस्दा वहाँ भैँसीलाई घाँस हाल्ने, गोबर सोहोर्ने र दुध दुहुने, मैले घर बडार्ने, खाना बनाउने, दही मथ्ने गर्दथ्यौँ ।

मृदुभाषी, जुनसुकै जात लिङ्ग, बर्णको मानिसलाई पनि एकैनासको आदरार्थी शश्दले सम्बोधन गर्ने, आर्थिक रुपले पछि परेका, हेपिएका, अवसर नपाएका पिछडिएका लागी सक्दो सहयोग गर्ने । कहिल्यै कसैसँग ढाँटेर नबोल्ने । लवाई खुवाइमा कहिल्यै तडक भडक नदेखाउने । मेरो ६० वर्षको संगतमा वहाँ बाहेक मैले मन खोलेर कुरा गर्ने, आत्मियता पोख्ने, मनका गुम्सिएका भावना पोख्न, मेरो अर्को कोही थिएयन र सायद वहाँका लागि पनि म बाहेक अरु कोही थिएन । हामी दुवै यसै भन्दथ्यौँ । हाम्रो सम्बन्ध अरुले त महसुस गर्ने मात्र हो ।

हाम्रो स्वभाव मिल्दथ्यो । हामी विद्रोही स्वभावका थियैं । अन्याय अत्याचारका विरुद्ध जाई लाग्दथ्यौँ । बाहुनको छोराले २०१८/१९ सालतिरै स्याङ्गजाको भुम्रेमा संस्कृत पाठशालामा पढाउँदा कामी दमैका छोरालाई पाठशालामा पढ्न प्रवेश दिनु भयो । त्यहाँको समाज संकीर्ण थियो । अछुतलाई भर्ना गरे बापत व्यवस्थापन समितिले स्कुलबाट वहाँलाई अवकाश दियो ।

वहाँले २०२० कै दशकमा छोरीलाई पनि अंश दिन वकालत गर्नुभयो । कानुनी व्यवस्था थिउन । सरकारी निकायसँग लडेर छोरीहरुलाई केही अंश दिलाउन सफल हुनु भयो । गैर सरकारी संस्थाले सम्मान गऱ्यो ।

२०२९ सालमा पर्वतको चुहा नाउँबाट चिनिने काण्ड भयो । खपि नसक्नु ब्याज लिएर गरिबमाथि शोषण गर्ने अनन्तलालको घरमा वारदात गर्ने निर्णय भयो । निजले चर्को ब्याज लिने गरेकाले तमसुक जलाउने । सुन चाँदी र नगद प्राप्त भएमा पार्टीको काममा खर्च गर्ने भनी नेकपाको स्थानीय कमिटीले वारदात गर्ने योजना बनायको थियो । सो योजनाबारे टेकनाथको घरमा बैठक हुँदा वहाँ र म पार्टीको एक सदस्यको अगुवाइमा अन्य अनुभवी व्यक्ति राखी वारदात गर्ने । त्यस्तालाई प्राप्त रकमको केही प्रतिशत दिने भनेका थियौँ । तर बहुमतले सबै पार्टीकै कामरेडहरुबाट वारदात गर्ने भनी निर्णय गऱ्यो । जस्का कारण पार्टीलाई धेरै क्षति भयो । हाम्रो सल्लाह मानेको भय त्यति क्षति हुने थिएन ।



बरालले नेपालको प्रजातान्त्रिक र कम्युनिष्ट आन्दोलनमा जीवन अर्पण गर्नु भयो । शिक्षक भएर ३।४ बर्ष बाहेक पेसागत क्षेत्रमा काम गर्नु भयो । कमाइ गर्ने काममा लाग्नु भएन । जीवन जनताको लागी निस्वार्थ र निशुल्क सेवामा विताउनु भयो । वहाँले कम्युनिष्ट पार्टिमा भूमिगत काम गर्ने मनमोहन अधिकारी, मोहन विक्रम सिंह, बलराम उपाध्याय, हिक्मत सिह, विष्णु बहादुर मानन्धर, कृष्णराज बर्मा लगायत माओवादी समेतका धेरैलाई सेल्टर दिनु भयो । सामन्तवादी र दलाल पूजिवादी सामु कहिल्यै झुक्नु भएन ।

वहाँका एक छोरा र तिन छोरी वहाँकै आदर्शबाट प्रेरित भएर कम्युनिष्ट बने । गाई प्राणीको रुपमा रहेकी श्रीमती प्रति वहान्को अदृश्य माया थियो । वहाँले कहिल्यै कसैलाई देखावटी माया गर्नु भएन । आफ्ना र नचिनेका सबैको भलो चिताएरै हामीसँग बिदा लिनु भयो । एक वर्ष भयो भेट नभएको । तपाईले यस धरतीमा अन्तिम दिन थपेको माटोमा म पनि विलिन भए भने हाम्रो अवश्य भेट होला ! तपाइ सबैका लागि अनुकरणीय हुनुहुन्छ ।

# सतिसाल जस्तो व्यक्तित्व- टेकनाथ बराल

✍ प्रा.डा. भरतराज पहारी



१
सेतै फुलेको कपाल, छातिसम्म झुलेका सेतै दारी जुँङ्गाहरु,
अनुहारमा उज्यालो आभा, अभिव्यक्तिमा पूर्णविश्वास,
उच्च तार्किक क्षमताका धनी, गह्रौ र गंभीर व्यक्तित्व,
सम्मान र मर्यादाका प्रतिक- युगपुरुष-टेकनाथ बराल ।

२
सामाजिक न्यायको पक्षमा, जनअधिकारको पक्षमा,
मानवाधिकारको पक्षमा अविचलित र अविश्रान्त योद्धा,
विद्यमान कुरीति र विभेदका विरुद्ध उभिने सतिसाल,
सुस्पष्ट व्यवहार र आचरणका धनी- टेकनाथ बराल ।

३
सादा जीवन उच्च विचारको आदर्श बोकेका,
परिवर्तनको पक्षमा सतिसाल झै उभिने,
जनताका वेदना र सुस्केराका साथि,
निरन्तर संघर्षशील योद्धा -टेकनाथ बराल ।

४
कुनै स्वार्थ छैन, महत्वाकाङ्क्षा छैन,
आशक्ति, लोभ र मोह त पटक्कै छैन,
हरेकको झोलीमा चेतना भर्दै गतिशील,
आदर्शपुरुष र सन्त योगी- टेकनाथ बराल ।

५
बाल्यकाल देखि सङ्घर्षको गाथा बोकेका,
श्रमको फूलबारीमा रमाएका,
निरङ्कुशताको विरुद्ध जागृत भएका,
स्वाधीनता,न्याय र समानताका पक्षपाती-टेकनाथ बराल ।

६
ठालुहरू को हैकम उनलाई सह्य भएन,
तिनको हित गर्ने कुरीति र कुसंस्कार मन परेन,
नविन संस्कृति निर्माणमा समर्पित भैरहे,
अग्रगामी सौँचका धनी-टेकनाथ बराल ।

७
स्वाधिनताको हुँकारबाट कम्पन सृजना गर्दै,
न्याय र स्वतन्त्रताको गुञ्जन तरङ्गीत गर्दै,
गाउँ, वस्ति, पहाड र कन्धराहरू मा,
जागरणको अभियन्ता-टेकनाथ बराल ।

८
आतातायीहरू को कहर बज्रियो,
उनिहरुले टाउकोको मुल्य तोके,
निर्वासनको जीवन जिँउनु पऱ्यो,
तै पनि जागरणको विगुल निरन्तर फुकिरहे,
अविश्रान्त यात्री-टेकनाथ बराल ।

९
दमनको दुष्चक्र चलिरहेको बेला,
साँगुरो कोठामा निस्सासिएकाहरू लाई,
एकिकृत गर्दै स्वाधीनताको सङ्घर्षमा,
सबैलाई डोऱ्याउने योद्धा-टेकनाथ बराल ।

१०
सूर्यको लालिमामा भविष्य देख्ने,
नदीको उर्लँदो भेलमा पौडी खेल्ने,
आशा,भरोशा र विश्वास सृजना गर्ने,
सतिसाल जस्तो व्यक्तित्व-टेकनाथ बराल ।

*बैदाम, पोखरा*

# मेरो स्मृतिमा सानाबा टेकनाथ बराल

✍ नारायणमणि लामिछाने

मेरो सानिमा हरिकला पौडेलको विवाह पोखरा लेकसाइड नुहारथोक, बैदाम निवासी साहुँ डण्डपाणि/तिलोत्तमा बरालको ४ छोराहरू मध्ये बि.सं. १९९६ जेष्ठ ५ गते जन्मुभएका कान्छो छोरा मेरो सानो बा टेकनाथ बरालसँग भएको थियो । हामी सानैमा सल्यान मावली घर जाँदा वा मावली घरबाट फर्कँदा कहिले काँही सानो बा सानिमाको घरमा पस्ने बस्ने समेत गर्दथ्यौं । साना बासँग त्यति भेटघाट नहुने र भेटघाट भएको बेलामा पनि साना बाले कहिले आएका हौ, कताबाट आयौ सम्म सोध्ने र सोधेको कुरा मात्र हामीले जवाफ दिने गर्दथ्यौं । दोहोरो कुरा नहुने, त्यति सारो हिमचिम नभएको अवस्था थियो ।

म सानो छदाँ मेरो बाबाले मलाई नेपाली काङ्ग्रेसका नेताहरू केशवराज रेग्मी, धिरबहादुर गुरुङ, करुणानिधि कोइराला, लिलाभक्त आचार्य, खेमराज पौडेल, तारानाथ रानाभाट लगायतका केही चिनेजानेका काँग्रेसी नेताहरूको घरमा पठाई तरुण पत्रिका लिन पठाउने गर्नुहुन्थ्यो र बाबाकै निर्देशन अनुरुप उक्त पत्रिका कसैले नदेख्ने गरी मैले लुकाएर ल्याउनु पर्दथ्यो । कहिलेकाँही पत्रिका लिएर आउँदा बाबा घरमा भेट नहुने र २/४ दिन सम्म घरमै नआउने अवस्था समेत रहन्थ्यो । त्यतिखेर मैले पनि उक्त पत्रिका कसैले नदेख्ने गरी पढ्दथे । यसरी मेमा सानै ९/१० वर्षको उमेरमै बिस्तारै राजनीतिक चेतना वृद्धि हुँदै गएको थियो । त्यतिबेला प्रतिबन्धित रहेको नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टीबारे मैले बिस्तारै बिस्तारै बुझ्न थालिसकेको थिएँ । सानो बाको बारेमा बिस्तारै बुझ्दै जाँदा सायद मेरो बाले नै भने अनुसार उहाँ शुरुमा लामै समयसम्म नेपाली काङ्ग्रेसप्रति प्रतिबद्ध भई काम गर्नु भएको कारणले तात्कालिन पञ्चायती शासकको आँखामा तारो बन्नु भएपछि सोबाट बच्न उहाँ बनारसतिर लाग्नु भएको र बनारसमा बस्दा रहँदा वामपन्थी नेता पुष्पलालसँगको सम्पर्क र सम्बन्ध हुँदै जाँदा खरो बामपन्थी नेताको रुपमा उदाउनु भएको रहेछ । यसरी सानो बा/सानिमाको घरमा जाँदा सानिमाको कहिल्यै फुर्सद भएको नदेख्ने, सधैं काममा व्यस्त र सानो बा पनि काम मै व्यस्त भएको देख्दथेँ ।

सानिमा प्राय हाम्रो घरमा आउने जाने र हाम्रो आमासँग अलि बढी घरायसी दुःखका कुरा तथा बेदनाहरू पोख्नु हुन्थ्यो । पछि बुझ्दै जाँदा सानो बा त खरो ठुलो वामपन्थी नेता हुनुभएको र देशका सबै धनी गरिब बराबर हुनु, गरिबले मात्र काम गर्ने होइन सबैले काम गर्नुपर्छ, कोही ठुलो मान्छे हुँदैन, आफ्नो काम आँफैले गर्नुपर्छ/सिक्नुपर्छ, अनाहकमा अनावश्यक रुपमा खर्च गर्न हुँदैन भन्ने महान सोच भएको कारणले नै साना बा अनि घरका सबै परिवारले घरको काम गर्नुभएको रहेछ । सानो बा त्यति धैरै हामीसँग हेलमेल नभएको पाउँदा वा हामीलाई जति माया ममता देखाउनु पर्ने हो त्यति नदेखाएको कारण सानो बाको घरमा हाम्रो आवत जावत पनि बिस्तारै काम हुँदै गयो । बरु त्यसको सट्टा हाम्रो कान्छो सानो बा/सानिमा इन्द्रप्रसाद/लक्ष्मी अधिकारी (स्व. रविन्द्र अधिकारीको बा आमा) बर भञ्ज्याङ, गैह्रेगाउँ बढी आउने जाने गर्न थाल्यौं । यसै कारण गैह्रेगाउँ साना बा/सानिमा र भाइ बहिनीको तुलनामा बैदाम सानो बा र भाई बहिनीहरुसँग त्यति धैरै हिमचिम सानो उमेरमा हुन सकेन । आवत जावत पनि विस्तारै कम हुँदै जान थाल्यो ।

म पनि ठुलो हुँदै गए, बुझ्दै गएँ । सानो बा त कास्की जिल्लाको मात्र होइन पश्चिमाञ्चल क्षेत्र/गण्डकी प्रदेशकै एक किसिमले भन्ने हो भने देशकै उच्चकोटीको आदर्शवादी वामपन्थी नेता हुनुभएको रहेछ । सच्चा बामपन्थी भएकै कारण छोरा छोरी बराबर हुनु, छोरीहरुले पनि बा आमा तर्फको सम्पत्ति पाउनु पर्छ भन्ने महान सकारात्मक सोचले नै सानिमा र भाइ विद्या बरालको समेत सहमति लिएर सम्पत्तिको केही हिस्सा छोरीहरुलाई अंशको रुपमा दिनुभएको थियो । त्यतिखेर सायद कुनै वामपन्थी/प्रजातन्त्रवादी नेताहरुले गर्न नसकेको कार्य उहाँले गर्नुभएको र भाइ विद्याले पनि सहजरुपमा स्वीकार गरेको कुरा त्यतिखेर निकै चर्चा र प्रशंसाको विषय रहेको थियो । देशको राजनीतिक परिवर्तनमा उहाँको ठुलो योगदान रहेको थियो ।

प्रजातन्त्र तथा गणतन्त्र स्थापनाका लागि पञ्चायति तानाशाही व्यवस्था तथा राजा ज्ञानेन्द्रको शाही शासनकालको बिरोधमा पटकपटक जेलयात्रा गर्नुभयो । २०४६/०४७ को पञ्चायत बिरोधी आन्दोलनमा गण्डकी अञ्चलको वाम मोर्चा तथा बाममोर्चा र प्रजातन्त्रवादीहरुको संयुक्त आन्दोलनको अध्यक्ष समेत भई नेतृत्वदायी भुमिका निभाउनु भएको थियो । चाहेको भए देशको मन्त्री तथा ठुला ठुला राजनीतिक पदमा नियुक्ति हुनसक्ने हैसियत भएको उहाँले कहिल्यै कुनै लाभको पदमा बस्न रुचाउनु भएन, लोभ गर्नुभएन ।

देशमा बिभिन्न गुट उप-गुटमा रहेका बामपन्थीहरुलाई एउटै छातामुनि ल्याउन हर प्रयत्न गर्नुभयो । सानो बा अत्यन्त हक्की, कसैसँग झुक्न नजान्ने, गलत कार्यसँग कहिल्यै सम्फौता नगर्ने आदर्शवादी स्वाभिमानी नेता हुनुहुन्थ्यो । क्षणिक लाभका लागि आफ्नो सिद्धान्त र आदर्शमा कहिल्यै कोहीसँग सम्झौता गर्नुभएन । तर सत्तालाई अर्जुन दृष्टि देख्ने, विभिन्न गुट उप-गुटमा रहेका वामपन्थी दलहरू मध्ये ठूला दलका नेताहरुको अहमुका कारण वामपन्थी दलहरुलाई एकजुट गर्न नसकेको तथा वामपन्थीहरुको सत्तामुखी व्यवहार देखेर साना बा सक्रिय वामपन्थी राजनीतिवाट अलि पर रही अन्तर्राष्ट्रिय/राष्ट्रिय स्तरको मानवाधिकार संस्थासँग आबद्ध हुनुभयो । उहाँको त्याग तपस्यालाई सम्मान र उच्च मूल्याङ्कन गर्दै मानवाधिकार संस्थाले उहाँलाई इन्सेक मानवाधिकार वर्षको पुरस्कारवाट समेत सम्मानित गऱ्यो । हामी सबैको गर्वको विषय रह्यो ।

देशमा भएको परिवर्तन २०४६/०४७ को आन्दोलन विशेष गरी ०५५/०५६ सालदेखि हामीहरू सानो बाको घरमा आउने जाने क्रम अलि बढी नै रह्यो । सानो बा तथा भाइ बहिनीहरुसँग विशेष हिमचिम बढ्न थाल्यो । हाम्रो हरेक पारिवारिक कार्यक्रम तथा चाडपर्व विवाह व्रतबन्ध तथा त्यस्तै किसिमका सामाजिक तथा धार्मिक कार्यहरुमा हाम्रो आवत जावत बाक्लिन थाल्यो । पारिवारिक सम्बन्धहरू सुदृढ हुन थाले । यसै सिलसिलामा सानिमा तथा भाइ विद्यासँग सँगै एउटै घरमा बसिरखेको सानो बा एक्कासी २०७६/०७७ सालदेखि छुट्टै बस्न आफूलाई उपयुक्त सम्झेर करिब ३ वर्षसम्म पोखरा ओशो केन्द्रमा गई बस्न थाल्नुभयो । सानो बुबाको ओशो केन्द्रमा बसाई भएपछि म मेरो परिवार र विशेष गरी भाई राजेन्द्रमणि लामिछाने र परिवारको निकै आवत जावत भएको थियो । कहिले हामीहरू मात्रै, कहिले सानो बुबाको छोरा छोरी, भाइ बहिनीहरु, ज्वाइँ भरत पहारी तथा मामा डण्डराज पौडेलसँगै उहाँको आशिर्वाद तथा ज्ञानगुणका कुरा लिन/सुन्न बेला बेलामा ओशो केन्द्रमा भेट्न गइराख्थ्यौं ।


कहिलेकाँही साधारण बिरामी हुनुहुन्थ्यो केही औषधी मुलो गरेपछि सञ्चो हुने गर्दथ्यो । बिस्तारै बुद्धयौलीपन सानो बासँग पनि देखिन थाल्यो, जुन प्राकृतिक नियम थियो । बिस्तारै सानोबा ए एक्कासी बिर मी पर्नुभयो । मणिपालमा उपचार क्रममा भाइ विद्या लगायत बहिनी शोभा, प्रभा र ज्वाइँ भरत, हरी निकै खट्नुभयो । साना बाको उपचार राम्रोसँग भयो एक किसिमले बिरामीबाट मुक्त पनि हुनुभएको थियो । उपचार पश्चात अस्पतालबाट घर ल्याउने काम भयो । तर विधिको लिला साना बा दोश्रो पटक फेरी बिरामी हुनुभयो । उपचारको क्रममा फेरी मणिपाल अस्पतालमा लाने काम भयो बिस्तारै निको हुँदै गईरहेको अनुभव भइरहेको थियो । तर एक्कासी भाद्र ११ गते राति सानो बा पूर्णरुपमा बेहोस हुनुभयो । डाक्टरहरुले हर प्रयास गर्दा पनि सानो बा होसमा आउन सक्नुभएन । अन्तमा बेहोसै रहेको अबवस्थामा मिति २०८० साल भाद्र १२ गते बिहान ८५ वर्षको उमेरमा सानो बा यस संसारमा रहनु भएन, देह त्याग गर्नुभयो सदा सदाको लागि, यस धर्तीबाट बिदा हुनुभयो । हामी सबै किंकर्तव्यबिमूख भयौं ।

एउटा सच्चा देशभक्त, महान योद्धा, मानवाधिकारवादी महान नेता हामीले मात्र होइन देशले गुमाउन पुग्यो । अहिले सानो बा हाम्रो साथ नरहेको पनि एक वर्ष भयो । प्रजातन्त्र र गणतन्त्र स्थापना तथा मानवाधिकार क्षेत्रमा उहाँले पुऱ्याएको योगदान प्रजातन्त्र र गणतन्त्र स्थापनाका लागि गरेको त्याग, संघर्ष, राष्ट्रवादी सोच र चिन्तन तथा उहाँले गरेका हरेक सत्कार्यलाई देश र जनताले सधैं सम्भिराख्नेछ । उहाँको भौतिक शरीर यस संसारमा नरहे पनि देश र जनताले चिर कालसम्म उहाँलाई सम्फिराख्नेछ, सधैं अमर रहनु हुनेछ ।

आदर्शवादी सच्चा देशभक्त साना बा प्रति हाम्रो सलाम छ/गौरव लाग्दछ । अन्तमा देश र जनतालाई पुऱ्याएको योगदानलाई उच्च मूल्यांकन गर्दै उहाँले गरेका हरेक सत्कार्यको अनुसरण हामीले गर्नसक्यौं भने उहाँप्रति सच्चा श्रद्धाञ्जली त्यही हुनेछ । वर्ष दिन पुगेको उपलक्ष्यमा सानो बाप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली । जय-नेपाल ।

# मानव अधिकार अभियानका प्रेरणा : टेकनाथ बराल

✍ शिवप्रसाद खकुरेल



म इन्सेक अभियानमा आबद्ध भएको करिब तीन दशक भयो । सुरुका झण्डै डेढ दशक इन्सेकको तत्कालीन मध्यमाञ्चल क्षेत्रीय कार्यालय र बीचमा केही समय केन्द्रीय कार्यालयमा रहेर काम गरे । २०६७ मंसिर २ गतेबाट मलाई केन्द्रीय कार्यालयले तत्कालीन पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको संयोजकको जिम्मेवारी दियो । सो जिम्मेवारी वहन गर्ने क्रममा मलाई कता कता नयाँ ठाउँ, नयाँ जिम्मेवारी कसरी सम्हाल्ने असजिलो, अप्ठ्यारोजस्तो लागेको थियो । प्राप्त जिम्मेवारीलाई कुशलता पूर्वक पुरा गर्ने अठोटका साथ म तोकिएको समयमा पोखरा आए । तत्कालीन सशस्त्र द्वन्द्वका बेला २०६१ सालमा टेकनाथ बराल, विश्वकल्याण पराजुली, नवदत्त ढुंगाना, रामप्रसाद घिमिरे, खगराज अधिकारी, इन्सेकका संयोजक सोमराज थापा लगायतका व्यक्तिहरू को सक्रियतामा शान्तिका लागि नागरिक समाजको सञ्जाल गठन भएको थियो । त्यसको सचिवालय इन्सेकमा थियो । मेरो पोखरा आगमनपछि लगत्तै मलाई स्वागत गर्न टेकनाथ बराल अफिसमा आउनुभयो । पोखरा र यस क्षेत्रकै समग्र मानव अधिकारको अवस्था नागरिक समाजले खेलिरहेको भूमिका बारेमा जानकारी गराउनुभयो । मानवअधिकार अभियानका हरेक पक्षमा मलाई भरपुर सघाउने, आट ,भरोसा र आश्वासन पनि उहाँले दिनुभयो । अनि तत्कालै संजालको बैठक राख्न भन्नुभयो । मैले पनि संजालको बैठक राखे । सबै नागरिक अग्रजहरुसँग परिचित भएँ । सबैलाई मैले मेरो अभिभावकको रुपमा पाएँ । सबैले इन्सेकलाई औधी माया मान्नु हुँदोरहेछ । यसबाट मलाई यस क्षेत्रमा काम गर्ने झन आँट र हौसला प्राप्त भयो ।

टेकनाथ बराललाई सबैले दाजु भन्नु हुँदो रहेछ । मैले पनि दाजु नै सम्बोधन गर्न सहज ठाने र दाजु नै भन्न थाले ।

उहाँ सधैं जसो इन्सेकमा आउने कतै मानवअधिकार सम्बन्धी कार्यक्रम हुँदा इन्सेक सँगै उहाँलाई पनि वरिष्ठ मानवअधिकारकर्मीको सम्बोधनबाट पत्र इन्सेकमै आउने गर्दो रहेछ । अनि कार्यक्रमको निमन्त्रणाको बारेमा जानकारी गराउँथे । उहाँ सधैं जसो इन्सेकमै आउन हुन्थ्यो र हामीलाई काममा अभिप्रेरित गरिरहनु हुन्थ्यो । हामी हरेक कार्यक्रममासँगै नै जाने गर्थ्यौं । उहाँलाई स्टेजमा बस्न आमन्त्रण गरिन्थ्यो । अनि मलाई नै मञ्चमा गएर बस्न बस्न भन्नु हुन्थ्यो । तपाईलाई बोलाएको छ तपाई गएर आसन ग्रहण गर्नुस भन्थेँ अनि त्यहाँ गएर मलाई पनि सम्बोधन गर्न लगाउनु हुन्थ्यो र मलाई पनि अगाडी मञ्चमा बस्न बाध्य बनाउनु हुन्थ्यो । विशेषगरी संविधान सभाको निर्वाचन र संविधान सभाबाट मानवअधिकार मैत्री संविधान निर्माणका लागि सधैंजसो गरिने खबरदारीको नेतृत्व उहाँले नै गर्नु भएको थियो । चाहे त्यो पार्टी कार्यालयमा बसिएको धर्ना होस्, प्रेश विज्ञप्ती प्रकाशन होस्, पृथ्वीचोकमा बसिएका धर्ना, बहस अन्तरक्रिया सबैमा उहाँको अग्रणी भूमिका थियो । निर्वाचनको पर्यवेक्षणका लागि उहाँले नियोकको प्रदेश नेतृत्व पनि लिनु भयो । हरेक निर्वाचनमा पर्यवेक्षण गर्न उहाँको नेतृत्व रहने गर्थ्यौं । उहाँलाई अग्रपंक्तिमा देखेपछि आन्दोलनरत पक्षले मानवअधिकार उल्लङ्घन हुँदैन भन्ने भरोसा ठान्थे । समाजमा रहेका सबैखाले बिभेदका विरुद्ध खासगरी महिला माथि हुने बिभेद र जातिय विभेद विरुद्ध उहाँ सधैं आवाज बुलन्द गरिरहनु हुन्थ्यो । यसैकारण पनि उहाँलाई इन्सेकले वरिष्ठ मानवअधिकारकर्मीका रूपमा २०६१ सालमा प्रकाश मानवअधिकार पुरस्कारबाट सम्मानित गरेको थियो । सादा जीवन उच्च विचारका धनी टेकनाथ बराल मेरो लागि मानवअधिकारको विश्वविद्यालय नै हुनुहुन्थ्यो । वास्तवमा मैले पोखरामा भरपर्दो अभिभावकको रुपमा उहाँलाई पाएँ । कहीँ कतैबाट मानवअधिकारका विषयहरू ओझेलमा पर्न लाग्यो भने लौ है सर आवाज उठाउनु पऱ्यो, राजनैतिक दलहरुलाई खबरदारी गर्नु पऱ्यो भनेर सधैं उत्प्रेरित गराईरहनु हुन्थ्यो ।

जनताको बलिदानबाट प्राप्त संविधानमा स्थापित हक अधिकारलाई जनताले प्रभावकारी रुपमा अनुभूति गर्न नपाउँदा पछिल्लो समय उहाँमा निराशा बढेको थियो । यहाँबाट केही हुँदैन अब काठमाण्डौ गएर सबै राजनीतिक दलका नेताहरुको ध्यानाकर्षण गराउनु पऱ्यो योजना बनाउनुस् सर भनेर मलाई भनिरहनु भएको थियो । समय मिलाउने भन्दा भन्दै विभिन्न कारणले समय मिलाउन नसक्दा उहाँको त्यो चाहना भने पुरा हुन सकेन ।

मानवअधिकार अभियानका हरेक कार्यक्रमहरुमा उहाँलाई अगाडि लगाएर हिंड्न पाउँदा हामीलाई गौरव महसुस हुने गर्थ्यो । विशेषत उहाँ सामाजमा देखा परेका सबैखाले विभेदको विरुद्धमा आफुलाई उभ्याउनु हुन्थ्यो । त्यसैले पनि उहाँ मेरो प्रेरणाको स्रोत हुनुहुन्थ्यो ।

उहाँ अहिले हामी माझ हुनुहुन्न । तर उहाँले मानवअधिकारको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको हामी सदैव उच्च सम्मान व्यक्त गर्दछौं । उहाँको देहान्तबाट हामीले एक अग्रज मानव अधिकार अभिभावक गुमायौं । त्यसबाट मानवअधिकारको क्षेत्रमा अपुरणीय क्षति भएको छ ।

उहाँको भौतिक शरीर हामी माझ नभएपनि उहाँले छोडेर जानु भएको पदचाप हामी सधैं पछ्याइरहने छौं ।

स्व. टेकनाथ बराल (टेकनाथ दाजु) प्रति भावपूर्ण श्रद्धान्जली ।

शिव प्रसाद खकुरेल

## मामा.....

सुझबुझपूर्ण नेतृत्वमा केन्द्रीय तहमा हुँदा आन्तरिक सल्लाहमा टेकनाथजीको पनि अहम् भूमिका हुनुपर्दछ । केन्द्रमा गणेशमानजी सर्वमान्य कमाण्डर हुनुभएझैं यस क्षेत्रमा टेकनाथजीको सुझबुझपूर्ण कुशल नेतृत्व रहेको महान् योगदानको कदर, गुणग्राहिता, कृतज्ञता, ८-१० करोड जति लाग्ला सुरु गरौं बन्धु हो । आखिर नामै मात्र त टेकनाथको हो । सेवा त देशी विदेशी विद्वान अध्येता अनुसन्धानकर्ताका अनमोल बौद्धिक खजाना त मानवमात्रका सम्पति न हुन् । यस्तो संरचनाद्वारा अझ खासगरी महानगरीको इज्जत, प्रतिष्ठा, गौरव गरिमाको प्रमुख सम्पत्त हो नि ? यस्तो शान्त, एकान्त, प्राकृतिक छटाले परिपूर्ण अध्ययन अनुसन्धान, चिन्तन मनन, ध्यान गर्ने उपयुक्त ठाउँ विश्वमै दुर्लभ होला ? अत : यहाँकै नेतृत्व रहनुपर्छ । स्वयं पाऊकषु गरी अवलोकन गर्नुपर्ला । कारमै जान पनि बाटो छँदैछ है मेयर साहब ?

"यो एकता अझै केही समय कायम रहनु पर्दछ ।" भन्ने टेकनाथजीको सुझावको कदर भएन, नेताहरू आदर्शबाट विचलित हुन थाल्नुभएपछि दलगत राजनीतिबाट अलग्गिनु भएर साझा हुनुभयो । ५-६ वर्षको जीवनको मिमिरे बिहानीदेखि ८१ वर्ष सम्मका पौने शताब्दी कालखण्डका वात्सल्यपूर्ण स्नेह सद्भावनाका सम्फनाहरू समेटिन तँछाडमछाड गरेर घुच्याई, दपिटिरहेका र अगाडिका सीमितताले खबरदारी गर्दागर्दै पनि "स्मृति ग्रन्थमा त सबै समेटौँला नि ?" भन्दै आफै मनलाई सान्त्वना दिँदै जानी नजानि यति धृष्टता गरेकोमा सविनय क्षमाप्रार्थी छु । मातृपितृ देवो भव : को उपनिषद् शिक्षा अनुरुप सेवामा समर्पित विद्या बाबुलाई साधुवाद । दिवङ्गत आत्माप्रति सविनय श्रद्धाञ्जली । भवतु सर्व मङ्गलम् ।

# टेकनाथ बराललाई सम्झँदा

✍ विष्णु प्रसाद बराल

स्वर्गीय टेकनाथ बराल सबै वर्ग तह तप्काँसँग समन्वय र सहकार्य गरेर अगाडि बढ्नु पर्छ भन्ने मिलनसार सरल व्यक्तित्वका धनी हुनुहुन्थ्यो । कास्की जिल्लाको राजनीतिक,सामाजिक परिवर्तनका संवाहक व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले युगौदेखि हाम्रो समाजमा विद्यमान कुरीति, कुसंस्कार, हिंसा, शोषण, विभेद, दमन, दोहनलगायत सबैखाले विभेदको अन्त्य गरी मानवीय मूल्य मान्यता स्थापित गर्न जीवनको अन्तिम घडीसम्म संघर्ष गर्दै आएको कुरा सबैका सामु स्पष्ट छ ।

सामाजिक न्यायसहितको सभ्य समाज निर्माण गर्नका लागि उहाँ निरन्तर प्रयासरत रहनु भयो । नेपालमा २०५२ सालदेखि सुरु भएको माओवादी सशस्त्र द्वन्द्वले पारेको प्रभाव र त्यस बाट जनताले भोग्नुपरेको दुःख पीडाबाट समाजलाई निकास दिनका लागि पनि उहाँ सदासर्वदा दत्तचित्त भएर लागि रहनुभयो । पछिल्लो २० वर्ष उहाँसँग मैले पनि सहकार्य गर्ने अवसर पाएँ । जसबाट मलाई उहाँको अन्तरभावना र चाहना बुझ्ने अवसर मिल्यो । विशेष गरेर नेपाली समाजमा युगौंदेखि पछाडि पारिएका वर्गले भोग्नु परेको छुवाछूत विभेद, आर्थिक शोषणको बारेमा उहाँको स्पष्ट धारणा थियो ।

उहाँले औपचारिक कार्यक्रम होस् या अनौपचारिक छलफल या बहस सबै ठाउँमा विभेद र कपटचारी चिन्तन हावी भएकोले त्यस्ता तत्वको अन्त्य नभएसम्म मानवीय मूल्यमान्यता स्थापना हुदैन भन्ने तर्कपूर्ण विचारहरू प्रस्तुत गर्नुहुन्थ्यो । विकासको बाधक शोषण र विभेद हो । महिलाहरू माथि युगौंदेखिको शोषण र विभेदको अन्त्य गरेर समान भूमिकामा अगाडि बढाउन सकिएन भने समाज अपाङ्ग हुन्छ भन्ने उहाँको प्रबल धारणा थियो ।

टेकनाथ बराल राजनीतिक चेतना र सामाजिक परिवर्तनका लागि उदात्त सोच राख्ने र यसलाई व्यवहारमा उतार्न लागिपर्ने आदर्श पुरुष हुनुहुन्थ्यो । समाजमा लामो समयदेखि राजनीतिक, आर्थिक सामाजिक सांस्कृतिक र धार्मिक क्षेत्रमा भएको विभेदलाई पन्छ्याउनु उहाँको प्रमुख लक्ष्य थियो । शोषणरहित समाजको परिकल्पनालाई साकार पार्न राजनीतिक पार्टी, सामाजिक संघ संस्था र सरकारको नेतृत्वमा रहने हरेक नेतृत्ववर्ग जिम्मेवार र जवाफदेही हुनुपर्दछ भनेर उहाँले आवाज बुलन्द गर्नुहुन्थ्यो । स्थानीय तहदेखि केन्द्रसम्म सुशासन, जवाफदेहिता र आर्थिक पारदर्शिता भए मात्र जनताले सुशासनको प्रत्याभूति गर्न सक्तछन् भन्ने धारणा राख्ने उहाँ एउटा दूरदर्शी व्यक्ति हुनुहुन्थ्यो ।

उहाँ समाजमा बढेको लोभानी पापानी, व्यक्ति व्यक्तिका बीचको वैमनस्य, नेतृत्वमा सत्ताकै हानथाप जस्ता विद्यमान अवस्था बारे अत्यन्तै चिन्तित हुनुहुन्थ्यो । त्यसैले उहाँले जीवनको अन्तिम कालसम्म मानवअधिकारको स्थापनाका लागि सक्रिय रुपमा बहस चलाई रहनुभयो । उहाँजस्ता निर्भिक र उदार हृदयका सत्पुरुषको अवसानले समाजमा एउटा असल अभिभावकको अभाव खट्किरहेको छ । उहाँको भौतिक कलेवर हामीसामु नभए पनि उहाँले समतामूलक समाज निर्माणको खाका कोरेर महाप्रस्थानमा लाग्नुभएको छ । उहाँका सपनालाई साकार पार्न सकेमा उहाँप्रतिको सच्चा श्रद्धाञ्जलि हुनेछ । यो हाम्रो कर्तव्य पनि हो । उहाँको स्मरणमा आयोजित प्रथम बार्षिक स्मृति कार्यक्रमको अवसरमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु ।

अध्यक्ष, सृजना विकास केन्द्र, पोखरा